स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश

प्रस्तावना : श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू राख्न वा हेरफेर गर्न तथा राजश्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन समेत गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "आर्थिक अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भन्सार महसुल** : (१) विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइने र असुलउपर गरिनेछ ।

(२) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने माल वस्तुहरुमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असुलउपर गरिनेछ ।

३. **भन्सार सेवा दस्तुर** : नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी वापत पाँच सय रुपैयाँ र पैठारी वापत पचास रुपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असुलउपर गरिनेछ ।

तर निकासी महसुल लाग्ने मालवस्तुहरु, कुटनैतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने मालवस्तुहरु तथा महसुल तिरी अस्थायी पैठारी हुने मालवस्तुहरु र पाँचहजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुहरुमा यो दस्तुर लाग्ने छैन ।

४. **कृषि सुधार शुल्क** : आर्थिक वर्ष २०६१।६२ मा अनुसूची-१ को दफा १७ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा दश प्रतिशतका दरले कृषि सुधार शुल्क लगाइने र असुलउपर गरिनेछ ।

तर त्यस्ता मालवस्तुहरुको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. **वैदेशिक रोजगार सेवा शुल्क** : आर्थिक वर्ष २०६१।६२ मा वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने संस्थाले विदेशमा रोजगारीमा पठाउने प्रत्येक व्यक्ति वापत त्यस्तो संस्थाबाट र व्यक्तिगत रुपमा वैदेशिक रोजगारीको लागि विदेश जाने भए त्यसरी विदेश जाने प्रत्येक व्यक्तिबाट पाँचसय रुपैयाँका दरले वैदेशिक रोजगार सेवा शुल्क असुलउपर गरिनेछ ।

६. **चलचित्र विकास शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ को अनुसूची-५ बमोजिम चलचित्र विकास शुल्क लगाइने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक ऐन, २०५८ को अनुसूची-५ को दफा ४ र ५ को सट्टा देहायका दफा ४ र ५ राखिएकाछन् :-

"४. आर्थिक वर्ष २०६१।६२ मा चलचित्र विकास शुल्कको मासिक न्युनतम दर सबै श्रेणीको कूल सिट क्षमताको आधारमा असुल हुने जम्मा चलचित्र विकास शुल्कको बीस प्रतिशतले हुने रकम बराबर कायम गरिएकोछ ।

५. श्रावण १, २०५८ मा कायम भएको चलचित्रघरको वर्गिकरणको आधारमा दफा २ वा दफा ३ बमोजिम मासिक टिकट बिक्रीबाट उठेको शुल्क वा दफा ४ बमोजिम मासिक न्यूनतम दर मध्ये जुन बढी हुन्छ सो रकम मासिक रुपमा चलचित्रघरहरुले असुलउपर गरी दफा ६ मा उल्लेख भएको अवधिभित्र विवरण सहित सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।"

(३) उपदफा (१) र (२) बमोजिम असुल गरिएको शुल्क रकमको दश प्रतिशत रकम आन्तरिक राजश्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयहरुको प्रशासनिक तथा भौतिक सुधार कार्यमा खर्च गर्न सकिनेछ ।

(४) चलचित्र विकास शुल्क वापत उठेको रकमको लेखा परीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

७. **सवारी साधन कर** : आर्थिक वर्ष २०६१।६२ मा अनुसूची-३ बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ ।

८. **रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घरजग्गा रोक्का दस्तुर** : आर्थिक वर्ष २०६१।६२ मा अनुसूची-४ बमोजिम रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घरजग्गा रोक्का दस्तुर लगाइने र असुलउपर गरिनेछ ।

९. **स्थानीय विकास शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ बमोजिम स्थानीय विकास शुल्क लगाइने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क स्थानीय विकास शुल्क कोषमा जम्मा गरिनेछ । कोषमा जम्मा हुने रकमको छ खण्डको एक खण्ड रकम नगरपालिकाहरुले भुक्तानी गर्नुपर्ने सडक बत्तीको विद्युत महसुल भुक्तानी गर्न प्रयोग गरिनेछ र वांकी रकम कार्य संचालन र विकास निर्माणको लागि खर्च गर्ने गरी नगरपालिकाहरुलाई वितरण गरिनेछ ।

१०. **प्रदूषण नियन्त्रण शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ बमोजिम प्रदुषण नियन्त्रण शुल्क लगाइने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क छुट्टै कोष खडा गरी जम्मा गरिनेछ । सो रकम वातावरण संरक्षण गर्ने प्रयोजनको निमित्त प्रदुषण नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ ।

११. **टेलिफोन स्वामित्व शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ बमोजिम टेलिफोन स्वामित्व शुल्क लगाइने र असुल उपर गरिनेछ ।

तर अग्रिम भुक्तानी हुने (प्रि-पेड) मोवाइल टेलिफोनको हकमा देहाय बमोजिमको टेलिफोन स्वामित्व शुल्क लाग्नेछ :-

(१) प्रत्येक सिमकार्डमा पचास रुपैयाँ,

(२) पाँचसय रुपैयाँको प्रत्येक रिचार्ज कार्डमा दश रुपैयाँ, र

(३) एक हजार रुपैयाँको प्रत्येक रिचार्ज कार्डमा बीस रुपैयाँ ।

१२. **पर्यटन सेवा शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ को अनुसूची-९ बमोजिम पर्यटन सेवा शुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम असुल गरेको रकम नेपाल पर्यटन बोर्डको कोषमा जम्मा गरी पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यमा खर्च गरिनेछ।

तर, यस्तो रकमको दश प्रतिशत रकम आन्तरिक राजश्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयको प्रशासनिक तथा भौतिक सुधार कार्यमा खर्च गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ।

१३. **ग्रामीण शिक्षा विकास शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ बमोजिम ग्रामीण शिक्षा विकास शुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम असुलउपर भएको शुल्क ग्रामीण शिक्षा विकास कोष खडा गरी जम्मा गरिनेछ। त्यस्तो रकम ग्रामीण क्षेत्रका सरकारी अनुदान प्राप्त विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक र विद्यालयको भौतिक पूर्वाधार विकासको लागि खर्च गरिनेछ।

१४. **आकस्मिक लाभ कर** : आर्थिक वर्ष २०६१।६२ मा चिट्ठा, उपहार, पुरस्कार, जितौरी तथा अन्य कुनै पनि आकस्मिक लाभ वापतको नगद भुक्तानीमा र जिन्सी भए प्रचलित बजार मूल्य कायम गरी सो वापत हुने भुक्तानीमा भुक्तानीकै अवस्थामा भुक्तानीकर्ताले भुक्तानी रकमको पच्चीस प्रतिशतका दरले आकस्मिक लाभ कर कट्टी गरी पन्ध्र दिनभित्र आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेछ। यसरी दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क लगाइने र असुलउपर गरिनेछ। यसरी लागेको कर र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह भुक्तानीकर्ता वा भुक्तानी पाउने व्यक्तिबाट असुलउपर गरिनेछ।

१५. **क्यासिनो रोयल्टी** : (१) आर्थिक वर्ष २०६१।६२ मा नेपाल अधिराज्यमा रहेका प्रत्येक क्यासिनोले वार्षिक एक करोड पैतालीस लाख रुपैयाँ रोयल्टी तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्यासिनोले तिर्नुपर्ने वार्षिक रोयल्टी वापत मासिक दामासाहीले हुन आउने रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र रोयल्टी नबुझाउने क्यासिनोलाई वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क समेत लगाई रोयल्टी रकम असुलउपर गर्नु पर्नेछ । तीन महिनासम्म पनि बाँकी रोयल्टी र शुल्क नबुझाउने क्यासिनोलाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) यस दफा बमोजिम असुलउपर गर्नुपर्ने रोयल्टी र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१६. **विशेष शुल्क** : (१) आर्थिक वर्ष २०६१।६२ मा विदेशबाट नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुमा भन्सार प्रयोजनको लागि कायम भएको मूल्यमा देहायका दरले हुने रकम विशेष शुल्क वापत भन्सार बिन्दुमै लगाइने र असुलउपर गरिनेछ :-

(क) पाँच प्रतिशत भन्दा बढी भन्सार महसुल असुल हुने मालवस्तुमा मोलको १.५ प्रतिशत ।

तर,-

(१) पच्चीस प्रतिशत भन्दा बढी भन्सार महसुल लाग्ने भाग ८७ अन्तर्गतका सवारी साधनहरुको मूल्यमा पाँच प्रतिशतले विशेष शुल्क लाग्नेछ ।

(२) झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी हुने

मालवस्तुमा विशेष शुल्क लाग्ने छैन ।

(ख) पेट्रोल, डिजेल र मट्टितेल बाहेक परिमाणात्मक दरमा भन्सार महसुल लाग्ने अन्य मालवस्तुमा मोलको १.५ प्रतिशत ।

(ग) आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा १ को शीर्षक २७१०.११.१२ को पेट्रोल, २७१०.११.१५ को मट्टितेल र २७१०.११.१७ को डिजेलमा प्रति लिटर पचास पैसा ।

(२) आयकर ऐन, २०५८ बमोजिमका निकाय तथा गैर बासिन्दा व्यक्तिलाई आयकर प्रयोजनको लागि कायम हुने करयोग्य आयमा र बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतीलाई आयकर प्रयोजनको लागि कायम हुने सोही ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१) को खण्ड (ग) वा सोही दफाको उपदफा (२) को खण्ड (ग) मा उल्लिखित करयोग्य आय भन्दा बढी भएको करयोग्य आयमा १.५ प्रतिशतका दरले हुने रकम विशेष शुल्क लगाई आयकर असुल गर्दाकै समयमा असुलउपर गरिनेछ । यस्तो विशेष शुल्क आयकर ऐन, २०५८ को दफा ९४ बमोजिम चालू आर्थिक वर्षको कर किस्ताबन्दीमा बुझाउँदा अग्रिम किस्ताबन्दीको रुपमा बुझाउनु पर्नेछ ।

(३) परम्परा देखी हिरा जवाहरातको कारोबार गरिरहेका तर पूर्ण रुपमा करको दायरामा आई नसकेका व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो वस्तुको मौज्दातको घोषणा गरी २०६१ साल असार मसान्तको मूल्यको पन्ध्र प्रतिशतले हुने रकम २०६१ साल असोज मसान्तभित्र विशेष शुल्क वापत आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेमा त्यस्तो मौज्दातलाई नियमितता प्रदान गरिनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम तिर्नुपर्ने विशेष शुल्क एक आपसमा मिलान गर्न र आयकर प्रयोजनको लागि खर्चको रुपमा कट्टी गर्न पाइने छैन ।

१७. <u>दूरसंचार सेवा दस्तुर</u> : (१) आर्थिक वर्ष २०६१।६२ मा आर्थिक ऐन, २०५८ बमोजिम दूरसंचार सेवा दस्तुर लगाइने र असुलउपर गरिनेछ ।

तर इण्टरनेट सेवा वा पेजर सेवा प्रदायकलाई यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दूरसंचार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्तिहरु बीच एकले अर्कोको नेटवर्क प्रयोग गरे वापत तिर्नुपर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) मा यस्तो दस्तुर लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसंचार सेवा उपलव्ध गराउने अनुमति प्राप्त व्यक्तिले असुल गरी मूल्य अभिवृद्धि कर सहित प्रचलित कानून बमोजिमको म्यादभित्र दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दाखिला गर्नुपर्ने दस्तुर म्यादभित्र नबुझाएमा त्यस्तो बाँकी रकममा मासिक पाच प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

१८. <u>सडक निर्माण, सम्भार तथा सुधार दस्तुर</u> : (१) आर्थिक वर्ष २०६१।६२ मा शहरी सडक निर्माण तथा सम्भार गर्नको लागि देहायका सवारी साधन दर्ता गर्दाका बखत देहाय बमोजिमको दरमा शहरी सडक निर्माण तथा सम्भार दस्तुर लगाइने र असुलउपर गरिनेछ :-

| सवारीको किसिम | दर प्रति सवारी |
|---|---|
| (क) कार, जीप, भ्यान, माइक्रोबस | मूल्यको साढे एक प्रतिशत |
| (ख) मोटरसाइकल | तीन हजार रुपैयाँ |

तर, कुटनैतिक नियोग तथा कुटनैतिक सुविधा प्राप्त व्यक्ति र एम्बुलेन्स वा शव बाहनलाई यस्तो दस्तुर लाग्ने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "मूल्य" भन्नाले आन्तरिक खरिदको हकमा मूल्य अभिवृद्धि कर सहितको बीजक मूल्य र पैठारीको हकमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार विन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ ।

(२) आर्थिक वर्ष २०६१।६२ मा विदेशबाट नेपाल अधिराज्यमा पैठारी हुने पेट्रोल र डिजेलमा सडक मर्मत तथा सुधार गर्न प्रति लिटर पेट्रोलमा एक रुपैयाँ र प्रति लिटर डिजेलमा पचास पैसा सडक सुधार दस्तुर भन्सार विन्दुमै लगाइने र असुलउपर गरिनेछ ।

१९. **वन पैदावार शुल्क** : (१) श्री ५ को सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वन मध्ये उपभोक्ता समूहले तराईका जिल्लामा नियम बमोजिम कार्ययोजना बनाई निकालिएको साल र खयरका काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी विक्री गरी प्राप्त भएको रकम मध्ये पन्ध्र प्रतिशत रकम आर्थिक वर्ष २०६१।६२ मा वन पैदावार शुल्क वापत श्री ५ को सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समुह बाहिर व्यापारिक प्रयोजनको लागि काठ बिक्री गरी उपभोक्ता समुहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन, वातावरण संरक्षण र स्थानीय विकाससंग सम्बन्धित कार्यमा खर्च गर्नु पर्नेछ ।

२०. **दर घटाउन वा छूट दिन सक्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अध्यादेश र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्णरुपमा छूट दिन सक्नेछ ।

२१. **राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन** : राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ पछि देहायको दफा १३क. थपिएकोछ :-

"१३क. **अन्य विभागलाई लेखि पठाउन सक्ने** : (१) राजश्व चुहावटको सम्बन्धमा अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क वा भन्सार महसुल निर्धारण गर्दा लापरवाही वा हेलचेक्र्याँई वा अन्य कुनै कारणबाट सामान्य त्रुटी हुन गएको पाएमा अनुसन्धान अधिकृतले सो कुरा उल्लेख गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन पेश हुन आए पछि विभागले त्यस्तो कर, अन्तःशुल्क वा भन्सार महसुलको निर्धारणमा भएको त्रुटी सच्याउन सम्बन्धित विभागलाई लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम त्रुटी सच्याउनको लागि लेखी आएमा सो बमोजिम त्रुटी सच्याउने कर्तव्य सम्बन्धित विभागको हुनेछ ।"

२२. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएकोछ :-

"(न) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत र प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक र उप-महानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले तोकेको अन्य कुनै अधिकृत समेतलाई जनाउनेछ ।"

(२) दफा ५क. को सट्टा देहायको दफा ५क. राखिएकोछ,-

"५क. **कारोबारको स्वामित्वको हस्तान्तरणमा कर नलाग्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको व्यक्तिले आफूले गर्दै

आएको कारोबार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा वा मृत्यु भै हकवालाको नाममा कारोबार हस्तान्तरण भएमा त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन । त्यसरी कारोबार बिक्री गर्दा वा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्तिले सो कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ ।

तर त्यस्तो कारोबार खरिद गर्ने दर्ता भएको व्यक्तिले साविकवालाको कर दायित्व व्यहोर्नु पर्नेछ ।"

(३) दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछः-

"(१) यस ऐन बमोजिम लाग्ने करको दर दश प्रतिशतको एकल दर हुनेछ ।"

(४) दफा ८ पछि देहायको दफा ८क. थपिएकोछ :-

"८क. **बैंक प्रत्याभूतिको व्यवस्थाः** (१) न्यूनतम बीस प्रतिशत मूल्य अभिबृद्धि गरी विगत बाह्र महिनाको कूल बिक्री मध्ये नब्बे प्रतिशत भन्दा बढी निकासी गर्ने उत्पादनमूलक उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ आयात गर्दा लाग्ने कर वापत बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक प्रत्याभूति राख्ने र सोको फुकुवा गर्ने प्रकृया विभागले तोके बमोजिम हुनेछ ।"

(५) दफा ११ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ :-

"(घ१) लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,"

(६) दफा १२ पछि देहायको दफा १२क. थपिएकोछ :-

"१२क. <u>काठको कारोबारमा कर लाग्ने मूल्यः</u> (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी, वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ सो समयमा त्यस्तो काठको रोयल्टी रकम वा लिलाम रकममा जुन बढी हुन्छ सो रकममा कर लगाई असुलउपर गरिनेछ ।

(२) निजीआवादी, निजीवन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ ।"

(७) दफा १४ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर, दश लाख रुपैयाँ भन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले दर्ता नभएको भएपनि आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ ।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएकाछन् :-

"(४) व्यापारिक प्रयोजनको लागि दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवा खरिद गर्नेले दर्ता भएको व्यक्तिसंग खरिद गरी बीजक लिनु पर्नेछ । यस्तो मालसामान ढुवानी गर्दा खरिद बीजक साथमा रहेको हुनु पर्नेछ ।

(५) विभागले करदातालाई क्याश मेसिन वा कम्प्युटरको प्रयोग गरी बीजक जारी गर्न आदेश दिन सक्नेछ । यसरी विभागले आदेश दिंदा

अपनाउनु पर्ने प्रकृया महानिर्देशकले तोके बमोजिम हुनेछ ।"

(८) दफा १५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकाय वा श्री ५ को सरकारले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुलउपर गर्नु पर्नेछ ।"

(९) दफा १६ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) विभागले करदाताको कम्प्युटर तथ्यांक आधार (डाटावेश) मा निरन्तर पहुँच प्राप्त गर्न सक्नेछ ।"

(१०) दफा १६क. पछि देहायको दफा १६ख. थपिएकोछ :-

"१६ख. <u>नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने</u> : (१) आगजनी, चोरी, दुर्घटना, टुटफुट वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न पाइनेछ ।"

(११) दफा १७ को,-

(क) उपदफा (२) को खण्ड (घ) मा रहेका "धेरै मूल्य पर्ने" भन्ने शव्दहरु झिकिएका छन् ।

(ख) उपदफा (५क.) को सट्टा देहायको उपदफा (५क.) राखिएकोछ :-

"(५क.) उपदफा (२) को अधिनमा रही हायर पर्चेज कर्जा वा धितोबन्धकमा बैंक वा वित्तीय संस्थाको नाउँमा पैठारी वा खरिद गरिएको पूँजीगत वस्तुहरु करदाताले पैठारी वा खरिद गरे सरह मानेर

त्यसमा तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ । ”

(ग) उपदफा (५क.) पछि देहायको उपदफा (५ख.) थपिएकोछ :-

“(५ख.) दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ ।”

(१२) दफा १८ को ,-

(क) उपदफा (१) मा रहेका “कर अधिकृत समक्ष” भन्ने शब्दहरु पछि “वा हुलाकबाट रजिष्ट्री गरी” भन्ने शब्दहरु थपिएकाछन् ।

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

“(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आन्तरिक राजश्व कार्यालय नभएका जिल्लाका करदाताले आफुले कर विवरण बुझाउनु पर्ने महिनाको पन्ध्र गतेभित्र सोही जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने कर रकम बुझाई कर विवरण पेश गर्न सक्नेछ । यसरी प्राप्त हुन आएको कर विवरण तथा कर भुक्तानीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्नेछ ।”

(१३) दफा १९ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ ।

”(२) करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बांकी

रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।"

(ख) उपदफा (३) झिकिएकोछ ।

(ग) उपदफा (४) मा रहेका "वा (३)" भन्ने अक्षर तथा अंक झिकिएका छन् ।

(घ) उपदफा (५) मा रहेका "र (३)" भन्ने अक्षर तथा अंक झिकिएका छन् ।

(१४) दफा २१ को उपदफा (२) झिकिएकोछ ।

(१५) दफा २३ख. पछि देहायको दफा २३ग. थपिएकोछ :-

"२३ग. न्यून बीजकीकरणका वस्तु खरिद गर्ने : (१) कुनै व्यक्तिले प्रचलित बजार मूल्य भन्दा बिक्री मूल्य कम देखाई न्यून बीजकीकरण गरी कुनै बस्तु बिक्री गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यसरी न्यून बीजकीकरण गरी बिक्री गरेको त्यस्तै प्रकृतिको मौज्दातमा बाँकी रहेको वस्तु कर अधिकृतले रोक्का राखी न्यून बीजकीकरण गरी बिक्री गरेको मूल्यमा विभाग वा आन्तरिक राजश्व कार्यालयले खरिद गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभाग वा कार्यालयले वस्तु खरिद गर्दा वा गराउँदा त्यस्तो व्यक्तिले वस्तु बिक्री गर्न मञ्जुर नगरेमा विभाग वा कार्यालयले त्यस्तो वस्तु आफ्नो कब्जामा लिई न्यून बीजकीकरण गरी बिक्री गरेको मूल्यको आधारमा गणना गरी सो व्यक्तिले भुक्तानी लिन आएको बखत भुक्तानी दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खरिद गरेको वा खरिद गर्न लगाएको वस्तु महानिर्देशकले तोकेको मूल्य तथा प्रकृया अनुसार बिक्री गर्न वा गराउन सकिनेछ । "

(१६) दफा २५ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछः-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुटनैतिक निकाय वा कुटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा एक हजार पाँचसय रुपैयाँभन्दा कमको खरिदमा फिर्ता गरिनेछैन ।"

(१७) दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. <u>विदेशी पर्यटकले खरिदमा तिरेको कर फिर्ता हुने</u>: नेपाल भ्रमण गरी हवाई मार्गबाट फर्कने विदेशी पर्यटकले पन्ध्र हजार रुपैयाँ भन्दा बढीको कर लाग्ने वस्तु खरिद गरी आफुसँग लगेमा विभागले तोकेको प्रकृया अनुसार त्यस्तो वस्तुमा तिरेको कर फिर्ता दिइनेछ ।"

(१८) दफा २६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ ।"

(१९) दफा २९ को,-

(क) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उलंघन गरेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिवाना गरी लाग्ने कर समेत असुल गरिनेछ ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ:-

"(१क.) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर

छलेमा कर अधिकृतले विभागले तोकेको आधारमा कर बिगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।"

(ग) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२)कुनै व्यक्तिले देहाय बमोजिमका कुनै कसुर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्नेछ :-

(क) झुट्टा लेखा वा विजक वा अन्य कागजात तयार गरेमा,

(ख) जालसाजी गरी कर छलेमा,

(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,

(घ) दफा ३० को उल्लंघन गरी कारोबार गरेमा,

(ङ) दफा २३ग. उल्लघंन गरेमा ।"

(२०) दफा ३० पछि देहायको दफा ३०क. थपिएकोछ :-

"३०क. <u>पुनः कर निर्धारणकोलागि आदेश दिन सक्ने</u> : (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनै कारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(२) कर अधिकृतले लापरवाही वा वदनियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएको देखिएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ।"

(२१) दफा ३१क. को सट्टा देहायको दफा ३१क. राखिएकोछ :-

"३१क. **प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने** : (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिन भित्र सो निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै करदाताले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिन भित्र निवेदन दिएमा विभागले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ।

(३) करदाताले उपदफा (१) बमोजिम दिएको निवेदन समेतका प्रमाण कागजात छानबीन गर्दा निवेदकको निवेदन जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर विभागले निर्णय दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र विभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।"

(२२) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएकोछ :-

"३२. **राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने** :- (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (५) बमोजिम विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजश्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजश्व न्यायाधिरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिन भित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।"

(२३) दफा ३२ पछि देहायको दफा ३२क. थपिएकोछः-

"३२क. **पूर्वादेश** : (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभागसमक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेको कुनै द्विविधा सम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वादेश जारी गर्न सक्ने छैन ।"

(२४) दफा ३४ पछि देहायको दफा ३४क. थपिएकोछ :-

"३४क. **विशेषज्ञको सेवा लिन सक्ने** : श्री ५ को सरकारले कर परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र यस्ता विशेषज्ञका सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागू हुनेछ ।"

(२५) अनुसूची-१ र २ को सट्टा देहायका अनुसूची-१ र २ राखिएकाछन् :-

# "अनुसूची -१
## (दफा ५ को उपदफा (३) संग सम्बन्धित)
## कर छुट हुने वस्तु तथा सेवाहरु

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पिठो, सुजी, ग्रिट्स, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा) र त्यसबाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ख) दाउरा र गोल,

(ग) मट्टीतेल (हवाई इन्धन बाहेक),

(घ) नून ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौंरी, राँगा, बँदेल, सुंगुर, खरायो र तिनको अप्रशोधित काँचो खाद्य परिकारहरु,

(ख) गाई, भैंसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ इनग्रेडिएन्ट मात्र ।

समूह ५ : औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका वा नाफा नकमाउने उद्देश्यले स्थापना भएका गैरसरकारी वा सामुदायिक स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधिहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपाङ्ग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस,

(छ) औषधि उद्योग आफैले पैठारी वा खरिद गरेको औषधि व्यवस्था विभागले तोकेको हदसम्मको औषधिको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालीम वा पुनर्ताजगी तालीमहरु,

(ग) विद्यालय तथा विश्व विद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र त्यसको मुद्रण तथा प्रकाशन,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, यातायात (केबुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (श्री ५ को सरकारबाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,

(ग) हुलाक टिकट,

२. अन्तः शुल्क टिकट ।

३. वित्तीय तथा बीमा सेवा ।

४. बैंक नोट तथा चेक बुक

(क) नेपाली नोटको छपाई तथा निष्काशन,

(ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बुक ।

५. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना र हिरा जवाहरात,

(ख) चाँदी, चाँदीका सिक्का, (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

६. विद्युत

७. कच्चा ऊन ।

८. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

९. वैकल्पिक उर्जा केन्द्रको सिफारिशमा बायो ग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।

१०. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स र शव बाहन ।

११. जुटका उत्पादनहरु ।

१२. भन्सार दरबन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१३. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।

१४. सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।

१५. सूति धागो (भंसार शीर्षक नं. ५२०५ र ५२०७) ।

१६. स्वेदशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१७. श्री ५ को सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१८. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

१९. कपडा तथा सलाई (काठको काँटी मात्र) उद्योगहरु र शत प्रतिशत स्वदेशी फलामको पत्रु (स्क्रेप) प्रयोग गरी देश भित्र डण्डी वा इन्गट उत्पादन गर्ने उद्योगहरुले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको कर श्री ५ को सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ ।

तर शत प्रतिशत स्वदेशी फलामको पत्रु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई आफूले उठाएको कर रकमको पच्चीस प्रतिशत मात्र फिर्ता गरिनेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरिद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यवसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिट्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिट्ठा ।

द्रष्टव्य :

कर छुट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

## अनुसूची-२

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

**शून्य दर लाग्ने वस्तु तथा सेवा**

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरिद तथा पैठारी हुने वस्तु तथा सेवा ।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तु :
वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-

(क) नेपाल अधिराज्य बाहिर निर्यात गरेको, वा

(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा

(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा :

(क) नेपाल अधिराज्यभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपाल अधिराज्यभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

४. श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयको सिफारिशमा कुटनैतिक सुबिधा प्राप्त व्यक्ति वा नियोगले तथा महसुल सुविधा प्राप्त कुटनैतिक नियोगमा कार्यरत व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

५. औषधि उद्योगहरुले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।

६. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिशमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरिद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ।"

२३. <u>**अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः**</u> अन्तःशुल्क ऐन, २०५८ को,-

(१) दफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएकोछ :-

"(ञ) "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनु पर्छ।"

(२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछ :-

"३. <u>अन्तःशुल्क लगाउने र असुलउपर गर्ने</u> : (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तुहरुको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निकाशी गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।"

(३) दफा ३ पछि देहाएका दफा ३क. र दफा ३ख. थपिएका छन :-

"३क. <u>नेपाल अधिराज्य बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः</u> (१) प्रतिष्ठानले नेपाल अधिराज्य बाहिर निकासी गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु प्रतिष्ठानबाट निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम वापत बैंक प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको बैंक प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

"३ख. <u>कर मुक्त पसलको बिक्रीमा अन्तःशुल्क नलाग्नेः</u> (१) स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र डयूटी फि सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क वापत बैंक प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको बैंक प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

(४) दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) स्वीकृति लिई निकासी गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण कार्यालयले जुनसुकै बखत गर्न सक्नेछ । अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी भएमा वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक परेमा राजश्व चुहावट भएको जति बिगो रकममा पच्चीस प्रतिशत थप गरी असुल गरिनेछ ।"

(५) दफा ७ को,-

(क) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएकोछ :-

"(१) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य, वा"

(ख) उपदफा (१) को खण्ड (ख) मा रहेका "निर्धारण गरिएको मूल्य" भन्ने शब्दहरुको सट्टा "निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्य" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएकाछन् :-

"(४) एनहाइड्रस इथानोल, रेक्टिफाईड स्पिरिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्पिरिट वा इ.एन.ए.को उत्पादन प्रतिलब्धि दरको निर्धारण तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको प्रतिलब्धि दर भन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्पिरिट वा इ.एन.ए. बाट उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिनेछ ।"

(६) दफा १६ को ,-

(क) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,"

(ख) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएकोछ :-

"(५) कसैले देहायका कसुर गरेमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा हेरी पाँच हजार

रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ :-

(क) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु बिक्री वा सञ्चय गरेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेमा ।"

(७) दफा २३ को उपदफा (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।

(८) दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. **निर्देशिका बनाई जारी गर्न सक्ने** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।"

(९) खारेजी : दफा १९ खारेज गरिएकोछ ।

(१०) दफा २६ पछि देहायको अनुसूची थपिएकोछ :-

**“अनुसूची**
**(दफा ३ सँग सम्बन्धित)**
**अन्तःशुल्क दरबन्दी**

| क.सं. | वस्तुको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|
| १. | खुदो (मोलासेस) | प्रति क्वीण्टल | रु. ३५।- |
| २. | सखर (गुड), कालो सखर, रसकट (पैठारीमा मात्र) | प्रति क्वीण्टल | रु. ६५।- |
| ३. | फलफूलको रस वा रस मिसिएको हल्का पेयपदार्थ | प्रति लिटर | रु. २।- |
| ४. | कत्था, चूनामिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | प्रति किलो | रु. २००।- |
| ५. | फलफूलबाट बनाइने १७ प्रतिशतसम्म अल्कोहल भएका वाइनहरु | प्रति लिटर | रु. ८०।- |
| ६. | सेम्पेन, सेरी, मिड, पेरी | प्रति लिटर | रु. १४०।- |
| ७. | १७ प्रतिशतभन्दा बढी अल्कोहल भएका वाइन, कक्टेल, लिकर तथा फर्मेण्टेड मदिराहरु | प्रति लिटर | रु. १४०।- |
| ८. | साइडर/कक्टेल ड्रिंक्स् | प्रति लिटर | रु. ८०।- |
| ९. | बियर | प्रति लिटर | रु. ४५।- |
| १०. | कण्ट्री बियर (छ्याङ) | प्रति लिटर | रु. १५।- |
| ११. | डिनेचर्ड स्प्रिट | प्रति लिटर | रु. १०।- |
| १२. | थिनर | प्रति लिटर | रु. ३०।- |
| १३. | एनहाइड्रस इथानोल | प्रति लिटर | रु. ६।- |
| १४. | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रबहरु | प्रति एल.पी. लिटर | रु. १००।- |

| | | | |
|---|---|---|---|
| १५. | आयतनमा ८० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट, साइलेण्ट स्प्रिट (ई.एन.ए.) | प्रति लिटर | रु. ३०।- |
| १६. | मदिरा | | |
| | (क) ४० यू.पी. शक्तिभन्दा कम यू.पी. शक्तिको | प्रति एल.पी.लि. | रु. ३४०।- |
| | (ख) ४० यू.पी. शक्ति र सोभन्दा बढी ६५ यू.पी. शक्तिभन्दा कम यू.पी. शक्ति सम्मको | प्रति एल.पी.लि. | रु. २००।- |
| | (ग) ६५ यू.पी. शक्ति र सोभन्दा बढी यू.पी. शक्तिको | प्रति एल.पी.लि. | रु. ७५।- |
| १७. | अल्कोहलरहित सबै किसिमका हल्का पेय पदार्थहरु | प्रति लिटर | रु. २।- |
| १८. | चुरोट (सुर्तीबाट तयार भएको सबै प्रकारका चुरोट) | | |
| | (१) ७० मि.मि. सम्मको लम्बाईमा: | | |
| | (क) फिल्टर नभएको | प्रति एम | रु. १६०।- |
| | (ख) फिल्टर भएको | प्रति एम | रु. ३४०।- |
| | (२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ४४०।- |
| | (३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ५७५।- |
| | (४) ८५ मि.मि. भन्दा बढी लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ७७०।- |
| १९. | सबै प्रकारका सिगार | प्रति खिल्ली | रु. २।६० |
| २०. | बिडी | प्रति एम | रु. ४५।- |
| २१. | पाइप सुर्ती | प्रति कि.ग्राम | रु. ५००।- |
| २२. | सुर्तीबाट तयार भएको सबै प्रकारको जर्दा, खैनी र नश | प्रति कि.ग्राम | रु. १९०।- |
| २३. | चुना मिलाई खाने प्याकिङ्ग गरिएको कोरा सुर्ति | प्रति कि. ग्राम | रु. १२०।- |
| २४. | सबै प्रकारको सिमेण्ट | प्रति मे.टन | रु. १०५।- |
| २५. | सबै प्रकारको पोलिथिन झोला (सपिङ ब्याग) | प्रति कि. ग्राम | रु. १५।- |

| | | | |
|---|---|---|---|
| २६. | सबै प्रकारका माटो (सेरामिक) का ईंटाहरु (आन्तरिक उत्पादन बाहेक) | प्रति हजार | रु.५२५।- |
| २७. | सवारीसाधनहरु : | | |
| | (क) कार, जीप र भ्यानहरु (भन्सार शीर्षक ८७०२ र ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३२ प्रतिशत |
| | (ख) माइक्रोबसहरु (११ देखि १४ सिटसम्म भएको (भन्सार शीर्षक ८७०२) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३२ प्रतिशत |
| | (ग) डवल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३२ प्रतिशत |
| | (घ) तीन पांग्रे गाडीहरु (अटोरिक्सा) (भन्सार शीर्षक ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३२ प्रतिशत |
| | (ङ) सिंगल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | १५ प्रतिशत |
| | (च) डेलिभरी भ्यान (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | १५ प्रतिशत |
| | (छ) मिनिबसहरु (१५ देखि २५ सिटसम्म भएको) (भन्सार शीर्षक ८७०२) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ४ प्रतिशत |
| | (ज) मोटरसाइकल (भन्सार शीर्षक ८७११) | मोल प्रतिशत | ४ प्रतिशत |

द्रष्टव्यः (१) अन्तःशुल्क दरबन्दीमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि एम्बुलेन्स र शव वाहनमा अन्तःशुल्क लाग्ने छैन ।

(२) २० माइक्रोन भन्दा घटीको पोलिथिन झोला तथा थैला

नेपाल अधिराज्यभित्र बिक्री बितरण गर्न पाइने छैन ।

(३) अन्तः शुल्क लाग्न सक्ने वस्तुहरुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

२४. आयकर ऐन, २०५८ मा संशोधन : आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएकोछ :-

"(त१) "कारोबार" भन्नाले कुनै आयवर्षको व्यवसाय वा लगानीको आय गणना गर्ने प्रयोजनकोलागि दफा ७ वा दफा ९ बमोजिम समावेश गरिने जम्मा रकम बराबरको कारोबार सम्झनु पर्छ ।"

(ख) खण्ड (द) को,-

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क.) थपिएको छ :-

"(२क.) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,"

(२) उपखण्ड (३) मा रहेका "निजी भवन" भन्ने शब्दहरु अघि "जग्गा तथा" भन्ने शब्दहरु थपिएकाछन् ।

(ग) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएकोछ :-

"(ध) "छुट पाउने संस्था" भन्नाले देहायका निकाय सम्झनु पर्छ :-

(१) कर छुट पाउने संस्थाको रुपमा विभागमा दर्ता भएका देहाय बमोजिमका निकाय :-

(क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक

प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था,

(ख) सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले सो संस्था वा त्यसका सदस्यहरुले लाभ नलिने गरी गठन भएको अव्यवसायी (एमेच्योर) खेलकूद संस्था,

(२) निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल,

(३) गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति,

(४) नेपाल राष्ट्र बैङ्क,

(५) श्री ५ को सरकार,

तर छुट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा वापतको कुनै भुक्तानी गर्दा बाहेक सो संस्थाको सम्पत्ति र सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई कर छुट हुने छैन ।"

(घ) खण्ड (भ) को उपखण्ड (५) मा रहेका "(१), (२) र (३)" को सट्टा "(१), (२), (३) र (४)" राखिएकाछन् ।

(ङ) खण्ड (श) को उपखण्ड (१) र (२) को सट्टा देहायका उपखण्ड (१) र (२) राखिएकाछन् :-

"(१) जमिनबाट पानी, खनिज पदार्थ वा अन्य जीवित वा निर्जीव स्रोत निकाल्ने अधिकार प्राप्त गरे वापतको भुक्तानी, वा

(२) जमिनबाट समग्र वा आंशिक रुपमा निकालिएको प्राकृतिक स्रोत र खनिज पदार्थको जीवित वा निर्जीव स्रोतको परिमाण वा मूल्यका आधारबाट गणना गरिएको रकम ।"

(च) खण्ड (स) को सट्टा देहायको खण्ड (स) राखिएकोछ :-

"(स) "भाडा" भन्नाले घर बहाल समेतका मूर्त सम्पत्तिको बहालमा लगाएको पट्टा अन्तर्गत गरिएका प्रिमियम लगायतका सबै भुक्तानी सम्झनु पर्छ ।

तर यस शब्दले प्राकृतिक स्रोत वापत भएको भुक्तानीलाई जनाउने छैन ।"

(छ) खण्ड (क ख) को सट्टा देहायको खण्ड (क ख) राखिएकोछ :-

"(क ख) "लगानी" भन्नाले देहाय बमोजिम बाहेक एक वा एक भन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनु पर्छ :-

(१) सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,

(२) रोजगारी वा व्यवसाय ।

तर गैर व्यवसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिनेछ ।"

(ज) खण्ड (क ङ) को,-

(क) उपखण्ड (१) को देहाय (ख) को पहिलो हरफमा रहेका "कुनै आय वर्षको" भन्ने शब्दहरु झिकिएकाछन् ।

(ख) उपखण्ड (३) को देहाय (ख) को अन्तमा "वा," भन्ने शब्द थपिएको छ ।

(ग) उपखण्ड (४) को देहाय (क) को अन्तमा "वा," भन्ने शब्द थपिएको छ ।

(घ) उपखण्ड (४) पछि देहायको उपखण्ड (४क.) थपिएकोछ :-

"(४क.) श्री ५ को सरकार,"

(ङ) उपखण्ड (६) को दोस्रो हरफमा रहेको "र" भन्ने शब्दको सट्टा "वा," भन्ने शब्द राखिएकोछ ।

(झ) खण्ड (क झ) को उपखण्ड (२) को पहिलो हरफमा रहेको "प्रिमिमय" भन्ने शब्दको सट्टा ऋण दायित्व अन्तर्गतको छुट, प्रिमियम" भन्ने शब्दहरु राखिएकाछन् ।

(ञ) खण्ड (क ञ) को तेस्रो हरफमा रहेका "गरिएको वा" भन्ने शब्दहरु झिकिएकाछन् ।

(ट) खण्ड (क ण) को दोस्रो हरफमा रहेको "(४)" को सट्टा "(५)" भन्ने अंक राखिएकोछ ।

(ठ) खण्ड (क न) पछि देहायको खण्ड (क न१) थपिएकोछ :-

"(क न१) "समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आयवर्षको कर योग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।"

(ड) खण्ड (क ल) मा रहेका "कार्यसंग सम्बन्धित" भन्ने शब्दहरु झिकिएकाछन् र सोही खण्डमा

रहेको "हित" भन्ने शब्दको अघि "खण्ड (म) बमोजिमको" भन्ने शब्दहरु थपिएकाछन् ।

(२) दफा ४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै आय वर्षका लागि दफा ३ मा उल्लिखित कुनै व्यक्तिले दाखिला गर्नु पर्ने करको रकम सो दफाको खण्ड (क), (ख) र (ग) मा उल्लिखित कुनै एक वा एक भन्दा बढी व्यक्तिको हैसियतले सो व्यक्तिले दाखिला गर्नु पर्ने करको जम्मा रकम बराबर हुनेछ ।"

(ख) उपदफा (२) को पाँचौ हरफमा रहेको "७१" भन्ने अंक पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएकाछन् ।

(ग) उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च वापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दावी गरेको तथा दफा १२ बमोजिम चन्दा वापत खर्च घटाउन दावी नगरेको ।"

(घ) उपदफा (४) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१.) थपिएकोछ :-

"(क१) औषधी उपचार खर्च वापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी वापत दफा ९३ बमोजिम कर मिलान गर्न दावी नगरेको,"

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) व्यवसायबाट प्राप्त आय एक लाख बीस हजार रुपैयाँ र व्यवसायको कारोबार बाह्र लाख रुपैयाँ भन्दा बढी नभएको, र"

(ङ) उपदफा (६) को चौथो हरफमा रहेको "८८" भन्ने अंकको सट्टा "८७, ८८ र ८९" भन्ने अंकहरु राखिएकाछन् ।

(३) दफा ५ मा रहेका "दफा १२ वा ६३" भन्ने शब्दहरु पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएका छन् ।

(४) दफा ६ को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा ११ वा ६४" भन्ने शब्दहरु पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएकाछन् ।

(५) दफा ७ को उपदफा (१) मा रहेका " आयमा गणना गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "आय हुनेछ" भन्ने शब्दहरु राखिएकाछन् ।

(६) दफा ९ को उपदफा (१) मा रहेका "मानी गणना गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "हुनेछ" भन्ने शब्द राखिएकोछ ।

(७) दफा ११ को, -

(क) उपदफा (२) मा रहेका "ग्रामीण समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था" भन्ने वाक्यांशको अघि "आवश्यक पूर्वाधारको विकास भै नसकेको विभागले तोकेको नगरपालिका तथा" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएकोछ :-

"(४) उपदफा (१), (२), (३), ११क., अनुसूची-१ को दफा १ को उपदफा (१२) र अनुसूची-१ को दफा २ को उपदफा(३) र (४) बमोजिमका व्यक्ति तथा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायले आयको गणना गर्दा अन्य छुट्टै व्यक्तिद्वारा

सो आय मात्र प्राप्त गरेसरह मानी सो आयको गणना गर्नुपर्नेछ ।"

(८) दफा ११ पछि देहायको दफा ११क. थपिएकोछ :-

"११क. **पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा लाग्ने कर** : पूर्वाधार संरचनाको निर्माण तथा संचालन गर्नका लागि श्री ५ को सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा सो सम्झौता गर्दाका बखत कायम भएको कर सम्बन्धी यस ऐनले व्यवस्था गरेको करका सुविधाहरु त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर त्यस्तो कर सम्बन्धी सुविधा उपभोग गर्न पाउनेछ ।"

(९) दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा सो व्यक्तिको सो वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ सोभन्दा बढी हुने छैन ।"

(१०) दफा १४ को उपदफा (२) को,-

" (क) अन्तमा रहेका "सो उपदफा बमोजिम कट्टी गर्न पाउने कूल ब्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुनेछैन" भन्ने वाक्यांशको सट्टा "नियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई ब्याज भुक्तानी गरेमा उपदफा (१) बमोजिम कट्टी गर्न पाउने त्यस्तो ब्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुनेछैन" भन्ने वाक्यांश राखिएकोछ ।

(ख) खण्ड (ख) मा रहेका "करयोग्य आयको" भन्ने शब्दहरुको सट्टा "समायोजित करयोग्य आयको" भन्ने शब्दहरु राखिएकाछन ।"

(११) दफा १५ को,-

(क) स्पष्टिकरण (ग) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर कारखानाको शिरोभार लागतमा मरम्मत तथा सुधार र ह्रास कट्टी वापतको कुनै रकम समावेश हुने छैन ।"

(ख) स्पष्टिकरण (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर परिवर्तनशील कारखाना शिरोभार लागतमा मरम्मत तथा सुधार र ह्रास कट्टी वापतको कुनै रकम समावेश हुने छैन ।"

(१२) दफा १६ को,-

(क) उपदफा (२) को,-

(१) चौथो हरफमा रहेको "पाँच" भन्ने शब्दको सट्टा "सात" भन्ने शब्द राखिएकोछ ।

(२) अन्तमा रहेको "र सो भन्दा बढी खर्च भएमा भएको खर्चको क्रमानुसार मात्र यस्तो कट्टी गर्न पाउनेछ" भन्ने वाक्यांश झिकिएकोछ ।

(३) अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाईजहाजको पूर्ण परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा उक्त यो सीमा लागू हुने छैन ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (२) बमोजिमको सीमाको

परिणाम स्वरुप कट्टी गर्न नपाइने मर्मत तथा सुधार वापत कुनै अधिक खर्च वा सोको भाग आगामी आयवर्षको सुरुमा सम्बन्धित सम्पत्तिको समूहको ह्रास आधार रकममा जोड्न पाउनेछ ।"

(१३) दफा १७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन ।"

(ख) उपदफा (३) को दोश्रो हरफमा रहेको "पूँजिकरण" भन्ने शब्दको अघि "आगामी आयवर्षको शुरुमा" भन्ने शब्दहरु थपिएकाछन् ।

(१४) दफा १८ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन ।"

(ख) उपदफा (३) को दोश्रो हरफमा रहेको "पूँजिकरण" भन्ने शब्दको अघि "आगामी आयवर्षको शुरुमा" भन्ने शब्दहरु थपिएकाछन् ।

(१५) दफा १९ को उपदफा (१) को अन्तिम हरफमा रहेका "गर्न पाउनेछ" भन्ने शब्दहरुको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएकाछन् ।

(१६) दफा २० को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ :-

"तर सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी श्री ५ को सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरु र बिद्युत गृह निर्माण, उत्पादन र प्रसारण गर्ने आयोजनाहरुको हकमा विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको विगत बाह्र आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी ।"

(१७) दफा २१ को स्पष्टिकरण (क) को देहाय (१) को दोश्रो हरफमा रहेका "लागि भएको" भन्ने शब्दहरुको सट्टा "निजी" भन्ने शब्द राखिएकोछ ।

(१८) दफा २४ को,-

(क) उपदफा (२) को,-

(१) दोश्रो हरफमा रहेका "व्यक्तिले गरेको आयको गणनामा" भन्ने शब्दहरुको सट्टा "व्यक्तिको आय गणना गर्दा" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

"(२) त्यस्तो दायित्वको मूल्य यथार्थपरक ढङ्गले अनुमान गर्न सकिने भएकोमा, र"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानूनका अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ ।"

(ग) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएकोछ :-

"(४) व्यवसाय वा लगानीबाट भएको कुनै व्यक्तिको आय एक्रुयल आधारमा गणना गर्दा सो व्यक्तिले आफूले पाउनु पर्ने कुनै भुक्तानी समावेश गरेकोमा वा आफूले व्यहोर्नु पर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारण समेतले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा भुक्तानी दिंदा फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिंदा समायोजन गर्नु पर्नेछ ।"

(१९) दफा २५ को उपदफा (१) को खण्ड (क) को दोस्रो हरफमा रहेका " रकमको सोधभर्ना" भन्ने शब्दहरुको सट्टा "रकम फिर्ता" भन्ने शब्दहरु राखिएकाछन् ।

(२०) दफा २७ को उपदफा (१) को खण्ड (क) को दोस्रो हरफमा रहेका "द्रव्य (मनी) वा" र सोही खण्डको चौथो हरफमा रहेका "द्रव्य र" भन्ने शब्दहरु झिकिएकाछन् ।

(२१) दफा २९ को सट्टा देहायको दफा २९ राखिएकोछ :-

"२९.<u>अप्रत्यक्ष भुक्तानीहरु</u> : कुनै व्यक्तिले भुक्तानीकर्ता वा निजसंग सम्बद्ध व्यक्तिले गरेको भुक्तानीबाट अप्रत्यक्ष रुपले फाइदा लिएमा वा भुक्तानी प्राप्त गर्ने अन्य व्यक्ति तोकेकोमा विभागले लिखित रुपमा सूचना जारी गरेर त्यस्तो फाइदा लिने वा त्यस्तो अन्य व्यक्ति तोक्ने व्यक्तिलाई नै सो भुक्तानी प्राप्त गर्ने व्यक्तिको रुपमा मान्न सक्नेछ ।"

(२२) दफा ३२ को उपदफा (३) को दोस्रो हरफमा रहेको "बिक्रेताले" भन्ने शब्द झिकिएकोछ ।

(२३) दफा ३८ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

"(२) सो सम्पत्ति प्राप्त भएको कारणले सो व्यक्तिको आय गणना गर्दा समावेश गरिनु पर्ने कुनै रकम ।"

(२४) दफा ३९ को उपदफा (१) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “कर लागेको रकम” भन्ने शब्दहरुको सट्टा “भुक्तानी” भन्ने शब्द राखिएकोछ ।

(२५) दफा ४१ को,-

(क) खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

“(२) सो सम्पत्ति पुनः निसर्ग हुँदा यो दफा बमोजिम निसर्ग भएको समयसम्म सो सम्पत्ति वापत गरिएका खूद खर्चहरु (नेट आउट गोइङ्ग) प्राप्ति रकम बराबरको रकम भए सरह मानिनेछ ।”

(ख) खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

“(२) सो दायित्व पुनः निसर्ग हुँदा यो दफा बमोजिम निसर्ग भएको समयसम्म उपखण्ड (१) बमोजिम दायित्व वापत गरिएका खुद आम्दानीहरु खर्च रकम बराबरको भए सरह मानिनेछ ।”

(२६) दफा ४५ को उपदफा (२) को तेश्रो हरफमा रहेका “कर लाग्ने” भन्ने शब्दहरुको सट्टा “करयोग्य” भन्ने शब्द राखिएकोछ ।

(२७) दफा ५४ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (क) को पहिलो हरफमा रहेको “अन्तिम” भन्ने शब्द अघि “वितरण गरेमा” भन्ने शब्दहरु थपिएकाछन् ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

“(ख) अन्य निकायहरुले वितरण गरेमा कर लाग्ने छैन ।”

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कर कट्टी भई प्राप्त भएको लाभांश वितरण गरेमा कर लाग्ने छैन ।"

(ग) उपदफा (४) झिकिएकोछ ।

(२८) दफा ५७ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै निकायको पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तनको गणना गर्ने प्रयोजनको लागि सो निकायको देहाय बमोजिमको स्वामित्वलाई मात्र समावेश गरिनेछ :-

(क) सो निकायको कुल स्वामित्वको एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाले ग्रहण गरेको स्वामित्व, र

(ख) सो निकायको कुल स्वामित्वको एक प्रतिशत भन्दा कम स्वामित्व ग्रहण गर्ने शेयरवाला मध्ये सो निकायको कुल स्वामित्वको एक प्रतिशत भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाको सम्बद्ध व्यक्तिले ग्रहण गरेको स्वामित्व ।"

(२९) दफा ५८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै निकायले देहायको सबै अवस्थाहरु कायम राखी गरेको प्रबन्धलाई लाभांश कर घटाउन गरेको प्रबन्ध मानिनेछ :-

(क) सो निकायको संचित, चालू वा अपेक्षित मुनाफा भएमा,

(ख) हित प्राप्त गर्ने कुनै व्यक्तिले सो निकायको कुनै हित प्राप्त गर्छ र सो हित प्राप्तकर्ता वा निजको सम्बद्ध व्यक्तिले सो निकायको हालको वा साबिकको हिताधिकारीलाई वा निजको सम्बद्ध व्यक्तिलाई हित प्राप्तिसंग सम्बन्धित भए वा नभएपनि र हित प्राप्तीको समयमा भुक्तानी भए वा नभएपनि कुनै भुक्तानी गरेकोमा,

(ग) सो भुक्तानी पूर्ण वा आंशिक रुपमा निकायको मुनाफामा प्रतिबिम्बित भएमा, र

(घ) सो निकायले सो हित प्राप्तकर्तालाई लाभांश वितरण गरेकोमा र सो लाभांशले पूर्ण वा आंशिक रुपले सो मुनाफालाई समावेश गरेमा ।"

(३०) दफा ५९ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको बढीमा पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ । यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पूँजिकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएकोछ सोही वर्षको आयमा समावेश गरिनेछ ।"

(ख) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर उपदफा (१क.) बमोजिमको रकमलाई खर्चको रुपमा कट्टी गरेको भए त्यस्तो नोक्सानी घटाउन पाइने छैन ।"

(३१) दफा ६१ को,-

(क) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

"(२) बीमितलाई फिर्ता भएको खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित प्रिमियम ।"

(ख) उपदफा (३) को अन्तिम हरफमा रहेका "खर्चहरुमा समावेश गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "खर्च मानिने छैन" भन्ने शब्दहरु राखिएकाछन् ।

(३२) दफा ६३ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोषले र कर्मचारी संचय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी संचय कोषले अवकाश कोष सञ्चालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनुपर्ने छैन ।"

(ख) उपदफा (२) को तेस्रो हरफमा रहेको "आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ" भन्ने वाक्यांशको सट्टा "आयको गणना गर्दा घटाई पाउन दावी गर्न सक्नेछ" भन्ने वाक्यांश राखिएकोछ ।"

(३३) दफा ६४ को उपदफा (३) मा रहेको "कम्पनीलाई लाग्ने" भन्ने शब्दहरुको सट्टा अनुसूची- १ को दफा २ को उपदफा (१) मा उल्लिखित" भन्ने शब्दहरु राखिएकाछन् ।

(३४) दफा ६५ को उपदफा (१) को दोस्रो हरफमा रहेका "हितबाट भएको" भन्ने शब्दहरु पछि "वा श्री ५ को सरकारबाट भएको अवकाश भुक्तानी" भन्ने शब्दहरु थपिएकाछन् ।

(३५) दफा ६७ को उपदफा (६) को खण्ड (झ) को उपखण्ड (२) को पहिलो हरफमा रहेका "सो कार्यहरु" भन्ने शब्दहरुको सट्टा "रोजगार" भन्ने शब्द राखिएकोछ ।

(३६) दफा ७१ मा रहेको स्पष्टीकरणको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) "नेपालको करको औसत दर" भन्नाले कुनै आय वर्षमा कुनै विदेशी कर मिलान गर्नु अगावैको दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिले सो वर्षमा दाखिला गर्नु पर्ने करको रकमलाई सो व्यक्तिको सो आयवर्षको करयोग्य आयले भाग गरी हुन आउने रकमलाई एकसयले गुणन गर्दा हुन आउने दर सम्झनु पर्छ ।"

(३७) दफा ७२ को उपदफा (२) को चौथो हरफमा रहेका "आन्तरिक राजस्व कार्यालय" भन्ने शव्दहरुको अघि "ठूला करदाता कार्यालय वा" भन्ने शब्दहरु थपिएका छन् ।

(३८) दफा ७४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) करदाताले यस ऐन बमोजिमका कर्तब्यहरु पालना गर्नु पर्नेछ ।"

(३९) दफा ८१ को उपदफा (२) मा रहेको "कम्तीमा" भन्ने शब्द झिकिएकोछ ।

(४०) दफा ८८ को,-

(क) उपदफा (१) मा रहेका "भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै" भन्ने शब्दहरुको सट्टा "र" भन्ने शब्द राखिएकोछ र सो उपदफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ :-

"तर श्री ५ को सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा छ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ ।"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको देहायका भुक्तानी गर्दा देहायका दरले कर कट्टी गर्नु पर्नेछ :-

(क) लाभांश भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशत,

(ख) लगानी बीमाको लाभ भुक्तानी गर्दा लाभ रकमको पाँच प्रतिशत, वा

(ग) स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको दश प्रतिशत । "

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्ड वापत देहाय बमोजिमको ब्याज वा ब्याज स्वरुपको कुनै रकम भुक्तानी दिंदा कुल भुक्तानी रकममा छ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ :-

(क) नेपालमा स्रोत भएको, र

(ख) व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको ।"

(घ) उपदफा ४ को खण्ड (क) पछि देहायका खण्ड (क१.) र (क२.) थपिएकाछन् :-

"(क१.) कम्पनीलाई भुक्तानी गरेको सेवा शुल्क,

(क२.) प्रश्नपत्र तयार गरे बापत तथा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी,"

(४१) दफा ९० को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछः-

"(१) अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महीना समाप्त भएको पन्ध्र दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नु पर्नेछ ।"

(ख) उपदफा (५) को शुरुमा रहेको "देहाय बमोजिम अग्रिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी नगरेमा वा दाखिला नगरेमा सो कर कट्टी हुने व्यक्ति" भन्ने वाक्यांशकोसट्टा "देहाय बमोजिमको अवस्थामा अग्रिम कर कट्टी हुने व्यक्ति" भन्ने वाक्यांश राखिएकोछ ।

(४२) दफा ९२ को उपदफा (१) को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) दफा ८८ को उपदफा (३) मा उल्लेख भए बमोजिम बैंक, वित्तीय संस्था वा ऋण पत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याज :-

(१) नेपालमा स्रोत भएको र व्यवसाय संचालनसंग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,

(२) दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको,"

(ख) खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपिएकाछन् :-

"(छ) श्री ५ को सरकार वा स्वीकृत अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीहरु, र

(ज) बैठक भत्ता, पटके रुपमा अध्यापन गराए वापतको भुक्तानी ।"

(४३) दफा ९४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले देहाय बमोजिम तीन किस्तामा कर दाखिला गर्नु पर्नेछ :-

| दाखिला गर्नु पर्ने मिति | दाखिला गर्नु पर्ने रकम |
|---|---|
| पौष महिनाको अन्त्यसम्म | अनुमानित करको ४० % रकम मध्ये तिर्न बाँकी कर रकम |
| चैत्र महिनाको अन्त्यसम्म | अनुमानित करको ७० % रकम मध्ये तिर्न बाँकी कर रकम |
| आषाढ महिनाको अन्त्यसम्म | अनुमानित करको १०० % रकम मध्ये तिर्न बाँकी कर रकम |

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि,-

(क) "अनुमानित कर" भन्नाले किस्ताबन्दीमा कर दाखिला गर्नु पर्ने कुनै व्यक्तिले कुनै वर्षको किस्ताबन्दी कर दाखिला गर्नु पर्ने समयमा दफा ९५ बमोजिम गणना गरेको किस्ताबन्दीको अनुमानित कर सम्झनु पर्छ ।

(ख) "तिर्न बाँकी कर रकम" भन्नाले अनुमानित करको यस उपदफामा

किस्तामा दाखिला गर्न तोकिएको प्रतिशतले हुने रकमबाट देहायको कुल जम्मा रकम घटाउँदा नपुग हुने रकम सम्झनु पर्छ :-

(१) सम्बन्धित किस्ता दाखिला गर्नु पर्ने मिति अगाडि यस दफा बमोजिम पूर्व किस्ताद्वारा सो आय वर्षमा दाखिला गरेको कर रकम,

(२) सो आय वर्षमा सम्बन्धित किस्ता दाखिला गर्नु पर्ने मिति अगाडि कुनै व्यक्तिको परिच्छेद-१७ बमोजिम सो वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश हुने भुक्तानीहरुबाट कट्टी भएको कर रकम,

(३) किस्ता बुझाउनु पर्ने मितिभन्दा अगाडि सो वर्षमा कर कट्टी गर्ने एजेण्ट वा कर कट्टी हुने व्यक्तिले उपखण्ड (२) मा उल्लिखित भुक्तानीबाट दफा ९० को उपदफा (३) बमोजिम कर कट्टी भएको मानिने रकम विभागमा दाखिला गरेको भए त्यस्तो कर रकम, र

(४) किस्ता बुझाउनु पर्ने मिति भन्दा अगाडि सो व्यक्तिले गरेको स्वीकृत औषधि उपचार खर्चको सम्बन्धमा सो व्यक्तिले दफा ५१ बमोजिम दाबी गर्न सक्ने औषधि उपचार खर्चको कर मिलान रकम ।"

(ख) उपदफा (२) को दोस्रो हरफमा रहेको "किस्ताको" भन्ने शब्दको सट्टा "समग्र किस्ताको जम्मा" भन्ने शब्दहरु राखिएका छन् ।

(४४) दफा ९५ को,-

(क) उपदफा (१) मा रहेका "सो को विवरण" भन्ने शब्दहरु पछि "विभागबाट" भन्ने शब्द थपिएकोछ ।

(ख) उपदफा (७) मा रहेका "वा उपदफा (६) बमोजिम करको किस्ता बुझाउन कुनै व्यक्तिले अनुमान पेश गर्नु नपर्ने गरी तोकिएकोमा" भन्ने शब्दहरु झिकिएकाछन् ।

(४५) दफा ९६ को उपदफा (२) को,-

(क) खण्ड (क) को उपखण्ड (४) र (५) झिकिएकाछन् ।

(ख) खण्ड (ग) को उपखण्ड (१) झिकिएकोछ ।

(४६) दफा ९७ को,-

(क) शुरुमा रहेका "विभागले लिखित आदेश दिएमा बाहेक" भन्ने शब्दहरुको सट्टा "विभागले लिखित रुपमा आदेश दिएमा वा सार्वजनिक रुपमा सूचना प्रकाशित गरी आदेश दिएमा बाहेक" भन्ने शब्दहरु राखिएकाछन् ।

(ख) खण्ड (ख) को अन्त्यमा रहेको "वा" भन्ने शब्द झिकिएकोछ ।

(ग) खण्ड (ग) को अन्त्यमा रहेको "।" को सट्टा "," राखी "वा" थपिएकोछ ।

(घ) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ :-

"(घ) अनुसूची-१ को दफा १ को उपदफा (११) बमोजिम कर दाखिला गर्ने सवारीसाधन धनी प्राकृतिक व्यक्ति भएमा त्यस्तो प्राकृतिक व्यक्ति ।"

(४७) दफा १०१ को उपदफा (६) को चौथो हरफमा रहेको "सात" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएकोछ ।

(४८) दफा १०६ मा रहेका "कर विभागले" भन्ने शब्दहरुको सट्टा "विभागले" भन्ने शब्द राखिएकोछ ।

(४९) दफा ११४ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "करको निर्धारण" भन्ने शब्दहरु पछि "वा दफा १०५ को उपदफा (५) बमोजिमको लिलाम बिक्री खर्चको निर्धारण"

भन्ने शब्दहरु थपिएकाछन् ।

(५०) दफा ११५ को,-

(क) उपदफा (६) झिकिएकोछ ।

(ख) उपदफा (८) मा रहेको "नव्वे" भन्ने शब्दको सट्टा "साठी" भन्ने शब्द राखिएकोछ ।

(५१) दफा ११७ को,-

(क) उपदफा (१) मा रहेका "डेढ प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शून्य दशमलव एक प्रतिशत" भन्ने शब्दहरु राखिएकाछन् र सोही उपदफामा रहेका "प्रति महिनाका" भन्ने शब्दहरुको सट्टा "प्रति वर्षका" भन्ने शब्दहरु राखिएकाछन् ।

(ख) उपदफा (२) मा रहेका "डेढ प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शून्य दशमलव एक प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् र सोही उपदफामा रहेका "प्रति महिनाका" भन्ने शब्दहरुको सट्टा "प्रति वर्षका" भन्ने शब्दहरु राखिएकाछन् ।

(५२) दफा ११८ को सट्टा देहायको दफा ११८ राखिएकोछ :-

"११८. किस्ताबन्दीमा दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा ब्याज लाग्ने : (१) कुनै ब्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नु पर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकमभन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम ब्याज लाग्नेछ :-

(क) सो व्यक्तिले कुनै आय वर्षमा तिरेको प्रत्येक किस्ताको रकम,

(ख) सो आय वर्षमा प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने कुल रकमको अनुमान वा संशोधित अनुमान सही भएको भए सो रकम र सो रकम सही नभएको भए दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित व्यक्तिले

दाखिला गर्नु पर्ने कर रकमको प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने रकम को असी प्रतिशत रकम ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिलाई सो वर्षको सो किस्ता बुझाउनु पर्ने मितिदेखि सो बढी रकम नबुझाएसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य ब्याजदरले ब्याज लाग्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिमको व्यक्तिले त्यस्तो बढी रकम दफा ९९ बमोजिम कर निर्धारण भई कर बुझाउनु पर्ने मितिसम्म पनि दाखिला नगरेमा सो व्यक्तिलाई सो वर्षको सो किस्ता बुझाउनु पर्ने मितिदेखि सोही दफा बमोजिम कर निर्धारण भई कर बुझाउनु पर्ने मितिसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य ब्याजदरले ब्याज लाग्नेछ ।"

(५३) खारेजी : दफा ६६ खारेज गरिएकोछ ।

(५४) अनुसूची-१ मा संशोधन :

(१) दफा १ को,-

(क) उपदफा (१), (२), (३), र (४) को ठाँउ ठाँउमा रहेका "पचपन्न हजार रुपैयाँ", "पचहत्तर हजार रुपैयाँ", "एक लाख तीस हजार रुपैयाँ" र "एक लाख पचास हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा क्रमशः "असी हजार रुपैयाँ", "एक लाख रुपैयाँ", "एक लाख पचपन्न हजार रुपैयाँ" र "एक लाख पचहत्तर हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(ख) उपदफा (४) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।

(ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएकोछ :-

"(५) श्री ५ को सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता वापत तोकिएबमोजिम बढीमा तीसहजार रुपैयाँसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।"

(घ) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएकोछ :-

"(६) नेपाल अधिराज्यका विदेश स्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बांकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।"

(ङ) उपदफा (९) पछि देहायका उपदफा (१०), (११) र (१२) थपिएकाछन् :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने सो वापत भुक्तानी गरेको प्रिमियम मध्ये लगानी बीमा गरेको अंकको सात प्रतिशतले हुने रकम वा दश हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम

करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरुबाट देहाय बमोजिमको वार्षिक कर असुल गरिनेछ । सवारी साधन धनी प्राकृतिक व्यक्ति भएमा यसरी तिरेको कर नै अन्तिम हुनेछ ।

| सवारीको किसिम | प्रतिसवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|
| (क) मिनिबस, मिनि ट्रक, ट्रक र बस | रु. १,५००।- |
| (ख) कार, जिप, भ्यान, माइक्रो बस | रु. १,२००।- |
| (ग) थ्रि ह्विलर, अटो रिक्सा, टेम्पो | रु. ८५०।- |
| (घ) ट्रेक्टर र पावर टिलर | रु. ७५०।- |

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यस दफा बमोजिम करको गणना गर्दा पच्चीस प्रतिशत कर लाग्ने करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेछ :-

(क) कुनै प्राकृतिक व्यक्तिले कुनै वर्षभरी पूर्णरुपले यस ऐनको दफा ११ मा उल्लिखित विशेष उद्योग सञ्चालनमा संलग्न रहेमा,

(ख) कुनै प्राकृतिक व्यक्तिको कुनै आयवर्षमा निकासीबाट आय आर्जन भएमा ।"

(२) दफा २ को,-

(क) उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) सो निकायले,-

(१) कुनै सडक, पुल, टनेल, रोप-वे वा आकाशे पुल निर्माण गरी सञ्चालन गरेमा,

(२) कुनै ट्रली बस वा ट्राम सञ्चालन गरेमा, वा

(३) कुनै आयवर्षमा निकासीबाट आय आर्जन गरेमा ।"

(ख) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएकोछ :-

"(५) कुनै आय वर्षमा कुनै मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा अशक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा सो सम्पत्ति प्राप्त गर्ने वा रेखदेख

गर्ने वा सो ट्रष्टलाई बासिन्दा प्राकृतिक व्यक्ति सरह मानी यस अनुसूचीको दफा १ को उपदफा (१) र उपदफा (४) बमोजिम कर लाग्नेछ ।"

२५. बचाउ : सम्वत २०६० साल माघ १ गते जारी भएको आर्थिक अध्यादेश, २०६० बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची -१

१. **भन्सार महसूल :**

विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुमा आर्थिक ऐन, २०५८ को अनुसुची-१ मा उल्लिखित शीर्षक, उपशीर्षक, माल वा वस्तुका विवरणहरु र अन्य व्यवस्थाहरुमा समेत देहाय बमोजिम संशोधन र थप गरी भन्सार महसुल दर लगाइएको छ । यसमा उल्लिखित संशोधन र थप बाहेकका परिच्छेद र भागका द्रष्टव्यहरु, शीर्षक, उपशीर्षकहरु, माल वा वस्तुका विवरणहरु र माल वा वस्तुको पैठारीका दरहरु समेत आर्थिक ऐन, २०५८ बमोजिम नै हुनेछन् ।

| शीर्षक | उपशीर्षक | माल वा वस्तुको विवरण | पैठारी भन्सार महसुल दर अन्यथा उल्लेख भएकोमा वाहेक मोल प्रतिशतमा |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ०७.१३ | | कोसा छोडाएको सुख्खा कोसे तरकारी, बोक्रा छोडाएको वा नछोडाएको वा दलेको वा नदलेको । | |
| | ०७१३.१०.०० | -केराऊ | १०% |
| | ०७१३.२०.०० | -सानो केराउ | १०% |
| ०८.०१ | | नरिवल, ब्राजिलनट, काजु, ताजा वा सुकेको, खबटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको । | |
| | | -ब्राजिल नट्स : | |
| | ०८०१.२१.०० | --बोक्रा सहित | १५% |
| | ०८०१.२२.०० | --बोक्रा छोडाएको | १५% |
| ०८.०२ | | अन्य काष्ठफलहरु, ताजा वा सुकाएको, खवटा फुटाएको वा नफुटाएको, वोक्रा ताछेको वा नताछेको । | |
| | ०८०२.९०.०० | -अन्य | १५% |

| | | | |
|---|---|---|---|
| ०९.०१ | | कफी भुटेको वा नभुटेको वा क्याफीन (कफीको क्षेरोद) छुट्याएको वा नछुट्याएको; कफीको ढुटो र बोक्रा; कुनै पनि अनुपातमा कफीको मात्रा रहेको कफीको बदलामा प्रयोग गरिने अर्को कुनै चीज । | |
| | | -भुटेको कफी : | |
| | ०९०१.२१.०० | --क्याफिन (क्षेरोद) सहित | ४०% |
| | ०९०१.२२.०० | --क्याफिन (क्षेरोद) रहित | ४०% |
| | ०९०१.९०.०० | -अन्य | ४०% |
| १५.१४ | | रासायनिक परिवर्तन गरिएको, प्रशोधन गरेको वा नगरेको तोरी या रायो वा सर्स्यूको तेल र तैलांश । | |
| | | -न्यून इरुसिक अम्ल युक्त, तोरी रायो (रेप वा कोल्जा) को तेल र त्यसका तेलांश (फ्रयाक्सन्स) | |
| | १५१४.११.०० | --कच्चा तेल | २५% |
| | | -अन्य : | |
| | | --कच्चा तेल: | |
| | १५१४.९१.१० | ---क्यानोला (रेप्सीड) को | २५% |
| | १५१४.९१.९० | ---अन्य | २५% |
| | | --अन्य: | |
| | १५१४.९९.१० | ---क्यानोला (रेप्सीड) को | २५% |
| | १५१४.९९.९० | ---अन्य | २५% |
| १५.२० | १५२०.००.०० | ग्लीसरोल, अपरिष्कृत (क्रूड); ग्लीसरोल पानी र ग्लीसरोललाइज (क्षारोदक घोल) । | १०% |
| १७.०१ | | ठोस रुपमा उखु वा चुकन्दर र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज (उखुको चिनी) । | |
| | | -रंगाउने र सुवास र स्वाद आउने पदार्थ नमिसाएको कच्चा चिनी : | |
| | | --उखुको चिनी: | |
| | १७०१.११.१० | ---चिनी | २५% |
| | १७०१.११.९० | ---सख्खर (गुंड)/गुँडगट्टा समेत | १५% |
| | १७०१.१२.०० | --चुकन्दरको चिनी | २५% |

| | | | |
|---|---|---|---|
| १९.०५ | | कोको परेको वा नपरेको पाउरोटी, पेष्ट्री, केक, विस्कुट र अरु रोटी सम्वन्धी सामान; कम्युनियम, वेफर्स (पकाएको रोटी विर्कोको काम गर्ने), औषधी भर्न हुने खाली क्याप्सूल, (एम्टी क्यासे) सिलिङ वेफयर्स (टाल्ने रोटी), राइस पेपर (तोफु, ममचा बनाउने पिठोको रोटी जस्तो पदार्थ) र अन्य यस्तै उत्पादन । | |
| | | -अन्य: | |
| | १९०५.९०.१० | --पिज्जा | ४०% |
| | १९०५.९०.९० | --अन्य | ४०% |
| २०.०५ | | भिनेगार वा एसिटिक एसिडवाट भन्दा भिन्दै किसिमवाट सुरक्षित गरिएको वा तयार गरिएको, शीर्षक २०.०६ का उत्पादनहरु वाहेक, हिमीकृत नगरिएका (नौट फ्रोजेन) अन्य वनस्पतिहरु । | |
| | | -आलुहरु: | |
| | २००५.२०.१० | --फ्रोजेन फ्रेन्च फ्राइका लागि | २५% |
| | २००५.२०.९० | --अन्य | २५% |
| २१.०३ | | सस र ससको लागि चाहिने परिकार; मिश्रित मसला र मिश्रित मरमसला; सर्स्यूंको पिठो, मैदा र तयारी सर्स्यूं (मष्टार्ड) । | |
| | २१०३.१०.०० | -भटमासको चटनी (सस) | २५% |
| | २१०३.२०.०० | -गोलभेडाको अचार (केचप) र अन्य गोलभेडाको चटनी (सस) | २५% |
| | २१०३.३०.०० | -सर्स्यूंको पिठो र मैदा र तयारी सर्स्यूं | २५% |
| | २१०३.९०.०० | -अन्य | २५% |
| २१.०६ | | अन्यत्र नपरेको खाद्य पदार्थ । | |
| | २१०६.१०.०० | -प्रोटिनको सार र टेक्सचर्ड प्रोटिन पदार्थ | २५% |
| | | -अन्य : | |
| | २१०६.९०.९० | --अन्य | २५% |
| २२.०३ | २२०३.००.०० | जौवाट वनेको वियर । | प्र.लि. रु.१०४।- |

| | | | |
|---|---|---|---|
| २२.०६ | | अन्य कुहाएको (फर्मेण्टेड) पेयपदार्थहरु (उदाहरणतः स्याउबाट बनेको साइडर, नासपातीबाट बनेका पेरी, कुहाएको मह र पानी मिलाएको मिड); अन्यत्र नपरेका वा समावेश नभएका कुहाएको पेय पदार्थहरु (फर्मेण्टेड् विभरेजेज) को मिश्रण र कुहाइएका पेय पदार्थहरु (फर्मेण्टेड् विभरेजेज) तथा अमारक पेय पदार्थ (ननअल्कोहोलिक विभरेजेज) हरुको मिश्रण । | |
| | २२०६.००.१० | -छ्याङ (कन्ट्री वियर) | ४०% |
| | २२०६.००.९० | -अन्य | ४०% |
| २२.०८ | | ८० प्रतिशत भन्दा कम घनत्व अल्कोहल शक्ति भएको अविकृत (अनडिनेचर्ड) एथिल अल्कोहल; अरख (स्पिरिट्स),मदिरा (लिकर्स) र अन्य मादक (स्पिरिचुअस) पेयहरु (बेभरेजेज) । | |
| | | -अंगुरको वाइन वा अंगुर मार्कवाट निकालिएको स्प्रिट (ब्राण्डी): | |
| | २२०८.२०.१० | --वाइन वा ब्राण्डीको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |
| | २२०८.२०.९० | --अन्य | प्र.लि. रु.३१०।- |
| | | -व्हीस्कीहरु : | |
| | २२०८.३०.१० | --ह्वीस्कीको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |
| | २२०८.३०.९० | --अन्य | प्र.लि. रु.३१०।- |
| | | -रम र टाफिया : | |
| | २२०८.४०.१० | --रम र टाफियाको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |
| | २२०८.४०.९० | --अन्य | प्र.लि. रु.३१०।- |
| | | -जीन र जेनेभा : | |
| | २२०८.५०.१० | --जीन र जेनेभाको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |

| | | | |
|---|---|---|---|
| | २२०८.५०.९० | --अन्य | प्र.लि. रु.३१०।- |
| | | -भोड्का : | |
| | २२०८.६०.१० | --भोड्काको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |
| | २२०८.६०.९० | -अन्य | प्र.लि. रु.३१०।- |
| | | -मदिरा (लिकर्स) तथा उद्दीपक (कर्डियल्स) : | |
| | २२०८.७०.१० | --मदिरा (लिकर्स) तथा उद्दीपक (कर्डियल्स) को कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |
| | २२०८.७०.९० | --अन्य | प्र.लि. रु.३१०।- |
| | | -अन्य : | |
| | २२०८.९०.१० | --अन्य मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्र.लि. रु.२७०।- |
| | २२०८.९०.९० | --अन्य | प्र.लि. रु.३१०।- |
| २४.०१ | | वस्तु उत्पादनमा नल्याइएका सूर्ति; सूर्तिको अवशेष । | |
| | २४०१.१०.०० | -डांठबाट नछुट्याइएको वा ननिकालिएको सूर्ति (स्टेम्ड/स्ट्रीप्ड) | २५% |
| | २४०१.२०.०० | -आंशिक वा पूर्णरुपमा डांठबाट छुट्याइएको वा निकालिएको सूर्ति (स्टेम्ड/स्ट्रीप्ड) | २५% |
| | २४०१.३०.०० | -सूर्तिको अवशेष | २५% |
| २४.०२ | | सूर्ति वा सूर्तिको प्रतिस्थापक (सब्स्टिच्यूट) वाट वनेको सिगार, चुरोट (चेरुट्स), सानो सिगार (सिगारिलस) र चुरोट (सिगरेट) । | |
| | २४०२.१०.०० | -सूर्तिको सिगार, चुरोट (चेरुट) र सानोसिगार (सिगारिलस) | प्र.हजार खिल्ली रु.७३०।- |
| | २४०२.२०.०० | -सूर्तिको चुरोट (सिगरेट) | प्र.हजार खिल्ली रु.७३०।- |
| | २४०२.९०.०० | -अन्य | प्र.हजार खिल्ली रु.७३०।- |

| | | | |
|---|---|---|---|
| २४.०३ | | अन्य उत्पादनमा प्रयोग भएको सूर्ति र प्रतिस्थापक सूर्ति; समरुप (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिच्यूएटेड) सूर्ति; सूर्तिको रस र सार । | |
| | | -कुनै पनि अनुपातमा सूर्तिको प्रतिस्थापक (सब्स्टिच्यूट) भएको वा नभएको धूमपान गर्ने सूर्ति | |
| | २४०३.१०.१० | --पाइप टोबाको | ८०% |
| २५.२३ | | पोर्टलेण्ड सिमेण्ट (चुन ढुंगा र दुमट माटोलाई भट्टीमा पोल्दा बनिने सिमेण्ट), एलुमिनस सिमेण्ट (एलुमिनियम अक्साइड युक्त सिमेण्ट) ("सिमेण्ट फोण्डू"), स्लाग सिमेण्ट, सुपर सल्फेट सिमेण्ट र अन्य यस्तै हाइड्रोलिक सिमेण्टहरु (पानीमा कडा हुने सिमेण्ट), रंगीन वा रंगहीन अथवा क्लिन्कर (धातुमल) को रुपमा । | |
| | २५२३.१०.०० | -धातुमल सिमेण्ट (सिमेण्ट क्लिन्कर) | प्र.मे.टन रु.१२००।- |
| | | -पोर्टल्याण्ड सिमेण्ट: | |
| | २५२३.२९.०० | --अन्य | प्र.मे.टन रु.२०००।- |
| २६.२१ | | अन्य धातुमल (स्ल्याग) तथा क्षार (ऐश), समुद्री वनस्पति (सीविड्) को खरानी (केल्प) समेत; नगरिय उत्सर्जित पदार्थ (फोहोर मैला: म्यूनिसिपिल वेष्ट) को भष्मीकरण (इनसिनरेशन) बाट हुने क्षार र अवशेषहरु । | |
| | २६२१.१०.०० | -नगरीय उत्सर्जित पदार्थ (नगरको फोहोर मैलो) भष्मीकरणबाट हुने क्षार र अवशेषहरु | प्र.मे.टन रु.६००।- |
| | २६२१.९०.०० | -अन्य | प्र.मे.टन रु.६००।- |
| २७.१० | | कच्चा (क्रुड) बाहेक पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल; तौलमा ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेल भएका, यिनै तेल नै मुख्य घटक (बेसिक कन्स्टिच्यूएण्ट्स) भएका, अन्यत्र समावेश वा निर्दिष्ट नगरिएका तयारी वस्तुहरु (प्रिपरेसन्स); रद्दी तेलहरु (वेष्ट आयल्स) । | |

| | | | |
|---|---|---|---|
| | | -पेट्रोलियम तेलहरु र विटुमिन खनिजहरुबाट प्राप्त तेलहरु (कच्चा तेल वाहेक) तथा अन्यत्र निर्दिष्ट वा समावेश नभएका, तौलको हिसावले ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेलहरु वा विटुमिन खनिजवाट प्राप्त तेलहरु भएको, यिनै तेलहरु मुख्य घटक (बेसिक कन्स्टिट्यूएण्ट) भएका तयारी वस्तुहरु (प्रिपरेसन्स), रद्दी तेलहरु (वेष्ट आयल्स) वाहेकः | |
| | | --हल्का तेलहरु र तयारी वस्तुहरु (प्रिपरेसन्स) : | |
| | २७१०.११.११ | ---हवाई स्प्रीट | प्र.कि.लि. रु.१२९०।- |
| | २७१०.११.१२ | ---अन्य स्प्रीट (पेट्रोल समेत) | प्र.कि.लि. रु.११२५०।- |
| | २७१०.११.१३ | ---स्प्रीट भएको जेट इन्धन, अन्य हलुका तेल र अन्य तयारी सामानहरु | प्र.कि.लि. रु.१२९०।- |
| | २७१०.११.१४ | ---मट्टितेल किसिमको जेट इन्धन | प्र.कि.लि. रु.१२९०।- |
| | २७१०.११.१५ | ---अन्य मट्टितेलहरु | प्र.कि.लि. रु.८००।- |
| | २७१०.११.१६ | ---अन्य मध्यम तेल र उत्पादनहरु | प्र.कि.लि. रु.१२९०।- |
| | २७१०.११.१७ | ---हाइ स्पीड डिजेल तेल र भ्यापोराइजिङ्ग तेलहरु | प्र.कि.लि. रु.३१००।- |
| | २७१०.११.१८ | ---अन्य डिजेल तेलहरु | प्र.कि.लि. रु.४४०।- |
| | | --अन्य : | |
| | २७१०.१९.११ | ---इन्धन तेलहरु (फर्निस आयल) | प्र.कि.लि. रु.४००।- |
| | २७१०.१९.१८ | ---व्हाइट आइल (अगरवत्तीको कच्चा पदार्थ) | १५% |
| २७.१३ | | पेट्रोलियम कोक, पेट्रोलियम विटुमिन र पेट्रोलियम तेलका अन्य अवशेषहरु वा विटुमिनयुक्त खनिज तेलका अवशेषहरु । | |
| | | -पेट्रोलियम कोकः | |
| | २७१३.११.०० | --अभष्मित | १०% |
| | २७१३.१२.०० | --भष्मित | १०% |

| | | | |
|---|---|---|---|
| २८.२३ | २८२३.००.०० | टिटानियम अक्साइडहरु । | १५% |
| ३०.०३ | | खुद्रा विक्रीको लागि पोका (प्याकिङ्ग) नपारेको वा कुनै आकार नदिइएको वा मात्रा नतोकेको, उपचारात्मक वा प्रतिकारात्मक प्रयोजनको लागि दुई वा दुइ भन्दा बढी वस्तु (घटकहरु) मिश्रित गरी बनेका औषधिहरु (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरु वाहेक) । | |
| | ३००३.९०.४० | --वत्तीसा, द्राक्षासव, त्रिफला, कव्जहर, च्यवनप्रास, केशरी जिवन समेत | १०% |
| | ३००३.९०.९० | --अन्य | १५% |
| ३०.०४ | | खुद्रा बिक्रीको लागि संवेष्टन (प्याकिङ्ग) को रुपमा वा परिमित(मेजर्ड) मात्राहरु (डोजेज) को रुपमा राखिएका (छालापार (ट्रान्सडर्मल) भेषजावधारण (एड्मि-निष्ट्रेशन) पद्धतिको रुपमा भएका समेत) उपचारात्मक (थेराप्यूटिक) वा प्रतिकारात्मक (प्रोफिल्याक्टिक) प्रयोगका मिश्रित वा अमिश्रित उत्पादनहरु भएका औषधहरु (मेडिकामेण्ट्स) (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरु वाहेक) । | |
| | ३००४.९०.४० | --वत्तीसा द्राक्षासव त्रिफला,कव्जहर, च्यवनप्रास, केशरी जिवन समेत | १०% |
| | ३००४.९०.९० | --अन्य | १५% |
| ३२.०५ | ३२०५.००.०० | लेक (लाक्षक) वर्णक (कलरलेक); यस भागको दृष्टव्य ३ मा उल्लेखित कलरलेकमा आधारित उत्पादनहरु । | १५% |
| ३२.०७ | | माटाका भांडा, इनामेल (तामचिनी) लगाउने र ग्लास उद्योगमा प्रयोग गरिने खालका तयार गरिएका वर्णकहरु, तयार गरिएका अपारदर्शक बनाउने चिजहरु, तयार गरिएका रंगहरु, कांच बनाउन सकिने इनामेल र टलकहरु, (ग्लेज), एनगोव्स (स्लिप्स), तरल चमकहरु र त्यस्तै उत्पादनहरु ग्लास (कांच) फ्रिट र अन्य कांच (ग्लास) हरु, धूलो, दाना वा पातला टुक्राका (फ्लेक) को रुपमा । | |
| | ३२०७.१०.०० | -तयारी वर्णक (पिगमेन्ट)हरु, तयारी अपारदर्शक बनाउने वस्तुहरु, तयारी रंग र त्यस्तै उत्पादनहरु | १५% |

| | | | |
|---|---|---|---|
| | ३२०७.२०.०० | -कांच बनाउन सकिने (भिट्रिफाएबल) इनामेलहरु, टलकहरु (ग्लेज), एनगोव (स्लिप्स) र त्यस्तै उत्पादनहरु | १५% |
| | ३२०७.३०.०० | -तरल चमकहरु (लिक्वीड लस्टर्स) र त्यस्तै उत्पादनहरु | १५% |
| | ३२०७.४०.०० | -ग्लास (कांचको) फ्रिट र अन्य ग्लास (कांचहरु), धूलो, दाना र पातला टुक्राको (फ्लेक) रुपमा | १५% |
| ३२.०९ | | जलीय माध्यममा डिष्पर्स्ड (प्रक्षिप्त) वा डिजल्भ (घुलित) गरिएको कृत्रिम पोलिमरहरु (वहुभाग) वा रासायनिक तवरले परिवर्तन गरिएको प्राकृतिक पोलिमरहरुमा आधारित रङ्गलेप (पेन्ट) र रोगन (वार्निस) (इनामेल र प्रलाक्षारस (ल्याकर्स) समेत) । | |
| | ३२०९.९०.०० | -अन्य | २५% |
| ३२.१५ | | केन्द्रीभूत वा ठोस रुपमा रहेको वा नरहेको छाप्ने मसी, लेख्ने वा रेखांकन गर्ने मसी र अन्य मसीहरु । | |
| | | -छाप्ने मसी : | |
| | ३२१५.११.०० | --कालो | १०% |
| | ३२१५.१९.०० | --अन्य | १०% |
| | ३२१५.९०.०० | -अन्य | १०% |
| ३३.०५ | | कपालमा प्रयोग गरिने सामानहरु । | |
| | ३३०५.१०.०० | -स्याम्पूहरु | २५% |
| ३३.०६ | | मुख सम्बन्धी (ओरल) वा दांत सम्बन्धी (डेण्टल) स्वास्थ्य (हाइजिन) निमित्तका तयारी वस्तुहरु (प्रिपरेसन्स), दन्त स्थिरक लेदो र चूर्ण (डेञ्चर फिक्सेटिभ पेष्टस र पाउडर्स) समेत; अलग अलग (इन्डिभिजुअल) खुद्रा बिक्रीको प्याकेजमा भएको दांतहरुको चेप (बीचको भाग) सफा गर्न प्रयोग गरिने तन्तु (यार्न) (डेण्टल ल्फौस वा दांत वा दांतको चेप सफा गर्न बनाइएको मुलायम खालको धागो) । | |
| | ३३०६.१०.०० | -दन्त मञ्जनहरु (डेण्टिफ्रीसेस) | २५% |

| | | | |
|---|---|---|---|
| ३३.०७ | | दाह्री बनाउने (प्रिशेभ, शेभिङ्ग र आफ्टरशेभ) सामानहरु, गन्ध हटाउने, नुहाउने सामानहरु, रौं खुइल्याउने सामानहरु र अन्यत्र नपरेका, अन्य सुगन्धित श्रृंगारिक वा सर सफाइका सामानहरु; विसंक्रामक तत्वहरु भएको वा नभएको, सुगन्धित भएको वा नभएको कोठा गन्धहारक डिओडोराइजर) सामानहरु । | |
| | ३३०७.२०.०० | -व्यक्तिगत गन्ध हटाउने र पसीना रोक्ने सामानहरु | १५% |
| | ३३०७.३०.०० | -सुगन्धित नुहाउने लवण र स्नानका सामानहरु | १५% |
| | | -कोठा सुगन्धित पार्ने वा कोठाको दुर्गन्ध हटाउने सामग्रीहरु धार्मिक काममा प्रयोग हुने सुगन्धित सामानहरु समेत : | |
| | ३३०७.४१.०० | --"अगरबत्ती" र अन्य वालेपछि सुगन्धित हुने सामानहरु | १५% |
| | ३३०७.४९.०० | --अन्य | १५% |
| | ३३०७.९०.०० | -अन्य | १५% |
| | | आर्थिक ऐन, २०५८ को अनुसूची- १ को उपशीर्षक "३४०१.१९.२०" र "औद्योगिक सावुन" भन्ने शव्दावली र सो को दर हटाइएको छ । | |
| ३७.०२ | | कागज, कागज वोर्ड वा कपडा पदार्थ, (टेक्सटाइल) वाहेक अन्य जुनसुकै पदार्थको, प्रकाशग्राही, नखोलिएको छायाचित्रण (फोटोग्राफी) सम्वन्धी रोलमा भएको फिल्म; रोलमा भएको प्रकाशग्राही र नखोलेको तत्काल खिचिने (इन्स्ट्यान्ट प्रिन्ट) फिल्म । | |
| | ३७०२.२०.०० | -इन्स्ट्यान्ट प्रिन्ट (तत्काल खिचिने) फिल्म | १५% |
| | | -१०५ एम एम भन्दा बढी चौडाइ नभएका, छिद्रण (परफोरेशन्स) हरु रहित, अन्य फिल्म : | |
| | ३७०२.३१.०० | --रंगीन फोटोग्राफिका लागि (पोलिक्रोम) | १५% |
| | ३७०२.३२.०० | --अन्य, सिल्भर हलाइड इमल्सनयुक्त | १५% |
| | ३७०२.३९.०० | --अन्य | १५% |
| | | -१०५ एम एम भन्दा बढी चौडाइ भएका, छिद्रणहरु रहित, अन्य फिल्म : | |

| | | | |
|---|---|---|---|
| | ३७०२.४१.०० | --६१० एम.एम. भन्दा बढी चौडाई र २०० मी. भन्दा बढी लम्बाई भएको रंगीन फोटोग्राफीको (पोलिक्रोम) लागि | १५% |
| | ३७०२.४२.०० | --६१० एम.एम. भन्दा बढी चौडाई र २०० मी. भन्दा बढी लम्बाई भएको, रंगीन फोटोग्राफीको लागि बाहेक | १५% |
| | ३७०२.४४.०० | --१०५ एम.एम. भन्दा बढी तर ६१० एम.एम. भन्दा कम चौडाई भएका | १५% |
| | | -रंगीन फोटोग्राफीको लागि अन्य फिल्म (पोलिक्रोम): | |
| | ३७०२.५१.०० | --१६ एम.एम. भन्दा कम चौडाई र १४ मी. भन्दा कम लम्वाइका | १५% |
| | ३७०२.५२.०० | --१६ एम.एम. भन्दा कम चौडाई र १४ मी. भन्दा बढी लम्वाईको | १५% |
| | ३७०२.५३.०० | --१६ एम.एम. भन्दा बढी तर ३५ एम. एम. भन्दा कम चौडाईको ३० मी. भन्दा कम लम्वाईको, स्लाइडको लागि | १५% |
| | ३७०२.५४.०० | --१६ एम. एम. भन्दा बढी तर ३५ एम. एम. भन्दा कम चौडाईको ३० मी. भन्दा कम लम्वाईको, स्लाइडको लागि वाहेक | १५% |
| | ३७०२.५५.०० | --१६ एम. एम. भन्दा बढी तर ३५ एम. एम. भन्दा कम चौडाई र ३० मी. भन्दा बढी लम्वाईको | १५% |
| | ३७०२.५६.०० | --३५ एम.एम. भन्दा बढी चौडाई भएको | १५% |
| | | -अन्य : | |
| | ३७०२.९३.०० | --१६ एम.एम भन्दा बढी तर ३५ एम.एम. भन्दा कम चौडाई र ३० मी. भन्दा कम लम्वाई भएको | १५% |
| | ३७०२.९४.०० | --१६ एम.एम. भन्दा बढी तर ३५ एम.एम. भन्दा कम चौडाई र ३० मी. भन्दा बढी लम्वाई भएको | १५% |
| | ३७०२.९५.०० | --३५ एम.एम. भन्दा बढी चौडाई भएको | १५% |
| ३७.०३ | | प्रकाशग्राही, नखोलिएको (अनएक्सपोज्ड) छायाचित्रण सम्वन्धी कागज, कागज वोर्ड र कपडा (टेक्सटाइल) पदार्थ । | |
| | ३७०३.१०.०० | -६१० एम. एम. भन्दा बढी चौडाईका, रोलमा भएको | १५% |
| | ३७०३.२०.०० | -अन्य, रंगीन फोटोग्राफीको लागि (पोलिक्रोम) | १५% |

| | | | |
|---|---|---|---|
| | ३७०३.९०.०० | -अन्य | १५% |
| ३७.०६ | | सिनेमा सम्वन्धी फिल्म, खोलिएको र विकास गरिएको, ध्वनिमार्ग समाविष्ट भएको (इनकोरपोरेटिङ) वा नभएको वा ध्वनिमार्ग मात्र भएको । | |
| | ३७०६.१०.०० | -३५ एम.एम. वा बढी चौडाइको | प्रति मी. रु.१०।- |
| | ३७०६.९०.०० | -अन्य | प्रति मी. रु.१०।- |
| ३८.०२ | | क्रियाशील (एक्टीभेटेड) कार्वन; क्रियाशील प्राकृतिक खनिज उत्पादनहरु; जीवजन्तुजन्य कालो वर्णक (एनिमल व्ल्याक) र प्रयुक्त जीवजन्तुजन्य कालो वर्णक (स्पेन्ट एनिमल व्ल्याक) समेत । | |
| | ३८०२.१०.०० | -क्रियाशिल कार्वन | १०% |
| | ३८०२.९०.०० | -अन्य | १०% |
| ३८.०८ | | कीटनाशक, कृतकान्तक (रोडेन्टिसाइड), च्याउनाशक, झारपातनाशक, अंकुरणरोधी (एण्टीस्प्राउटिक) उत्पादनहरु र वनस्पति बृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर), विसंक्रामक र त्यस्तै उत्पादनहरु, खुद्रा बिक्रीको लागि आकार वा पुलिन्दा (प्याकिङ्ग) मा राखिएको वा तयारी सामान (प्रिपेरेशन) वा वस्तु (आर्टिकल) को रुपमा राखिएको (जस्तै, गन्ध उपचार गरेका धागो (बैण्ड), सलेदो (विक्स) तथा मैनबत्ती, र झिंगा फसाउने कागज (फ्लाइ पेपर्स) हरु) । | |
| | | -कीटनाशक पदार्थहरु (इनसेक्टी- साइड्स): | |
| | ३८०८.१०.२० | --मच्छर धूप (क्वाइल, ट्याव्लेट र तरल समेत) | २५% |
| ३८.११ | | खनिज तेल (ग्यासोलिन सहित) वा खनिज तेलको उद्देश्यले प्रयोग हुने अन्य तरल पदार्थको लागि अपस्फोट (एण्टिनोक) वस्तुहरु, अक्सिडेसन निरोधक वस्तुहरु, लिस्याइलोपन निरोधक (गम इनहिविटर) वस्तुहरु, लिस्याइलो वा चिपचिपेपन बढाउने (भिस्कोसिटी इम्प्रुभर्स) वस्तुहरु, खिया निरोधक (एण्टिकोरोसिभ) वस्तुहरु र यस्तै योगज (एडिटिभ) तयारी वस्तुहरु। | |

| | | | |
|---|---|---|---|
| | | -एण्टीनक (अपस्फोट) उत्पादनहरु : | |
| | ३८११.११.०० | --सिसा (लिड) को यौगिकमा आधारित | १५% |
| | ३८११.१९.०० | --अन्य | १५% |
| | | -चिप्लो पार्ने तेल (लुब्रिकेटिङ्ग आयल) को लागि एडिटिभ्स योगज वस्तुहरु (एडिटिभ्स्) : | |
| | ३८११.२१.०० | --पेट्रोलियम तेल वा बिटुमिनयुक्त खनिजबाट प्राप्त तेल भएको | १५% |
| | ३८११.२९.०० | --अन्य | १५% |
| | ३८११.९०.०० | -अन्य | १५% |
| ३८.१४ | ३८१४.००.०० | प्रांगारिक संयुक्त द्रावक (सोल्भेन्ट) र पातलो पार्ने (थिनर) पदार्थ, अन्यत्र नपरेको; प्रलेप (पेन्ट) र रोगन (वार्निस) हटाउने वा मेट्ने तयारी सामानहरु । | १५% |
| ३८.१९ | ३८१९.००.०० | पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेलको मात्रा नभएको वा तौल मा ७० प्रतिशत भन्दा कम भएको हाइड्रोलिक ब्रेकको तरल द्रव्य र हाइड्रोलिक ट्रान्समिशनको लागि अन्य तयारी तरल द्रव्यहरु । | ३५% |
| ३८२५ | | अन्यत्र उल्लेख वा समावेश नभएका; रासायनिक वा समवर्गी (एलाइड्) उद्योगहरुका अवशिष्ट उत्पादनहरु (रेसिड्यूअल प्रोडक्ट्स); नगरीय उत्सर्जित पदार्थहरु (म्यूनिसिपल वेष्ट); नालीको फोहर मैलो (हिलो) (सिवेज स्लज); यस भागको द्रष्टव्य ६ मा उल्लिखित अन्य उत्सर्जित पदार्थहरु फोहर मैला (वेस्ट्स) । | |
| | ३८२५.१०.०० | -नागरीय उत्सर्जित पदार्थँहरु (म्यूनिसिपल वेस्ट्) | ३५% |
| | ३८२५.२०.०० | -नालीको फोहर मैलो (हिलो) (सिवेज स्लज) | ३५% |
| | ३८२५.३०.०० | -औषधोपचारीय उत्सर्जनहरु (क्लिनिकल वेष्ट) | ३५% |
| | | -वेकम्मा प्रांगारिक द्रावक पदार्थहरु (वेष्ट अर्गानिक सोल्भेण्टस) : | |
| | ३८२५.४१.०० | --ह्यालोजनिकृत (हैलोजनेटेड) | ३५% |
| | ३८२५.४९.०० | --अन्य | ३५% |

| | | | |
|---|---|---|---|
| | ३८२५.५०.०० | -धातुको अम्लमार्जन निमित्तका द्रबहरु (मेटल पिकलिङ् लिकर्स), द्रवपरिचालित यन्त्र (हाइड्रोलिक) का द्रबहरु (फ्लूइड्स), रोधक (व्रेक) का द्रबहरु (फ्लूइड्स) तथा हिमिकरण विरोधी द्रबहरु (ऐण्टी फ्रीज फ्लुइड्स) का उत्सर्जनहरु (वेस्ट्स) | ३५% |
| | | -रासायनिक वा समवर्गी उद्योगहरुका अन्य उत्सर्जनहरु : | |
| | ३८२५.६१.०० | --मुख्यतः प्रांगारिक अवयवीहरु (कन्स्टिच्यूएन्ट्स) समावेश भएका | ३५% |
| | ३८२५.६९.०० | --अन्य | ३५% |
| | ३८२५.९०.०० | -अन्य | ३५% |
| ३९.१७ | | प्लाष्टिकका, नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु) र तिनका जडानहरु (जस्तै जोर्नीहरु, इल्वोज (कुहुनो), प्लान्जहरु (वाहिर निस्कने भाग) । | |
| | | -नलीहरु, पाइपहरु र होजेज (लामो लचकदार नलीहरु), दह्रो : | |
| | ३९१७.२१.०० | -इथाइलिनको पोलिमरको | ३५% |
| ३९.२३ | | मालसामानको ओसारपसार (कन्भेयेन्स) वा परिवेष्टन (प्याक) गर्ने प्लाष्टिकका सामानहरु; प्लाष्टिकका पौलो वा वुजो (स्टोपर्स) ढकनी (लिड्स), विर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने (क्लोजर्स) सामग्रीहरु । | |
| | | -वाकस (कन्तुर वा सन्दूस) हरु, केस (वट्टा वा पेटी) हरु, टोकरी वा डालो (क्रेटस) र यस्तै सामग्रीहरुः | |
| | ३९२३.१०.१० | --प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्यूवहरु | २५% |
| | ३९२३.१०.९० | --अन्य | ४०% |
| ४०.११ | | रबरको नयां न्यूमाटिक (वायुपूरित वा हावा भरिएका) टायरहरु । | |
| | ४०११.१०.०० | -मोटर कारमा प्रयोग हुने खालको (स्टेसन वागेन र रेसिङ कारहरु समेत) | ३५% |
| | ४०११.२०.०० | -बस र लहरीहरुमा प्रयोग हुने खालको | ३५% |

| | | | |
|---|---|---|---|
| ४०.१२ | | पादन्यास फेरिएको (रिट्रिडेड्) वा प्रयोग गरिएका (युज्ड) हावादार (न्यूम्याटिक) रबरका पाङ्गाहरु; (रबरका ठोस (सोलिड्) वा गद्दादार (कुसन) पाङ्गाहरु, पाङ्गा (टायर) का पादन्यास (ट्रिड्स) हरु, पाङ्गाहरुका आवरक (फ्लैप्स)हरु । | |
| | | -पादन्यास फेरिएका पाङ्गाहरु (रिट्रेडेड् टायर्स) : | |
| | ४०१२.११.०० | --मोटर गाडीहरु (मोटर कार्स) (स्टेशन वाइगन तथा रेसिङ्ग कार्स समेत) मा प्रयोग हुने खालका | ४०% |
| | ४०१२.१२.०० | --वस र लहरीमा प्रयोग हुने खालका | ४०% |
| | ४०१२.१९.१० | ---कृषि ट्याक्टरमा प्रयोग हुने खालका | १५% |
| | ४०१२.१९.२० | ---गोरु गाडामा प्रयोग हुने खालका | १५% |
| | ४०१२.१९.९० | ---अन्य | ३५% |
| | ४०१२.२०.०० | -प्रयोग गरिएका (यूज्ड) हावादार (न्यूम्याटिक) पाङ्गा (टायर्स) | ३५% |
| | ४०१२.९०.०० | -अन्य | ३५% |
| ४०.१३ | | रबरको भित्री नली (इनर ट्यूव) । | |
| | ४०१३.१०.०० | -मोटर कार (स्टेशन वागेन्स र रेसिङ कारहरु समेत), बसहरु वा लहरीहरुमा प्रयोग हुने खालका | ३५% |
| | | -अन्य : | |
| | ४०१३.९०.९० | --अन्य | ३५% |
| ४०.१६ | | कडा रबर वाहेक भल्कनाइज्ड रबरका अन्य सामानहरु । | |
| | | -अन्य : | |
| | ४०१६.९३.०० | --जोर्नीमा चुहावट रोक्नलाई राखिने कलर जस्तो रबर (गास्केट), वासरहरु र अन्य सीलहरु | १५% |

| | | | |
|---|---|---|---|
| ४२.०२ | | कन्तुर, सुटकेसहरु, भेनेटी केसहरु, एक्जुक्यूटिभ केसहरु, ब्रिफ केसहरु, किताव राख्ने झोला (स्कूल स्याचेल), चश्माका खोलहरु (स्पेक्ट्याकल केस), बाइनाकुलरका केसहरु, क्यामराका केसहरु, वाद्य यन्त्रका केसहरु, बन्दूकका खोलहरु, काठी पेटीसाथ जोडिएको पिस्तोलको खोल (होल्स्टर) हरु र त्यस्तै कन्टेनर (आधानपत्र) हरु; यात्रा (ट्राभेलिंग) मा प्रयोग गरिने झोलाहरु, खाद्य वा पेय पदार्थ राख्ने तापावरोधित थैलो (इन्सुलेटेड् फुड् ओर वेभरेज बैग्स), ट्वाइलेट (श्रृंगारका वा सरसफाइका) झोलाहरु, रुकस्याक, हातेझोला (हैण्ड व्याग), किनमेलको झोला (शपिङ्ग व्याग), वालेट्स, थैलीहरु (पर्सेस), नक्सा राख्ने केसहरु, सिगरेट केसहरु, सूर्तिका थैलाहरु, औजार राख्ने झोलाहरु, खेलकूदका झोलाहरु, वोतल केसहरु, गर्गहनाका वाकसहरु, पाउडर वक्सहरु, कटलरी केसहरु र त्यस प्रकारको औजारका केसहरु र त्यस्तै कन्टेनर (आधानपात्र) हरु, छालाका वा संयोजित छाला (कम्पोजिशन लेदर) का वा प्लाष्टिक चादर (सिटिङ्ग) का, कपडा पदार्थका, वल्कनीकृत रेशाका वा पेपरवोर्डका, वा पूर्णतः वा मुख्यतः त्यस्ता पदार्थले वा कागतले ढाकिएका । | |
| | | -कन्तुरहरु (ट्रंक), सुटकेसहरु, भेनिटी-केसहरु, एक्जीक्यूटिभ-केसहरु, ब्रिफकेसहरु, किताव राख्ने झोला (स्कूल स्याचेल) र त्यस्तै कन्टेनहरु (आधानपात्र) : | |
| | ४२०२.११.०० | --वाहिरी भाग छालाको, मिश्रित (संयोजित) छालाको, वा पेटेन्ट छालाको भएको | २५% |
| | ४२०२.१२.०० | --वाहिरी भाग प्लाष्टिकको वा टेक्सटाइल (कपडा) का पदार्थ भएको | २५% |
| | ४२०२.१९.०० | --अन्य | २५% |
| | | -कांधमा झुण्ड्याउने पट्टी (स्ट्र्याप) भए वा नभएको हातेझोला (हैण्डव्याग), हैंडल नभएको समेतः | |
| | ४२०२.२१.०० | --वाहिरी भाग छालाको, मिश्रित (संयोजित) छालाको वा पेटेन्ट छाला भएको | २५% |

| | | | |
|---|---|---|---|
| | ४२०२.२२.०० | --वाहिरी भाग प्लाष्टिक चादरको वा टेक्सटाइल पदार्थ भएको | २५% |
| | ४२०२.२९.०० | --अन्य | २५% |
| | | -सामान्यतः खल्ती (पोकेट) वा हातेभोला (हैण्डव्याग) मा राखेर वोकिने सामानहरु : | |
| | ४२०२.३१.०० | --वाहिरी भाग छालाको, संयोजित (मिश्रित) छालाको वा पेटेन्ट छालाको भएको | २५% |
| | ४२०२.३२.०० | --वाहिरी भाग प्लाष्टिक चादरको वा कपडा पदार्थ (टेक्सटाइल) को भएको | २५% |
| | ४२०२.३९.०० | --अन्य | २५% |
| | | -अन्य : | |
| | ४२०२.९१.०० | --वाहिरी भाग छालाको, संयोजित (मिश्रित) छालाको वा पेटेन्ट छालाको भएको | २५% |
| | ४२०२.९२.०० | --प्लाष्टिक चादरको वा टेक्सटाइल (कपडा पदार्थ) को वाहिरी भाग भएको | २५% |
| | ४२०२.९९.०० | --अन्य | २५% |
| ४२.०३ | | छालाको वा मिश्रित (संयोजित) छालाको लुगाफाटाका र परिधान सहायक (क्लोदिङ्ग एक्सेसरीज) का वस्तुहरु । | |
| | ४२०३.१०.०० | -लुगाफाटा (एपारेल) का वस्तुहरु | २५% |
| ४४.०९ | | जुनसुकै किनारा वा मोहडातर्फ एकनाससंग आकार दिइएको (जिब्रो बनाइएको (टङ्ग), खोल्सा (खांच) बनाइएको (ग्रुभ्ड), खुडकिलो आकारको खांद बनाइएको (रिवेटेड), कुना वा किनारा मोडेको (च्याम्फर्ड) भी आकारमा जोडिएको, गुटका पारेको (बिडेड), नक्कासी गरेको (मोल्डेड), डोलोपारेको (राउण्डेड) वा यस्तै रन्डा, खाक्सी लगाइएको वा नलगाइएको, अन्त्य छेउ इन्डस) मिलाइएको वा नमिलाइएको ज्वाइण्ट गरिएको वा नगरिएको काठ (भूंइमा विछ्याउने नजोडिएको स्ट्रीप र फाइजेज) समेत । | |
| | ४४०९.१०.०० | -देवदार जातिको | १५% |
| | ४४०९.२०.०० | -देवदार जाति वाहेकको | १५% |

| | | | |
|---|---|---|---|
| ४४.१३ | ४४१३.००.०० | ब्लक, पाताहरु, पट्टीहरु वा प्रोफायल आकारका घनीकृत काठ । | १५% |
| ४८.०२ | | लेख्न, छाप्न वा अन्य आलेखीय (ग्राफिक) प्रयोजनार्थ प्रयोग हुने खालका लेपन नगरिएका (अनकोटेड्) कागत तथा कागतगाता (पेपरवोर्ड), तथा अछिद्रित छेदनपत्र (नन् परफोरेटेड् पन्च-कार्ड) र छेदनपट्टिका पत्र (पञ्च टेप कार्ड) कागत, मुठ्ठा वा गट्ठा (रोल्स) मा वा आयताकार (वर्गाकार समेत) ताउहरु (शिट्स) मा, जुनसुकै माप (साइज)को, शीर्षक ४८.०१ वा ४८.०३ का कागत वाहेक; हाते (हस्त निर्मित) कागत तथा कागतगाता । | |
| | ४८०२.१०.०० | -हस्तनिर्मित कागत र कागतगाता (पेपर वोर्ड) | २५% |
| | ४८०२.२०.०० | -प्रकाश ग्राही (फोटो सेन्सिटिभ), ताप संवेदी (हिट सेन्सिटिभ) वा विद्युत-संवेदी (एलेक्ट्रो सेन्सिटिभ) कागत र कागत गाता (पेपरवोर्ड) को आधारको रुपमा प्रयुक्त हुने खालका कागत र कागतवोर्ड (गाता) । | २५% |
| | ४८०२.४०.०० | -भित्तामा टांस्ने कागतको आधार (वालपेपर वेस) | २५% |
| | | -यान्त्रिक वा रसायन-यान्त्रिक प्रक्रियावाट प्राप्त तन्तुहरु (फाइवर्स) नभएका वा सम्पूर्ण तन्तुतत्वको तौलको हिसावले त्यस्ता तन्तुहरु १० प्रतिशत भन्दा बढी नभएका अन्य कागत तथा कागतगाताः | |
| | ४८०२.५४.०० | --४० ग्राम प्रति वर्गमिटर भन्दा कम तौलको | २५% |
| | ४८०२.५५.०० | --४० ग्राम प्रति वर्गमीटर वा सो भन्दा बढी तर १५० ग्राम प्रति वर्गमिटर भन्दा बढी तौल नभएको, मुठ्ठा वा गट्टा (रौल्स) मा भएको | २५% |
| | ४८०२.५६.०० | --४० ग्राम प्रति वर्गमिटर वा सो भन्दा बढी तर १५० ग्राम प्रति वर्गमीटर भन्दा बढी तौल नभएको नदोब्र्याएको अवस्थामा एकातिरको छेउ ४३५ मी.मी. र अर्को तिरको छेउ २९७ मी.मी. भन्दा बढी नभएको, ताउ (शिट्स) मा भएको | २५% |

| | | | |
|---|---|---|---|
| | ४८०२.५७.०० | --अन्य, तौलमा ४० ग्राम प्रति वर्गमिटर वा सो भन्दा बढी तर १५० ग्राम प्रति वर्गमिटर भन्दा बढी नभएको | २५% |
| | ४८०२.५८.०० | --१५० ग्राम प्रति वर्गमिटर भन्दा बढी तौलको | २५% |
| | | -सम्पूर्ण तन्तु तत्वको तौलको हिसावले १० प्रतिशत भन्दा बढी तन्तुतत्व यान्त्रिक वा रसायन यान्त्रिक प्रक्रियावाट प्राप्त भएका, अन्य कागत तथा कागतगाता : | |
| | ४८०२.६१.०० | --मुठ्ठा वा गट्ठामा (इन रौल्स) भएका | २५% |
| | ४८०२.६२.०० | --नदोव्याइएको अवस्थामा एकातिरको छेउ ४३५ मिमि र अर्कोतिरको छेउ २९७ मिमि भन्दा बढी नभएका ताउ (शिट्स) को रुपमा भएका | २५% |
| | ४८०२.६९.०० | --अन्य | २५% |
| ४८.१७ | | कागत र कागतगाता (पेपरबोर्ड) का खामहरु (एनभेलप), लेटर कार्डहरु, सादा पोष्टकार्डहरु र पत्र व्यवहारका पत्रकहरु (करेस्पोण्डेन्स कार्ड); कागतका लेखन सामग्री (स्टेशनरी) को समूह (एसोर्टमेण्ट) भएका कागत वा कागतगाताका बट्टाहरु (बक्स), झोली, थैलीहरु (पाउचेज, वालेट्स) र लेखन सङ्गहहरु (राइटिङ कम्पेण्डियम्स) । | |
| | ४८१७.१०.०० | -खामहरु (एनभेलोप्स) | २५% |
| | ४८१७.२०.०० | -लेटर कार्डहरु, सादा पोष्टकार्डहरु र पत्रव्यवहारका पत्रकहरु (करेस्पोण्डेन्स कार्ड्स) | २५% |
| | ४८१७.३०.०० | -कागतका लेखन सामग्री (स्टेशनरी) का समूह (एसोर्टमेण्ट) भएका कागत वा कागतगाताका बट्टाहरु (बक्स), झोलीहरु (पाउचेज), थैलीहरु (वालेट) र लेखन सङ्गहहरु (राइटिङ कम्पेण्डियम्स) | २५% |

| | | | |
|---|---|---|---|
| ४८.२० | | कागत र कागतगाता (पेपरबोर्ड) का बहीहरु (रजिष्टर्स), लेखाकिताब (एकाउण्ट बुक)हरु, स्मरण पुस्तिका (नोटबुक) हरु, आदेश पुस्तिका (अर्डर बुक)हरु, भरपाई पुस्तिका (रिसिप्ट बुक)हरु, पत्राली (लेटर प्याड)हरु, टिप्पणी-पत्र (मेमोरेण्डम प्याड) हरु, दैनन्दिनी (डायरी)हरु र यस्तै वस्तुहरु, अभ्यास पुस्तिका (एक्सरसाइज बुक) हरु, मसी शोषण प्याड (ब्लौटिङ्ग प्याड), गाताहरु (बाइण्डर्स), (पाता छुट्टिएका वा अन्य), फोल्डर (खुला कागतपत्र राख्ने गाता) हरु, फाइल कभरहरु, मेनिफोल्ड बिजनेस फर्महरु, इण्टरलिभ्ड कार्वन सेटहरु (दुइ खाली पानाका बीचमा कार्वनपेपर हाली तयार गरेको) र लेखन सामग्रीका अन्य वस्तुहरु; कागत वा कागजगाताका, नमूना (स्याम्पल) को निमित्तको वा संकलन वा सङ्गहण (कलेक्सन) को निमित्तको वा पुस्तक आवरण (बुक कभर्स) निमित्तका अलबमहरु । | |
| | ४८२०.१०.०० | -बहीहरु (रजिष्टर्स), लेखाकिताबहरु (एकाउण्ट बुक्स), स्मरण पुस्तिकाहरु (नोटबुकहरु), आदेश पुस्तिकाहरु (अडर बुक्स), भरपाई पुस्तिका (रिसिप्ट् बुक्स) हरु, पत्राली (लेटर प्याडस्) हरु, टिप्पणी पत्रहरु (मेमोरेण्डम प्याड्स), दैनन्दिनी (डायरी)हरु र यस्तै वस्तुहरु | २५% |
| | ४८२०.२०.०० | -अभ्यास पुस्तिकाहरु (एक्सरसाइज बुक्स) | २५% |
| ४९.११ | | अन्य मुद्रित वस्तुहरु, मुद्रित चित्र र आलोक चित्र (फोटोग्राफ) समेत । | |
| | | -अन्य : | |
| | ४९११.९९.०० | --अन्य | २५% |

| | | | |
|---|---|---|---|
| | | द्रष्टव्यः<br>यस भागको माथि उल्लेखित शीर्षकहरुमा जेसुकै लेखिएतापनि नेपाली प्रकाशक वा वितरक वा सोल एजेण्ट वा प्रतिलिपि अधिकार उल्लेख भएका पुस्तक नेपाल अधिराज्य वाहिरवाट मुद्रण गरी पैठारी गरेमा सो को छपाई मूल्यमा १० प्रतिशत भन्सार महसुल लाग्नेछ । तर परम्परागत पात्रोको पैठारीमा भने यस्तो महसुल लाग्नेछैन । | |
| ५६.०१ | | वयनीय (कपडा) पदार्थका गद्दा र तिनका सामानहरु ५ एम. एम. भन्दा बढी लम्वाई नभएका तान्तव (कपडाका) रेशाहरु (तन्तुगुच्छः फ्लौक), तान्तव (कपडाको) धूलो र मिल नेप्स (एक किसिमका तान्तव डल्ला) । | |
| | ५६०१.१०.०० | -गद्दा (वाडिङ्ग) का, स्यानिटरी टवेल र रक्तस्रावावरोधक (रगत थाम्ने) गद्दा (ट्याम्पोन्स),हात पुछ्ने रुमाल (न्यापकिन्स) र साना केटाकेटीको पुछ्ने रुमाल (न्यापकिन लाइनर्स) र त्यस्तै सफाई र स्वास्थ्यका (स्यानिटरी) सामानहरु | २५% |
| | | -गद्दा; गद्दाका अन्य सामानहरु : | |
| | ५६०१.२१.०० | --सूतिको | २५% |
| | ५६०१.२२.०० | --मानव निर्मित रेशाको | २५% |
| | ५६०१.२९.०० | --अन्य | २५% |
| | ५६०१.३०.०० | -तान्तव (कपडाका) तन्तुगुच्छ (फ्लौक) र धूलो तथा मिल नेप्स (एक किसिमको कपडाको डल्ला) | २५% |
| ५९.०२ | | -नाइलन वा अन्य पोलियामाइड्, पोलिष्टर वा भिस्कोस रेयनको उच्चधारण क्षमताको धागोको टायर कोर्ड कपडा (फ्याव्रिक) । | |
| | ५९०२.१०.०० | -नाइनल वा अन्य पोलियामाइड्को | ५% |
| | ५९०२.२०.०० | -पोलिष्टरको | ५% |
| | ५९०२.९०.०० | -अन्य | ५% |
| ५९.११ | | यो भागको दृष्टव्य ७ मा उल्लेखित प्राविधिक प्रयोगका कपडाका उत्पादन र सामानहरु । | |

| | | | |
|---|---|---|---|
| | ५९११.२०.०० | -तयारी (मेडअप) वा तयार नभएको वोल्टिङ क्लोथ | १५% |
| | | -कागज बनाउने वा त्यस्तै किसिमका यन्त्रहरु (जस्तै पल्प वा एस्वेस्टस-सिमेण्टका लागि) मा प्रयोग हुने खालको अन्तहीन वा सम्वन्धन साधन (लिङ्किङ् डिभाइस) जडान भएको बुनिएको कपडा र जमोठ (फेल्ट) : | |
| | ५९११.३१.०० | --६५० ग्रा.प्रति व.मी. भन्दा कम तौलको | १५% |
| | ५९११.३२.०० | --६५० ग्रा.प्रति व.मी. वा सो भन्दा बढी तौलको | १५% |
| | ५९११.४०.०० | -तेल संपीडन गर्ने वा पेल्ने वा यस्तैमा प्रयोग हुने छान्ने कपडा, मानिसको रौंको समेत | १५% |
| | ५९११.९०.०० | -अन्य | १५% |
| ६४.०४ | | रबर, प्लाष्टिक, छाला वा मिश्रित छालाको वाहिरी तलुवा भएका र कपडाका सामानहरुको माथिल्लो भाग भएका पाउपोश । | |
| | | -रबर वा प्लाष्टिकको वाहिरी तलुवा भएका पाउपोशः | |
| | | --खेलवाडका पाउपोश टेनिस जुत्ताहरु, वास्केटवल जुत्ताहरु, जिम (व्यायाम शालाका) जुत्ताहरु, तालीमका जुत्ताहरु र यस्तैः | |
| | ६४०४.११.१० | ---सुतीको माथिल्लो भाग भएको क्यानभास जुत्ता | १५% |
| ६४.०५ | | अन्य पाउपोश । | |
| | | -कपडाका सामानहरुको माथिल्लो भाग भएकाः | |
| | ६४०५.२०.१० | --सुती कपडावाट तयार गरिएको (सुतीको क्यानभास जुत्ता) | १५% |
| ६४.०६ | | पाउपोशका अंगहरु (वाहिरी तलुवा वाहेक तलुवामा जोडिएको नजोडिएको (एट्याच्ड) माथिल्लो (अपर) भाग समेत) झिक्न हुने भित्री तलुवा (सुतली) कुर्कुच्चा (ऐडी) का गद्दा (हिल कुसन्स) र यस्तै वस्तुहरु; गेटर, जंघारक्षण अर्थात घुंडादेखि गोलीगांठा सम्म लाउने (लेगिङ) र यस्तै सामानहरु र तिनका पार्टपूर्जाहरु । | |

| | | | |
|---|---|---|---|
| | | -माथिल्लो भाग र तिनका पार्टपूर्जाहरु, दृढक (स्टीफेनर्स) वाहेक : | |
| | ६४०६.१०.९० | --अन्य | १०% |
| | | -प्लाष्टिक वा रबरको वाहिरी तलुवा र हिल (कुर्कुच्चा) | |
| | ६४०६.२०.१० | --चप्पलको तलुवा | २५% |
| | ६४०६.२०.९० | --अन्य प्लाष्टिक वा रबरको वाहिरी तलुवा र हिल (कुर्कुच्चा) | १०% |
| | | -अन्य : | |
| | ६४०६.९१.०० | --काठको | १०% |
| | ६४०६.९९.०० | --अन्य पदार्थको | १०% |
| ६५.०६ | | भित्री (अस्तर) हालेको वा नहालेको, शोभोकरण (ट्रिमिङ्ग) भएको वा नभएको अन्य शिरपोश । | |
| | ६५०६.१०.०० | -सुरक्षात्मक शिरपोश | २५% |
| ७०.०३ | | अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (पत्र वा लेयर) भएको वा नभएको, पाता (सिट्स) वा प्रोफाइल को रुपमा भएको, अरु कुनै किसिमको काम नगरिएको, ढालेको कांच (काष्ट ग्लास) र वेल्लित कांच (रोल्ड ग्लास) । | |
| | | -तारविहिन पाता : | |
| | ७००३.१२.०० | --सम्पूर्ण रुपमा रंगाएको (वडी टिण्टेड्), अपारदर्शी पारिएको ओपासिफाइड्), रंग चढाइएको (फ्ल्यास्ड) वा अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको | २५% |
| | ७००३.१९.०० | --अन्य | २५% |
| | ७००३.२०.०० | -तार भएको पाता | २५% |
| | ७००३.३०.०० | -प्रोफाइल | २५% |
| ७०.०४ | | अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको वा नभएको, तर अन्य कुनै काम नगरिएको, पाता(सिट्स) को रुपमा भएको तन्क्याएर बनाइएको (ड्रन) कांच वा हावाफुकेर वा ग्यास भरेर बनाइएको (व्लोन) कांच । | |

| | | | |
|---|---|---|---|
| | ७००४.२०.०० | -सम्पूर्ण रुपमा रंगाएको (बडी टिन्टेड्), अपारदर्शी पारिएको (ओपासिफाइड), रंग चढाएको (फ्ल्यास्ड) वा अबशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको | २५% |
| | ७००४.९०.०० | -अन्य | २५% |
| ७०.०५ | | अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको वा नभएको, तर अन्य किसिमबाट कुनै काम नभएको, पाता (सिट्स) मा भएको फ्लोट ग्लास (कांच) र सतह घर्षित(ग्राउण्ड) वा चमकाइएको (पोलिस्ड) कांच । | |
| | ७००५.१०.०० | -अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको, तार-विहिन (नन-वायर्ड) कांच । | २५% |
| | | -अन्य तार विहिन कांच : | |
| | ७००५.२१.०० | --सम्पूर्णतः रंगाएको (वडी टिण्टेड) ओपासिफाइड, फ्ल्यास्ड वा मेयर्ली सर्फेस ग्राउण्ड | २५% |
| | ७००५.२९.०० | --अन्य | २५% |
| | ७००५.३०.०० | -तार भएको कांच | २५% |
| ७०.०६ | ७००६.००.०० | शीर्षक ७०.०३, ७०.०४ वा ७०.०५ का कांचहरु, निहुरेको (बेन्ट), कनाराको काम गरेको (एज वर्क्ड), खोपेको (इनग्रेभ्ड), प्वाल पारेको (ड्रिल्ड), इनामेल लगाएको वा अन्य प्रकारले बनाएको तर अन्य पदार्थसंग जोडी आकार नदिएको वा जडान नगरेको । | २५% |
| ७०.०७ | | कडा बनाएको वा पटलित कांच भएको सुरक्षित कांच । | |
| | | -कडा बनाएको (तापित) सुरक्षित कांचः | |
| | ७००७.११.०० | --गाडी, जहाज, अन्तरीक्षयान वा सवारीका साधनमा समाविष्ट गर्न योग्य आकार र नापका | २५% |
| | ७००७.१९.०० | --अन्य | २५% |
| | | -पटलित सुरक्षित कांच : | |
| | ७००७.२१.०० | --गाडी, जहाज, अन्तरीक्षयान वा सवारीका साधनमा समाविष्ट गर्न योग्य आकार र नापको | २५% |

| | | | |
|---|---|---|---|
| | ७००७.२९.०० | --अन्य | २५% |
| ७०.०८ | ७००८.००.०० | कांचको बहुभित्तीय अवरोधक इकाइ (मल्टिपल वाल्ड इन्सुलेटिङ यूनिट) । | २५% |
| ७०.०९ | | फ्रेम भएको वा नभएको कांचको ऐना, पछाडिको दृश्य देखिने ऐना समेत । | |
| | ७००९.१०.०० | -गाडीको पृष्ठदृश्य देखिने ऐना | २५% |
| | | -अन्य: | |
| | ७००९.९१.०० | --फ्रेम नहालेको | २५% |
| | ७००९.९२.०० | --फ्रेम हालेको | २५% |
| ७०.१३ | | टेबुल, भान्सा, ट्वाइलेट, कार्यालय, भित्री सजावट वा यस्तै प्रयोजनमा प्रयोग हुने प्रकारका कांचका सामानहरु, (शीर्षक ७०.१० वा ७०.१८ वाहेकका) । | |
| | ७०१३.१०.०० | -कांच-मृत्तिका (ग्लास सेरामिक्स) को | २५% |
| | | -पिउंने कामका ग्लासहरु, कांचमृत्तिका वाहेकको: | |
| | ७०१३.२१.०० | --सिसा स्फटिक (लिड-कृस्टल) को | २५% |
| | ७०१३.२९.०० | --अन्य | २५% |
| | | -टेबुल (पिउने कामका कांचका ग्लासहरु वाहेक) वा भान्साको काममा प्रयोग हुने कांचका सामानहरु, कांच मृत्तिका वाहेक: | |
| | ७०१३.३१.०० | --सिसा स्फटिक (लिड-कृष्टल) को | २५% |
| | ७०१३.३२.०० | --०$^{०}$से. देखि ३००$^{०}$ से. सम्मको तापको वीचमा ५x१०-$^{६}$ प्रति केल्भिन सम्मको विस्तारको लिनियर को-इफिसेण्ट भएको अन्य कांच | २५% |
| | | --अन्य: | |
| | ७०१३.३९.९० | ---अन्य | २५% |
| | | -अन्य कांचका सामानहरु: | |
| | ७०१३.९१.०० | --सिसा-स्फटिक (लिड्-कृष्टल) को | २५% |
| | | --अन्य: | |
| | ७०१३.९९.१० | ---अफिसमा प्रयोग हुने सीसाका वस्तुहरु (अफिस ग्लास वेयर) | २५% |
| | ७०१३.९९.९० | ---अन्य | २५% |

| | | | |
|---|---|---|---|
| ७०.१८ | | पोते, नक्कली मोती, वहुमूल्य वा अर्द्ध वहुमूल्य नक्कली पत्थर र यस्तै कांचका साना सामानहरु र नक्कली गहना वाहेक र त्यसबाट बनेका सामानहरु; प्रोष्थेटिक (कृत्रिम अंग स्थापन विषयक) सामान वाहेक कांचका आंखाहरु; नक्कली गहना वाहेक मूर्तिहरु र अन्य आलंकारिक वत्तिका सामानहरु; १ मि.मि. व्यास ननाघेको कांचको सूक्ष्म परिधि (माइक्रोस्फेयर)। | |
| | | -पोते, नक्कली मोती, वहुमूल्य वा अर्द्ध वहुमूल्य नक्कली पत्थर र यस्तै कांचका साना सामानहरु: | |
| | ७०१८.१०.९० | --अन्य | २५% |
| | ७०१८.२०.०० | -१ मि.मि. व्यास ननाघेको कांचको सूक्ष्म परिधि (माइक्रोस्फेयर) | २५% |
| | ७०१८.९०.०० | -अन्य | २५% |
| ७०.२० | ७०२०.००.०० | कांचका अन्य सामानहरु । | २५% |
| ७३.२३ | | फलाम वा इस्पातको भोजन (टेवुल) का, भान्साका वा अन्य घरायसी सामानहरु र तिनका पार्टपूर्जा; फलाम वा स्पातको ऊन; फलाम वा स्पातका भांडा मस्काउने वा पालिस लगाउने गद्दाहरु; पंजाहरु र यस्तै सामानहरु । | |
| | | -अन्य : | |
| | ७३२३.९४.०० | --फलाम (काष्ट आइरन वाहेक) वा स्टीलको, इनामेल गरेको | २५% |
| ७६.०१ | | अप्रभावित आलमुनियम । | |
| | ७६०१.१०.०० | -अमिश्रित आलमुनियम | ५% |
| | ७६०१.२०.०० | -मिश्रित आलमुनियम | ५% |
| ७६.०४ | | आलमुनियम लाप्सा, डण्डीहरु र प्रोफाइल । | |
| | | -मिश्रित आलमुनियमको: | |
| | ७६०४.२१.०० | --खोक्रो प्रोफाइल | १०% |
| | ७६०४.२९.०० | --अन्य | १५% |
| ८०.०६ | ८००६.००.०० | टीनको नली, पाइप र नली वा पाइपको जडान (जस्तै-कप्लिङ, एल्वोज, स्लीभ्स)। | २५% |
| ८०.०७ | ८००७.००.०० | टीनका अन्य सामानहरु । | २५% |
| ८२.०८ | | यन्त्र वा यान्त्रिक उपकरणको लागि चाहिने चक्कु र पाता काट्ने पत्ती (कटिङ्ग व्लेड)। | |

| | | | |
|---|---|---|---|
| | ८२०८.३०.०० | -भान्साका उपकरणका लागि वा खाद्य उद्योगद्वारा प्रयोग गरिने यन्त्रहरुका लागि | १०% |
| | ८२०८.९०.०० | -अन्य | १०% |
| ८२.११ | | शीर्षक ८२.०८ अन्तर्गत पर्ने चक्कु (स्यांगी) र त्यसका पत्ती (ब्लेड) वाहेक काट्ने पत्ती (कटिङ्ग ब्लेड) सहितको चक्कु, दांत भएको वा नभएको (छांट्ने चक्कु समेत)। | |
| | ८२११.१०.०० | -मिश्रित (एसर्टेड) सामानका सेटहरु | १५% |
| | | -अन्य : | |
| | ८२११.९१.०० | --स्थिर पत्ती भएको टेवुल चक्कुहरु (टेबुल नाइफ) | १५% |
| | ८२११.९२.०० | --स्थिर पत्ती भएको अन्य चक्कुहरु | १५% |
| | ८२११.९३.०० | --स्थिर पत्ती भएका वाहेकका चक्कुहरु | १५% |
| ८३.०६ | | आधारभूत धातुको अविद्युतीय घण्टी, ठूलो घण्टी (गोङ्ग) र यस्तै; आधारभूत धातुका लघुप्रतिमा (स्ट्याच्यूट्स) (घरमा राख्ने मूर्ति) र अन्य अलंकारहरु; आधारभूत धातुको फोटोग्राफको, तस्वीरका वा यस्तै फ्रेमहरु; आधारभूत धातुका ऐनाहरु। | |
| | ८३०६.३०.०० | -फोटोग्राफका, तस्वीरका वा यस्तै फ्रेमहरु; ऐनाहरु | २५% |
| ८४.१८ | | रेफ्रिजरेटर, फ्रिजर, अन्य प्रशीतक (रेफ्रिजरेटिङ) वा हिमीकरण (फ्रिजिङ्ग) उपकरणहरु, वैद्युतिक वा अन्य; शीर्षक ८४.१५ को वातानुकूलन यन्त्र (एयरकण्डिशनिङ्ग मशीन) वाहेक ताप पम्प (हिट पम्प)। | |
| | ८४१८.१०.०० | -छुट्टै वाहिरी ढोका (एक्स्टर्नल डोर) जडान भएको संयुक्त रेफ्रिजरेटर-फ्रिजरहरु | २५% |
| | | -घरायसी किसिमको, रेफ्रिजरेटरहरु : | |
| | ८४१८.२१.०० | --संपीडन किसिमको (कम्प्रेशन-टाइप) | २५% |
| | ८४१८.२२.०० | --अवशोषण किसिमको (एब्जोर्प्सन-टाइप) | २५% |
| | ८४१८.२९.०० | --अन्य | २५% |
| | ८४१८.३०.०० | -८०० लिटर भन्दा कम क्षमताको, संदुस किसिमको (चेष्ट टाइप) | २५% |
| | ८४१८.४०.०० | -९०० लिटर भन्दा कम क्षमताको, ठाडो किसिमको (अपराइट टाइप) | २५% |

| | | | |
|---|---|---|---|
| | ८४१८.५०.०० | -प्रशीतक (रेफ्रिजरेटिङ) वा हिमीकरण (फ्रिजिङ्ग) का प्रदर्शन फलकहरु (डिस्प्ले काउण्टर्स), पिटारीहरु(क्याविनेटस्), प्रदर्शन मंजुषा (शो-केसेस) र यस्तै सामानहरु | २५% |
| | | -अन्य प्रशीतक (रेफ्रिजरेटिङ्ग) वा हिमीकरण (फ्रिजिङ्ग) का उपकरणहरु (इक्विपमेण्ट्स); ताप पम्पहरु (हिटपम्प): | |
| | ८४१८.६१.०० | --संपीडन किसिमका (कम्प्रेशन-टाइप) का इकाइहरु जसका द्रवणित्र (कण्डेन्सर्स) हरु ताप विनिमायक (हिट-एक्सचेञ्जर) हुन्छन् | २५% |
| | ८४१८.६९.०० | --अन्य | २५% |
| ८४.२१ | | अपकेन्द्रित्र (सेन्ट्रिफ्यूजेज), अपकेन्द्रण शोषक (सेण्ट्रिफ्यूगल ड्रायर्स) समेत; तरल र ग्यास निमित्तका निस्पन्दन (फिल्टरिङ्ग) वा परिशोधन (प्यूरिफाइङ्ग) यन्त्रावली(मशिनरी) र उपकरणहरु (एपरेटस) । | |
| | | -तरल पदार्थको लागि निस्पन्दन(फिल्टरिङ्ग) वा परिशोधन (प्यूरिफाइङ्ग) का यन्त्रावली र उपकरणहरु (मशिनरी एण्ड एपरेटस): | |
| | ८४२१.२३.०० | --इन्टरनल कम्वशन इन्जिनको लागि तेल वा पेट्रोल निस्यन्दकहरु (फिल्टर्स) | १५% |
| | ८४२१.२९.०० | --अन्य | १०% |
| | | -ग्यासको लागि निस्पन्दन वा परिशोधन यन्त्रावली (मशिनरी) वा उपकरणहरु (एपरेटस): | |
| | ८४२१.३१.०० | --इन्टरनल कम्वशन इन्जिनको वायु अन्तर्ग्रहण निस्पन्दकहरु (इनटेक एयर फिल्टर्स) | १५% |
| | ८४२१.३९.०० | --अन्य | १०% |
| ८४.२७ | | फोर्क लिफ्ट ट्रकहरु; उत्तोलक (लिफ्टिङ्ग) वा व्यवस्थापक (ह्याण्डलिङ्ग) उपकरणहरु जडान भएका अन्य काम गर्ने ट्रकहरु (वर्क ट्रक्स) । | |
| | ८४२७.१०.०० | -वैद्युतिक चालकद्वारा शक्तियुक्त स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) ट्रकहरु | १०% |
| | ८४२७.९०.०० | -अन्य ट्रकहरु | १०% |

| | | | |
|---|---|---|---|
| ८४.७१ | | स्वयंचालित आंकडा उपयोगी बनाउने यन्त्रहरु (अटोम्याटिक डेटा प्रोसेसिङ्ग मेशिन्स) र तिनका इकाइहरु (यूनिट्स); म्याग्नेटिक (चुम्वकीय) वा चाक्षुष वा प्रकाशीय (ओप्टिकल) रिडर्सहरु, शीर्षकवद्ध रुपमा (कोडेड फौर्म) आंकडा माध्यम (डेटा मिडिया) मा आकंडा (डेटा) लाई अनुलेखन गर्ने (ट्रान्सक्राइबिङ्ग) निमित्तका यन्त्रहरु र त्यस्ता आंकडाहरु (डेटा) लाई उपयोगीकरण (प्रोसेसिङ्ग) गर्ने यन्त्रहरु, अन्यत्र उल्लेख नभएको वा समावेश नगरिएको । | |
| | ८४७१.१०.०० | -एनालोग वा हाइब्रिड अटोम्याटिक डेटा प्रोसेसिङ्ग मशिन्स | ५% |
| | ८४७१.३०.०० | -कम से कम एक केन्द्रीय अभिसंस्करण इकाइ (सेण्ट्रल प्रोसेसिङ्ग यूनिट), एक कुंजीपटल (कीबोर्ड) र एकप्रदर्शक (डिस्प्ले) भएका, १० केजी भन्दा बढी तौल नभएका, संवहनीय (पोर्टेबल) अङ्क सम्वन्धी (डिजिटल) स्वचालित (अटोमेटिक) आंकडा प्रशोधन यन्त्रहरु (डेटा प्रोसेसिङ्ग मसिन्स) | ५% |
| | | -अन्य अङ्क सम्वन्धी स्वचालित आंकडा प्रशोधन यन्त्रहरु (डिजिटल अटोम्याटिक डेटा प्रोसेसिङ्ग मशिन्स): | |
| | ८४७१.४१.०० | --संयुक्त (कम्बाइण्ड) भए वा नभएको, एकै ढांचा (हाउजिङ्ग) मा कमसेकम एउटा केन्द्रीय अभिसंस्करण इकाई (सेन्ट्रल प्रोसेसिङ्ग यूनिट) र एउटा निवेश तथा उत्पादन इकाई (इन्पुट तथा आउटपुट यूनिट) भएको | ५% |
| | ८४७१.४९.०० | --अन्य, प्रणाली (सिष्टम) को रुपमा प्रस्तुत भएका | ५% |
| | ८४७१.५०.०० | -उपशीर्षक ८४७१.४१ वा ८४७१.४९ का बाहेक अङ्क सम्वन्धी अभिसंस्करण इकाइहरु (डिजिटल प्रोसेसिङ्ग यूनिट्स), एउटै उही ढांचा (हाउजिङ्ग) भित्र देहायका किसिम (टाइप) का एक वा दुइ इकाइ समाविष्ट भएका वा नभएका: संचय इकाइहरु (स्टोरेज यूनिट्स), निवेश इकाइहरु (इनपुट यूनिटस्), उत्पादन इकाइहरु (आउटपुट यूनिट्स) | ५% |

| | | | |
|---|---|---|---|
| | ८४७१.६०.०० | -एउटै ढांचा (हाउजिङ्ग) भित्र संचय इकाइहरु (स्टोरेज यूनिट्स) समाविष्ट भए वा नभएका, निवेश (इनपुट) वा उत्पादन (आउटपुट) इकाइहरु | ५% |
| | ८४७१.७०.०० | -संचय इकाइहरु (स्टोरेज यूनिट्स) | ५% |
| | ८४७१.८०.०० | -स्वचालित आंकडा प्रशोधन यन्त्रहरु (अटोमेटिक डेटा प्रोसेसिङ्ग मशिन्स) का अन्य इकाइहरु (यूनिट्स) | ५% |
| | ८४७१.९०.०० | -अन्य | ५% |
| ८४.७३ | | शीर्षक ८४.६९ देखि ८४.७२ सम्मका यन्त्रहरु (मशिन्स) का साथ पूर्णतया वा मुख्यतया प्रयोगको लागि उपयुक्त अङ्गहरु (पार्ट्स) र सहायक वस्तुहरु(एक्सेसरिज) (खोलहरु कभर्स), बोक्न निमित्तका बट्टाहरु (क्यारिइङ्ग केसेस र यस्तै वस्तुहरु) । | |
| | ८४७३.१०.०० | -शीर्षक ८४.६९ को यन्त्रहरुका अङ्गहरु (पार्ट्स) र सहायक बस्तुहरु (एक्सेसरिज) | ५% |
| | | -शीर्षक ८४.७० का यन्त्रहरुका अङ्गहरु र सहायक वस्तुहरु (एक्सेसरिज): | |
| | ८४७३.२१.०० | --उपशीर्षक ८४७०.१०, ८४७०.२१ वा ८४७०.२९ का इलेक्ट्रोनिक क्यालकुलेटिङ्ग मशिनहरु | ५% |
| ८५.०७ | | चारपाटे (वर्गाकार समेत) भएको वा नभएको विद्युत संचित गर्ने यन्त्र (एकुमुलेटर); तिनका छुट्याउने यन्त्र (सेपरेटर) समेत । | |
| | ८५०७.३०.०० | -निकल क्याडमियम | ३५% |
| | ८५०७.४०.०० | -निकल फलाम | ३५% |
| | ८५०७.८०.०० | -अन्य एकुमुलेटर | ३५% |
| | ८५०७.९०.०० | -पार्टपुर्जाहरु | १०% |
| ८५.१३ | | आफ्नै श्रोतबाट शक्ति संचालन गरी बल्ने बोक्न हुने विद्युतको वत्ति (जस्तै ड्राइव्याट्रिज, एक्युमुलेटर र म्याग्नटोज), शीर्षक ८५.१२ को उपकरणहरु वाहेक । | |
| | ८५१३.१०.०० | -वत्तिहरु | १५% |

| | | | |
|---|---|---|---|
| ८५.१६ | | विद्युत तत्काल तातेर आउने (इन्स्टान्टेनियस) वा स्टोरेज र निमज्जन हिटर (इमर्सन हिटर); कोठा तताउने उपकरणहरु (इलेक्ट्रिक स्पेस हिटिङ्ग एपरेटस) र माटो तताउने उपकरणहरु विजुलीले तातो पारेर कपाल सजाउने उपकरणहरु (जस्तै-हेयर ड्रायर, हेयर कर्लर, कर्लिङ्ग टङ्ग हिटर) र हात सुकाउने उपकरण; विजुलीको चिल्लो पार्ने इस्त्रीहरु; घर व्यवहारमा प्रयोग गरिने विजुलीले तातो पार्ने अन्य उपकरणहरु; शीर्षक ८५.४५ वाहेकको विद्युत ताप प्रतिरोधक उपकरणहरु । | |
| | | -तातो पारेर कपाल सजाउने विजुलीको उपकरणहरु र हातले तताएर चलाउने उपकरणहरु: | |
| | ८५१६.३१.०० | --हेयर ड्रायर | १५% |
| | ८५१६.३२.०० | --अन्य हेयर ड्रेसिङ्ग उपकरणहरु | १५% |
| | ८५१६.३३.०० | --हातले ड्राइ गर्ने उपकरणहरु | १५% |
| | ८५१६.४०.०० | -चिल्लो पार्ने विद्युतबाट चल्ने इस्त्री | १५% |
| | ८५१६.६०.०० | -अन्य चुल्होहरु (ओभन), पकाउने भांडा (कुकर), पकाउने प्लेट (कुकिङ प्लेट), उमाल्ने रिङ (व्वाइलिङ रिङ), ग्रिलर र रोष्टर | १५% |
| | | -अन्य विद्युत तापक (इलेक्ट्रो-थर्मिक) उपकरणहरु : | |
| | ८५१६.७१.०० | --कफी वा चीया बनाउने | १५% |
| | ८५१६.७२.०० | --टोष्टरहरु | १५% |
| | ८५१६.७९.०० | --अन्य | १५% |
| | ८५१६.८०.०० | -इलेक्ट्रिक हिटिङ रेसिष्टर्स | १५% |
| ८५.२३ | | ध्वनि रिकर्ड (लेखन) गर्ने वा यस्तै अन्य दृश्य अभिलेखन गर्न अभिलेखन (रिकर्ड) नगरिएका तयारी माध्यम (मिडिया), भाग ३७ का उत्पादनहरु वाहेक । | |
| | | -चुम्वकीय टेपहरु : | |
| | ८५२३.११.०० | --चौडाई ४ मि.मि. सम्मको | १०% |
| | ८५२३.१२.०० | --चौडाई ४ मि.मि. भन्दा बढीको तर ६.५ मि.मि. सम्मको | १०% |
| | ८५२३.१३.०० | --चौडाई ६.५ मि.मि. भन्दा बढीको | १०% |

| | | | |
|---|---|---|---|
| | | -म्याग्नेटिक डिस्कः | |
| | ८५२३.२०.१० | --कम्प्यूटर हार्ड डिस्क | ५% |
| | ८५२३.२०.२० | --कम्प्यूटरको फ्लोपी डिस्क | ५% |
| | ८५२३.२०.९० | --अन्य | १०% |
| | ८५२३.३०.०० | -चुम्वकीय धर्का (म्याग्नेटिक स्ट्राइप) समाविष्ट भएका पत्रहरु (कार्ड्स) | १०% |
| | ८५२३.९०.०० | -अन्य | १०% |
| ८५.२४ | | रेकर्डहरु, टेपहरु र ध्वनि रेकर्ड गरिएका अन्य माध्यम वा अन्य यस्तै दृश्य वस्तु (फेनोमेना) को रेकर्ड गरिएका वस्तु, रेकर्ड उत्पादन गर्ने म्याट्रीसेस र माष्टर समेत, तर भाग ३७ को उत्पादन वाहेक। | |
| | | -अन्य चुम्बकीय (म्याग्नेटिक) टेपहरुः | |
| | ८५२४.५१.०० | --४ मिमि मा नबढ्ने चौडाइको | १०% |
| | ८५२४.५२.०० | --४ मि.मि. भन्दा बढी तर ६.५ मिमि मा नबढ्ने चौडाइको | १०% |
| | ८५२४.५३.०० | --६.५ मि. मि. भन्दा बढी चौडाइको | १०% |
| | ८५२४.९१.०० | --ध्वनि (साउण्ड) वा आकृति (इमेज) बाहेक दृश्यघटना (फेनोमेना) उत्पादन गर्नको लागि | १०% |
| ८५.२५ | | संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो-टेलिफोनी, रेडियो-टेलिग्राफी, रेडियो प्रसारण(रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेटस); टेलिभिजन क्यामराहरु; स्टिल इमेज भिडियो क्यामराहरु र अन्य भिडियो क्यामरा-रिकर्डर्स; डिजिटल क्यामराहरु | |
| | ८५२५.१०.०० | -ट्रान्समिसन उपकरणहरु | १०% |
| | | -संग्रहण उपकरण (रिसेप्सन एपरेटस्) समाविष्ट ट्रान्समिसन उपकरणहरुः | |
| | ८५२५.२०.१० | --सेलुलर मोवाइल टेलिफोन | ५% |
| | ८५२५.२०.९० | --अन्य | १०% |
| ८७.०२ | | ड्राइभर समेत १० वा सो भन्दा बढी यात्रुहरु वोक्ने मोटर गाडीहरु । | |

| | | | |
|---|---|---|---|
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्वसन पिष्टोन इन्जिन (डिजेल वा अर्द्ध डिजेल) भएको : | |
| | ८७०२.१०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | ४०% |
| | ८७०२.१०.३० | --माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | ४०% |
| | ८७०२.१०.९० | --जीप कार र भ्यानहरु | ८०% |
| | | -अन्य : | |
| | ८७०२.९०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | ४०% |
| | ८७०२.९०.३० | --माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | ४०% |
| | ८७०२.९०.९० | --जीप कार र भ्यानहरु | ८०% |
| ८७.०३ | | मूलतः मानिसको यातायातको लागि वनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ वाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत । | |
| | | -मूलतः हिउंमा यात्रा गर्नका लागि बनेका गाडीहरु गल्फ कार र यस्तै गाडीहरुः | |
| | ८७०३.१०.१० | --मूलतः हिउंमा यात्रा गर्नका लागि बनेका गाडीहरु | २५% |
| | ८७०३.१०.९० | --अन्य | ८०% |
| | | -स्पार्क-इग्निसन इन्टरनल कम्वसन रेसीप्रोकेटिङ पिष्टोन इन्जिन भएका अन्य गाडीहरुः | |
| | | --सिलिण्डर क्षमता १,००० सी.सी. ननाघेकोः | |
| | ८७०३.२१.१० | ---तीन पांग्रे गाडीहरु (अटोरिक्सा) | ४०% |
| | ८७०३.२१.९० | ---अन्य | ८०% |
| | ८७०३.२२.०० | --सिलिण्डर क्षमता १,००० सी.सी. नाघेको तर १,५०० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.२३.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर ३,००० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.२४.०० | -सिलिण्डर क्षमता ३,००० सी.सी. नाघेको | ८०% |
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डिजेल वा अर्ध डिजेल) भएका अन्य गाडीहरुः | |

| | | | |
|---|---|---|---|
| | ८७०३.३१.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.३२.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर २,५०० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.३३.०० | --सिलिण्डर क्षमता २,५०० सी.सी. नाघेको | ८०% |
| | ८७०३.९०.०० | -अन्य | ८०% |
| ८७.०४ | | वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरु । | |
| | | -अन्य, कंप्रेसन इग्निसन इन्टरनल कम्वसन पिष्टोन इन्जिन (डीजेल वा अर्ध डिजेल) भएका: | |
| | | --वाहनको कूल तौल (जी.भी.डव्लु.) ५ टन ननाघेको : | |
| | ८७०४.२१.१० | ---मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ जना भन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी | ४०% |
| | | --वाहनको कूल तौल (जी.भी.डव्लु) ५ टन नाघेको: | |
| | ८७०४.२२.१० | ---मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ जना भन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी | ४०% |
| ८७.०६ | | शीर्षक ८७.०१ देखि ८७.०५ सम्मको मोटर गाडीका लागि इन्जिनसंग जोडिएका चेसिस । | |
| | ८७०६.००.११ | -८७०१ का ट्याक्टरहरुका | १५% |
| | ८७०६.००.१२ | -मिनिबसहरु (१५ देखि २५ सम्म सिट भएको) का | ४०% |
| | ८७०६.००.१३ | -माइक्रोबसहरु (११ देखि १४ सम्म सिट भएको) का | ८०% |
| | ८७०६.००.१४ | -जीप कार र भ्यानहरुका | ८०% |
| | ८७०६.००.१५ | -तिन पांग्रे गाडीहरु (अटोरिक्सा) का | ४०% |
| | ८७०६.००.१६ | -पिकअप गाडीहरुका | ४०% |
| | ८७०६.००.१७ | -राजमार्ग वाहिरको प्रयोगका लागि निर्मित डम्परहरुका | २५% |
| | ८७०६.००.१९ | -अन्य बस ट्रकहरुका | २५% |

| | | | |
|---|---|---|---|
| ८७१२ | ८७१२.००.०० | बाइसाइकल र अन्य साइकलहरु (डेलिभरी ट्राइसाइकलहरु समेत), मोटराइज नगरेको | १०% |
| ९०.०१ | | चाक्षुष् तन्तु र चाक्षुष् तन्तुका मुठ्ठा; शीर्षक ८५.४४ वाहेकका चाक्षुष् तन्तुका केबुलहरु ध्रुवीकरण गर्ने (पोलाराइजिङ) पदार्थका पाता र चादर; शीशा (लेन्स)हरु (कन्ट्याक्ट लेन्स समेत), त्रिपार्श्व (प्रिज्म), ऐनाहरु र कुनै पनि पदार्थको तत्वहरु, नअड्याएका, ग्लासका चाक्षुषीय काम नगरिएका आंखाको यस्ता तत्व वाहेक । | |
| | | -कन्ट्याक्ट लेन्सहरु : | |
| | ९००१.३०.१० | --इण्ट्राओकुलर लेन्स | २५% |
| | ९००१.३०.९० | --अन्य कन्ट्याक्ट लेन्सहरु | १०% |
| ९०.०२ | | लेन्सहरु, प्रिज्महरु, ऐनाहरु र कुनै पदार्थका अड्याइएका अन्य चाक्षुष तत्वहरु, यन्त्र वा उपकरणहरुका जडानका पार्टपूर्जाहरु, चाक्षुषीय काम बाहेकका ग्लासका त्यस्तै तत्वहरु । | |
| | | -अब्जेक्टिभ लेन्सः | |
| | ९००२.११.०० | --क्यामरा, प्रोजेक्टर वा फोटो ठूलो वनाउन वा घटाउनको लागि | १०% |
| ९०.१८ | | औषधोपचार, शल्यचिकित्सा, दन्तोपचार वा पशुविज्ञानमा प्रयोग हुने औजार र उपकरण, साइन्टी-ग्राफिक उपकरणहरु, अन्य विद्युतोपचारका उपकरणहरु र दृष्टि परीक्षणका औजारहरु । | |
| | | -सिरिन्ज, सूई, क्याथेटर, शल्य चिकित्साको नली (क्यानुला) र यस्तैः | |
| | ९०१८.३१.०० | --सूइ सहित वा रहित सिरिन्ज | ५% |
| ९४.०३ | | अन्य फर्निचर र तिनका पार्टपूर्जाहरु । | |
| | ९४०३.१०.०० | -कार्यालयमा प्रयोग हुने धातुका फर्निचर | ३५% |
| | ९४०३.२०.०० | -अन्य धातुका फर्निचर | ३५% |
| | ९४०३.३०.०० | -कार्यालयमा प्रयोग हुने काठका फर्निचर | ३५% |
| | ९४०३.४०.०० | -भान्छामा प्रयोग हुने काठका फर्निचर | ३५% |
| | ९४०३.५०.०० | -सुत्ने कोठामा प्रयोग हुने काठका फर्निचर | ३५% |
| | ९४०३.६०.०० | -अन्य काठका फर्निचर | ३५% |
| | ९४०३.८०.०० | -अन्य पदार्थका फर्निचर, बेत, ओसियर, बांस वा यस्तै पदार्थहरुको समेत | ३५% |

| | | | |
|---|---|---|---|
| | ९४०३.९०.०० | -पार्टपुर्जाहरु | ३५% |
| ९४.०४ | | खाट पलङ्गहरु; ओछ्यानका सामानहरु र यस्तै फर्निसिङ्गका सामानहरु (सजावटका सामान) (जस्तै-डसना, सिरक, भुवा कोचेको दोलाइ, कुसनहरु (चकटी) गद्दादार कवच (पफ्स) र तकीयाहरु), स्प्रिङ्ग (कमानी) जोडेको वा भित्र केही वस्तु कोचेको वा भित्रपट्टि कुनै पदार्थ वा कोषीय रबर वा प्लाष्टिक हालेको वा कसेको, ढाकिएको वा नढाकिएको । | |
| | ९४०४.१०.०० | -खाट वा पलङ्गहरु | ३५% |
| | | -डसनाहरुः | |
| | ९४०४.२१.०० | --ढाकिएको वा नढाकिएको कोषीय रबर वा प्लाष्टिकहरुका | ३५% |
| | ९४०४.२९.०० | --अन्य पदार्थहरुको | ३५% |
| | ९४०४.३०.०० | -सुत्ने थैलाहरु (स्लिपिङ व्याग्स) | ३५% |
| | ९४०४.९०.०० | -अन्य | ३५% |
| ९४.०५ | | अन्यत्र उल्लेख नभएको वा समावेश नभएका वत्तीहरु र प्रकाशका जडान, खोज वत्ती (सर्च लाइट) र स्पोटलाइट र तिनका पार्टपूर्जाहरु; प्रकाशचिन्ह, प्रकाशमय नामपट्टिका (नेम प्लेट) र यस्तै स्थायी रुपमा प्रकाश आउने श्रोत भएका र अन्यत्र नपरेका वा समावेश नभएका तिनीहरुका पार्टपूर्जाहरु । | |
| | ९४०५.१०.०० | -दीप वृक्षहरु (शाण्डेलियर्स) र अन्य विजुलीका छत र भित्तामा वाल्ने वत्तीहरु, सार्वजनिक खुला ठाउंमा वा मान्छे हिड्ने वाटोमा वाल्ने वत्ती वाहेक | १५% |
| | ९४०५.२०.०० | -विजुलीको टेवल, डेस्क, वेडसाइट (ओछ्यान नजिकको) वा भुइंमा उभ्याइने वत्तीहरु | १५% |
| | ९४०५.३०.०० | -क्रिसमस रुखमा वालिने वत्तिका सेटहरु | १५% |
| | ९४०५.४०.०० | -अन्य विजुलीका वत्ती तथा प्रकाश जडानहरु | १५% |
| ९४.०६ | ९४०६.००.०० | पूर्व निर्मित भवन । | ३५% |

| | | | |
|---|---|---|---|
| ९५.०१ | ९५०१.००.०० | वच्चाहरुलाई चढ्नको लागि वनाइएको पांग्रा भएको साइकल(जस्तै ट्राइसाइकिल, स्कूटरहरु, पाउदानले चलाउने मोटर); पुतलीको वाहन । | १५% |
| ९५.०२ | | मानवको मात्र प्रतिनिधित्व गर्ने पुतलीहरु । | |
| | ९५०२.१०.०० | -लुगा लगाएको वा नलगाएको पुतलीहरु | १५% |
| | | -पार्टपुर्जा र सहायक सामाग्रीहरुः | |
| | ९५०२.९१.०० | --तयारी पोशाक र तिनीहरुका सहायक सामान, पाउपोश र शिरपोश | १५% |
| | ९५०२.९९.०० | --अन्य | १५% |
| ९५.०३ | | अन्य खेलौना आकार घटाएको (“स्केल”) नमूनाहरु र यस्तै मनोरंजनात्मक नमूनाहरु, चल्ने वा नचल्ने सवै प्रकारका वुद्धिका खेलौनाहरु (पजल्स) । | |
| | ९५०३.१०.०० | -विद्युतीय रेलहरु, रेलमार्गसूचक यन्त्र र त्यसका सहायक सामानहरु सहित | १५% |
| | ९५०३.२०.०० | -चल्ने वा नचल्ने नमूनाका आकार घटेको (“केल”) नमूना समायोजन पात्रहरु (एसेम्व्ली किट्स), उपशीर्षक ९५०३.१० का वाहेक | १५% |
| | ९५०३.३०.०० | -अन्य निर्माण सम्वन्धी सेटहरु र निर्माण सम्वन्धी खेलौनाहरु | १५% |
| | | -जीवजन्तुको प्रतिनिधित्व गर्ने खेलौनाहरु वा अमानव प्राणी : | |
| | ९५०३.४१.०० | --कोचेर वनाएको (स्ट्फड) | १५% |
| | ९५०३.४९.०० | --अन्य | १५% |
| | ९५०३.५०.०० | -खेलौनाका रुपका वाद्ययन्त्र र उपकरणहरु | १५% |
| | ९५०३.६०.०० | -वुद्धिका खेलौनाहरु (पजल्स) | १५% |
| | ९५०३.७०.०० | -सेटमा राखेको वा सरसामानयुक्त अन्य खेलौनाहरु | १५% |
| | ९५०३.८०.०० | -मोटर जोडेको अन्य खेलौनाहरु र नमूनाहरु | १५% |
| | ९५०३.९०.०० | -अन्य | १५% |
| ९५.०४ | | खेलवाडको मेला (फन फेयर) का सामानहरु, पिनटेवलहरु, विलियार्डहरु, क्यासिनो खेलका विशेष टेवुलहरु र स्वचालित वाउलिङ एली (खेल्ने ठाउं र वाटो सम्वन्धी) उपकरणहरु समेत भएका टेवुल वा वैठकका खेलहरु । | |

| | | | |
|---|---|---|---|
| | ९५०४.१०.०० | - टेलिभिजन ग्राहक यन्त्र प्रयोग गरिने भिडीयो गेम | १५% |
| | ९५०४.२०.०० | -विलियार्ड खेलका सामानहरु र सहायक सामानहरु | १५% |
| | ९५०४.३०.०० | -बाउलिङ्ग एली उपकरण (इक्विपमेण्ट) वाहेक, मुद्रा (क्वाइन्स), बैंक नोट्स् (कागजी मुद्रा), चक्का (डिस्क्स) वा यस्तै किसिमका वस्तुहरु (आर्टिकल्स) द्वारा प्रचालन गरिने (ओपरेटेड्) अन्य खेलहरु (गेम्स) | १५% |
| | ९५०४.९०.०० | -अन्य | १५% |
| ९५.०५ | | आनन्दोत्सवका सामानहरु वा अन्य मनोरंजनका सामानहरु, जादूविद्या (चटक) र असाधारण ठट्टा (नोभेल्टी जोक) समेत । | |
| | ९५०५.१०.०० | -क्रिसमस उत्सवका सामानहरु | १५% |
| | ९५०५.९०.०० | -अन्य | १५% |
| ९६.०३ | | कुचो वा खरेटो (ब्रुम्स), बुरुस (यन्त्र, उपकरण वा वाहनहरुको अङ्ग (पार्ट) को रुपमा काम गर्ने बुरुस समेत), हस्तचालित यान्त्रिक कुट्टिम मार्जक (फ्लोर स्वीपर्स), चालक (मोटर) नभएको, लूंडा (मौप्स) र प्वांखका कुचोहरु (डस्टर); कुचो वा बुरुस बनाउनको लागि तयारी गांठो (नट) र मुट्ठाहरु (टफ्ट); पेण्ट प्याडहरु र रोलहरु; स्क्वीजीज (रोलर स्क्वीजीज वाहेक) । | |
| | | -व्यक्तिगत प्रयोगका दांत सफा गर्ने ब्रुसहरु, खौरने कामका ब्रुसहरु, कपाल कोर्ने ब्रुसहरु, नङ सफा गर्ने ब्रुसहरु, परेला सिंगार्ने ब्रुसहरु र अन्य श्रृंगारका ब्रुसहरु, उपकरणका अंश वा भागहरु मिलाइएका यस्तै ब्रुसहरु समेतः | |
| | ९६०३.२१.०० | --दांत सफा गर्ने ब्रुसहरु, डेन्टल-प्लेटको ब्रुसहरु समेत | २५% |

**आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा २ देखि दफा २९ सम्मका सम्पूर्ण व्यवस्था खारेज गरी सोको सट्टा देहायको व्यवस्थाहरु राखिएको छ । माथि अनुसूची-१ को दफा १ मा जुनसुकै कुरा उल्लेख भएता पनि देहायका दफाहरुमा उल्लिखित व्यवस्थाहरुको सम्वन्धमा देहाय बमोजिम नै हुनेछः-**

२. (१) यात्रुहरुले महसूल माफीमा ल्याउन पाउने मालसामान बाहेक गुण्टा भिटी भारी आदेश अनुसार विदेशबाट आफूसंग ल्याएको (एकम्पनिड) वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालसामानमा भन्सार महसूल तथा मूल्य अभिवृद्धि कर नलगाई निम्न बमोजिम एकमुस्ठ समदरबाट भन्सार महसूल लाग्नेछ ।

(क) ५ प्रतिशत र १० प्रतिशत भन्सार महसूल लाग्ने मालवस्तुमा ३५ प्रतिशत, तर सुन (गरगहना बाहेक) को हकमा प्रति १० ग्राम रु.२४०।-

(ख) १५ प्रतिशत भन्सार महसूल लाग्ने मालवस्तुमा ४५ प्रतिशत

(ग) २५ प्रतिशत भंसार महसूल लाग्ने मालवस्तुमा ६० प्रतिशत

(घ) ३५ प्रतिशत र ४० प्रतिशत भन्सार महसूल लाग्ने मालवस्तुमा ७५ प्रतिशत

तर सुनका गहना, चांदी (गहना समेत), चुरोट, पाइप टोबाको, मदिरा, सवारी साधनहरु, हातहतियार खरखजाना एवं अन्य आयात इजाजत पत्र लिई पैठारी गर्न पाइने वस्तुहरुमा दरवन्दी बमोजिम नै महसूल लगाइने छ ।

(२) गुण्टा भिटी भारी आदेश सम्वन्धी सूचनामा तोकिएको संख्याभन्दा बढी भएको मालवस्तु जफत हुनेछ ।

३. भारतमा उत्पादित माल वा वस्तु भारतबाटै नेपाल अधिराज्यभित्र पैठारी हुंदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ४० प्रतिशतसम्मको दरमा १० प्रतिशत र सोभन्दा माथिको दरमा ७ प्रतिशत छुट दिई महसुल असुल गरिनेछ ।

४. जनवादी गणतन्त्र चीनमा उत्पादित माल वा वस्तु तिव्वत स्वशासित क्षेत्रबाट नेपाल अधिराज्यभित्र पैठारी हुंदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ५ प्रतिशत छुट दिई महसुल असुल गरिनेछ ।

५. सार्क मुलुकमा उत्पादित साप्टा सम्झौता अन्तर्गत तोकिएका मालवस्तु सोही मुलुकमा एल. सी. खोली विल विजक वनी सोही मुलुकवाटै सिप्मेण्ट भई पैठारी भएमा तोकिएको दरमा भन्सार महसूल छुट  हुनेछ ।

६ यस अनुसूचीमा  उल्लेख भएबमोजिम कुनै मालवस्तुमा दिइएको छुट प्रदान गर्दा दोहोरो नपर्ने गरी कुनै एक छुट मात्र प्रदान गरिने छ ।

७. **मूल्याङ्कन सम्वन्धी व्यवस्था** : भन्सार ऐन २०१९ को दफा १३ मा उल्लिखित कारोवार मूल्यको आधारमा भन्सार महसूलको निर्धारण गर्ने प्रयोजनको लागि उक्त ऐनको दफा १३ को प्रावधानको अतिरिक्त देहायको प्रकृया एवं पद्धति अवलम्वन गरिनेछ ।

(१) भन्सार ऐन, २०१९ को दफा १३ मा उल्लिखित “कारोवार मूल्य” भन्नाले कुनै पनि क्रेताले नेपाल अधिराज्यभित्र कुनै मालवस्तु पैठारी गर्न विक्रेतालाई वास्तविक तिरेको वा तिर्नुपर्ने रकम र सो वस्तु पैठारीमा नेपाल अधिराज्यको सिमासम्म लागेको वा लाग्न सक्ने भाडा, विमा तथा अन्य सम्पूर्ण खर्च जोडी सो अनुसार हुन आउने पैठारीकर्ताले घोषणा गरेको कूल रकमलाई सम्झनु पर्दछ । भाडा, विमा तथा अन्य खर्चको भुक्तानीको कागजात पेश नभएमा मूल्याङ्कन गर्ने अधिकारीले पूर्व अनुमानित खर्च जोडी कारोवार मूल्य कायम गर्ने छ । त्यस्तो कारोवार मूल्य कायम गर्दा भन्सार महानिर्देशकले त्यस्ता मालवस्तुमा लागेको वा लाग्न सक्ने खर्च जोड्ने आधार तोक्न सक्नेछ ।

(२) भन्सार अधिकृतले क्रेता तथा विक्रेता सम्वन्धित भएको अथवा क्रेता तथा विक्रेता सम्वन्धित नभएकोमा पनि कारोवार मूल्य कायम गर्दा विश्व व्यापार संगठनको

मूल्याङ्कन सम्वन्धी मूलभूत सिद्धान्तहरुको अवलम्वन गर्नुपर्नेछ ।

(३) पैठारीकर्ताले घोषणा गरेको उपदफा (१) बमोजिमको कारोवार मूल्य पहिले पैठारी भएका समरुप (Identical) वा उस्तै प्रकारका (Similar) वस्तुको कारोवार मूल्य भन्दा कम देखिएमा भन्सार अधिकृतले त्यस्तो कम हुनुको यथेष्ठ कारण र प्रमाण पेश गर्न लगाउने छ ।

(४) उपदफा (३) बमोजिम पैठारीकर्ताले पेश गरेको कागजात र कारणका आधारमा त्यस्तो कारोवार मूल्य प्रमाणित हुन आएमा भन्सार अधिकृतले कारण जनाई मान्यता दिनेछ । उपरोक्त अनुसार पनि कारोवार मुल्य कायम गर्न नसकेको अवस्थामा पैठारीकर्ताले पेश गरेको कागजात र कारणका आधारमा कटाउनु पर्ने आवश्यक खर्चहरु कटाइ ईकाइ (Unit) वा गणना (Computed) मूल्यको आधारमा त्यस्तो कारोवार मूल्य प्रमाणीत हुन आएमा भन्सार अधिकृतले कारण जनाइ मान्यता दिनेछ । यसरी कारोवार मूल्यलाई मान्यता दिइएकोमा भन्सार अधिकृतले मूल्य पुनरावलोकनको लागि भन्सार विभाग समक्ष लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोवार मूल्य प्रमाणित हुन नसकेमा भन्सार अधिकृतले उपदफा (२) मा उल्लिखित सिद्धान्तको प्रतिकूल नहुने गरी कारोवार मूल्य निर्धारण गरी त्यसको कारण सहितको लिखित सूचना पैठारीकर्तालाई दिनुपर्नेछ ।

(६) भन्सार अधिकृतले उपदफा (५) बमोजिम कायम गरेको कारोवार मूल्य उपर चित्त नवुझेमा त्यस्तो पैठारीकर्ताले कारोवार मूल्य निर्धारण भएको वा सामान छुटाएको १५ दिनभित्र सम्वन्धित भन्सार कार्यालय मार्फत वा सिधै महानिर्देशक समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ । भन्सार कार्यालयमा परेको उक्त निवेदन ७ दिनभित्र महा-निर्देशककहां पठाउनु पर्नेछ । यस्तो निवेदन उपर महानिर्देशकले सामान्यतया २१ दिन भित्र निर्णय दिनु

पर्नेछ । पुनराबलोकनको लागि प्राप्त निवेदन उपर निर्णय गर्दा महानिर्देशकले विशेषज्ञ समितिको परामर्श लिन सक्नेछ ।

(७) उपदफा (१) बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोवार मूल्य उपदफा (५) बमोजिम कायम भएको कारोवार मूल्य भन्दा घटी भएमा यसरी घटी भएको जति मूल्यमा शत प्रतिशत थप महसूल असूल गरी जांचपास गर्न वा महानिर्देशकको पूर्व स्वीकृति लिई त्यस्तो मालवस्तुको घोषित मूल्य एवं विमा, भाडा र घोषित मूल्यको पाँच प्रतिशत मुनाफा समेत जोडी हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी खरीद गर्न गराउन सकिने छ ।

(८) भन्सार अधिकृतले कुनै मालवस्तुको तत्काल कारोवार मूल्य कायम गर्न नसकेमा र सो सामान कारोवार मूल्य कायम हुनुभन्दा अगावै छुटाउन चाहेमा त्यस्तो मालसामानको भन्सार अधिकृतले अस्थायी (Provisional) मूल्य कायम गर्न सक्नेछ । यसरी कायम भएको मूल्यमा लाग्ने महसूल धरौटीमा राखी पैठारीकर्ताले मालवस्तु छुटाई लैजान पाउनेछ । मालवस्तु जांचपास गरिसकेपछि उपदफा (४) र (५) को आधारमा सामान्यतयाः तिस दिनभित्र कारोवार मूल्य कायम गर्नुपर्नेछ ।

(९) भन्सार कार्यालयबाट जांचपास भईसकेपछि छानिएका फर्म वा मालवस्तुको जाँचपास पछिको परीक्षण (Post Clearance Audit) भन्सार विभागका महानिर्देशकले तोकेको अधिकारीले पनि गर्न सक्नेछ । जाँचपास पछिको परीक्षण (Post Clearance Audit) को लागि फर्म वा मालवस्तु छनौट गर्ने आधार महानिर्देशकले तोके बमोजिम हुनेछ । यसरी परीक्षण गर्दा मूल्याङ्कन कम भई राजस्व घटी असूल भएको प्रमाणित भएमा त्यस्तो पैठारीकर्तावाट घटी भएको मूल्यको छुट कर, महसूल र उपदफा (७) बमोजिमको थप महसूल असूल गरी प्रचलित कानून बमोजिम अन्य सजाय गर्न सकिनेछ ।

(१०) गुण्टा झिटी भारी आदेश अन्तर्गत पैठारी हुने मालवस्तुको मूल्य भन्सार अधिकृतले कायम गरे बमोजिम हुनेछ ।

(११) डी. आर. पी. अन्तरगत पैठारी हुने मालवस्तुको सम्वन्धमा देहाय बमोजिम मूल्याङ्कन गरी जाचंपास गरिने छ :-

(क) भारत सरकारले अन्तःशुल्क निर्धारण गर्ने प्रयोजनको लागि कायम गरेको मूल्य र कारखाना वा डिपो मूल्यमा जुन बढी हुन्छ सोमा वीमा, भाडा र अन्य खर्च भए सो समेत जोडी मूल्य निर्धारण गरिने छ ।

(ख) पैठारी हुने सामानको अधिकतम खुद्रा मूल्य (एम.आर.पि.) स्पष्ट रुपमा उल्लेख गरी सो मा दिएको छुट बाहेक अन्य छुटलाई मान्यता दिइने छैन् ।

(ग) डी. आर. पी. अन्तर्गत पैठारी हुने मालसामानको भारतमा तिरेको अन्तःशुल्क रकम नियमानुसार लाग्ने भन्सार महशुलमा कट्टा गरीने छ । तर भाडा, बिमा, मूल्यमा देखिएको फरक रकम र अन्य खर्चमा लाग्ने महसुलमा भारतीय अन्तःशुल्क कट्टा गरीने छैन ।

(१२) भन्सार सुविधामा (कुटनैतिक सुविधा) वा पूर्ण वा आंशिक महसूल सुविधामा पैठारी भएका वा एक प्रतिशत मात्र महसूल लिने गरी पैठारी भएका वा पछि फिर्ता गरिने शर्तमा लगत वा वैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्र, उपकरण एवं मालवस्तु नेपाल अधिराज्यभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्तो माल वा वस्तुको पैठारी हुंदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक १० प्रतिशतको दरबाट अधिकतम ५ वर्षसम्मको लागि ह्रासकट्टी गरी बांकी मूल्यमा नियमानुसार महसूल असूल गरिनेछ । यसरी मूल्य कायम गर्दा पनि त्यस्तै साधनको अन्य नियमित पैठारीमा

गरिने मूल्य भन्दा धेरै फरक भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई नै आधार मानी महसूल निर्धारण गरिनेछ । यस्तो ह्रास कट्टीको सुविधा पैठारी हुंदाको अवस्थामा जति अवधि उपभोग भईसकेको छ सो अवधि कटाई अधिकतम ५ वर्ष नवढ्ने गरी बांकी अवधिको मात्र ह्रासकट्टि प्रदान गरिनेछ ।

(१३) नेपाल अधिराज्यभित्र पैठारी हुने मालसामानको कारोवार मूल्य कायम गर्दा सामान्यतः विदेशी मुद्रामा गरिनेछ । पैठारीको अवस्थामा भन्सार महसूल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयामा परिवर्तन गर्दा नेपाल राष्ट्र बैंकबाट मालवस्तु जांचपास हुंदाका दिन (कुटनैतिक सुविधा महसुल सुविधा पूर्ण वा आंशिक महसूल छुटमा पहिले पैठारी भई पछि महसूल वुझाउनेको हकमा वांकी भन्सार महसूल वुझाउने दिनको) तोकिएको दरको विक्री मूल्यलाई परिवर्तन दर कायम गरिनेछ । यसरी नेपाल राष्ट्र वैंकबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई यु. एस. डलरमा परिवर्तन गर्दा हुने यु. एस. डलरको विक्री मूल्यबाट परिवर्तन दर कायम हुनेछ ।

(१४) हवाई मार्गवाट पैठारी हुने माल वस्तुहरुको ढुवानी खर्च निर्धारण गर्दा एयर वे विलमा भाडा उल्लेख नभएको अवस्थामा स्थलमार्गवाट नेपाल अधिराज्यका सिमानास्थित भन्सार कार्यालयहरुमा माल सामान पैठारी गर्दा लाग्न सक्ने ढुवानी खर्चलाई आधार लिई कायम गर्न सकिनेछ ।

८. <u>वण्डेड वेयर हाउसको सुविधा सम्वन्धी व्यवस्थाः</u>

(१) देहायका उद्योगहरुलाई वण्डेड वेयर हाउसको इजाजत दिन सकिनेछ :

(क) भारत तथा तेश्रो मुलुकमा तयारी पोशाक निकासी गर्ने उद्योगहरु,

(ख) आफ्नो उत्पादन तेश्रो मुलुकमा निकासी गर्ने उद्योगहरु,

(ग) खण्ड (क) मा उल्लिखित उद्योग वाहेक आफ्नो उत्पादनको न्यूनतम ८० प्रतिशत भारतमा निकासी गर्ने उद्योगहरु ।

(२) उपदफा (१) मा उल्लिखित उद्योगहरुले आफ्नो उत्पादन निकासी गर्दा प्रतितपत्र वा प्रचलित वैङ्किङ कागजातको माध्यमवाट गर्नुपर्ने छ ।

(३) वण्डेड वेयर हाउसको इजाजत प्राप्त उद्योगहरुले उपदफा (२) बमोजिम आफ्नो उत्पादन विदेशमा निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल वाहेक) पैठारी गर्दा दरवन्दी बमोजिम लाग्ने भन्सार महसुल र सो को २५% ले हुने थप रकम समेतको ६ महिनादेखि १ वर्षसम्मको वैङ्क ग्यारेण्टी लिई सो को आधारमा लगतमा राखी पैठारी गर्न दिईनेछ । ६ महिनाको वैङ्क ग्यारेण्टी दिएकोमा पछि म्याद थप गर्नु परेमा बढीमा ६ महिनासम्म थप गर्न सकिनेछ ।

(४) वण्डेड वेयर हाउसको इजाजत पत्र भन्सार विभागले जारी गर्नेछ ।

(५) वण्डेड वेयर हाउसको इजाजत पत्र जारी गर्ने र सो सम्वन्धी अन्य प्रकृया भन्सार विभागले तोके बमोजिम हुनेछ ।

(६) बण्डेड वेयर हाउस सुविधा अन्तर्गत पैठारी भएको कच्चापदार्थ वा सहायक कच्चापदार्थबाट ११ महिनाभित्र तयारी सामान वनाई निकासी गरी देहायका कागजात सहित तोकिएको भन्सार कार्यालयमा वैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन दिई सक्नु पर्नेछः

(क) तयारी सामान निकासी गरेको प्रमाण,

(ख) सम्वन्धित वैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण,

(ग) सम्वन्धित निकायबाट प्रमाणित कच्चापदार्थ एवं सहायक कच्चापदार्थ खपत अनुपातको प्रमाण ।

(७) उपदफा (६) बमोजिम वैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन पर्न आएपछि भन्सार कार्यालयले १ महिनाभित्र वैङ्क ग्यारेण्टी फुकुवा गर्नुपर्नेछ । वैङ्क ग्यारेण्टी फुकुवाको लागि आवश्यक कागजात सहित निवेदन परेको तर कुनै कारणवश भन्सार कार्यालयले १ महिनाभित्र बैङ्क ग्यारेण्टी फुकुवा गर्न नसकेमा बैङ्क ग्यारेण्टीको म्यादभित्र सो को जानकारी सम्वन्धित बैङ्कलाई दिनु पर्नेछ ।

(८) कच्चा पदार्थ एवं सहायक कच्चापदार्थबाट तयारी सामान वनाई निकासी गर्दा भन्सारले कायम गरेको कारोवार मूल्यको न्यूनतम २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(९) उपदफा (६) मा उल्लिखित कागजात सहित उक्त अवधिमा बैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन नगरेको कारणबाट बैङ्क ग्यारेण्टी फुकुवा हुन नसकेमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसूलमा २५% समेत थप गरी असुल गरिनेछ । पैठारी भएको कच्चा पदार्थ आंशिक रुपमा मात्र प्रयोग भएमा प्रयोग नभएजति कच्चापदार्थ वा सहायक कच्चापदार्थमा लाग्ने भन्सार महसूलमा २५% थप गरी असूल गरिनेछ । यसरी भन्सार महसूल असूल गर्दा बैङ्क ग्यारेण्टीबाट कुनै कारणवश रकम असुल हुन नसकेमा वा नपुग भएमा पैठारीकर्ताबाटै असुल गरिनेछ ।

तर यो अध्यादेश प्रारम्भ हुंदा म्याद नाघी वैङ्क ग्यारेण्टी फुकुवा गराउन नसकेका उद्योगहरुको हकमा मिति २०६१ साल आश्विन मसान्तभित्र आवश्यक कागजात सहित निवेदन दिएमा त्यस्तो बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । निकासीकर्ता उद्योगको तर्फबाट बैङ्क ग्यारेण्टी दिने वैङ्क वा वित्त कम्पनीले आवश्यक कागजात सहित उक्त अवधिभित्र निवेदन गरेको हकमा पनि त्यस्तो वैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । बैङ्क ग्यारेण्टीमा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गरी तोकिएको म्यादभित्र वा २०६१ साल असार मसान्तसम्म पनि निकासी गर्न नसकेका उद्योगहरुले २०६१ साल आश्विन मसान्तभित्र महसूल बुझाउन चाहेमा कच्चापदार्थ वा सहायक कच्चापदार्थ पैठारी हुँदाका बखत लाग्ने महसूल मात्र असूल

गरी थप महसूल मिनाहा दिई बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

(१०) भन्सार महसूल प्रयोजनको लागि बैङ्क ग्यारेण्टी लिंदा वाणिज्य बैङ्कहरु तथा नेपाल राष्ट्र बैङ्कबाट ग्यारेण्टी जारी गर्ने स्वीकृत प्राप्त वित्त कम्पनीको ग्यारेण्टी समेतलाई मान्यता दिइनेछ । बैङ्क ग्यारेण्टी जारी गर्ने बैङ्क तथा वित्त कम्पनीहरुले वैङ्क ग्यारेण्टीको अवधि समाप्त हुनुभन्दा १ महिना अगावै सम्वन्धित भन्सार कार्यालयलाई पूर्व सूचना दिनु पर्नेछ । यसरी पूर्व सूचना नदिई बैङ्क ग्यारेण्टीको म्याद समाप्त भएको अवस्थामा सम्वन्धित भन्सार कार्यालयले दावी गरेको रकम भुक्तानी दिने दायित्व सम्वन्धित बैङ्क तथा वित्तीय कम्पनीमा रहने छ । जुन कार्य वा प्रयोजनको लागि वैङ्क ग्यारेण्टी दिएको हो सो पूरा नभई सम्वन्धित भन्सार कार्यालयले बैङ्क ग्यारेण्टी वापतको रकम दावी गरेमा तुरुन्त भुक्तानी दिनुपर्नेछ । यसरी दावी गरेको १५ दिनसम्म पनि भुक्तानी नगर्ने बैङ्क वा वित्तीय कम्पनीहरुले ग्यारेण्टी दिएको रकम सरकारी वांकि सरह असूल गरी त्यस्ता बैङ्क वा वित्तीय कम्पनीहरुको बैङ्क ग्यारेण्टी स्वीकार नगर्न सकिनेछ ।

(११) बण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने सामानमा लाग्ने भन्सार महसूल बैङ्क ग्यारेण्टी वा नगद धरौटीमा लिइनेछ र पैठारी भएका सामान करमुक्त पसलमा विक्री गरेको प्रमाण सम्वन्धित भन्सार कार्यालयमा पेश भएपछि भन्सार प्रमुखले लाग्ने भन्सार महसुल छुट दिइ वैङ्क ग्यारेण्टी फुकुवा गर्ने वा धरौटी फिर्ता दिनुपर्नेछ ।

(१२) अन्तर्राष्ट्रिय उडानको लागि हवाई कम्पनीहरुले पैठारी गर्ने क्याटरिङका सामान र इन्फ्लाइट करमुक्त पसलमा विक्री गर्ने सामान पैठारी गर्दा लाग्ने भन्सार महसूल वैङ्क ग्यारेण्टी वा नगद धरौटीमा लिइनेछ र यस्ता सामान अन्तराष्ट्रिय उडानमा खर्च भएको प्रमाण सम्वन्धित हवाई कम्पनीबाट भन्सार कार्यालयमा पेश भएपछि भन्सार कार्यालयका प्रमुखले लाग्ने महसूल छुट दिई वैङ्क ग्यारेण्टी फुकुवा वा नगद धरौटी फिर्ता दिनुपर्नेछ ।

(१३) नेपाली कपडा उद्योगहरुले उत्पादन गर्ने कपडा निकासीमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा

सो कपडा उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ (धागो) पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा बण्डेड वेयर हाउसको सुविधा दिन सकिनेछ । यसरी खरिद विक्री भएकोमा धागो पैठारी गर्ने उद्योगले उक्त धागोबाट कपडा वनाई ११ महिनाभित्र तयारी पोशाक उद्योगलाई विक्री गरि सक्नु पर्नेछ । उक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योग र धागो पैठारी गर्ने कपडा उद्योग वीच भएको खरिद विक्री सम्झौता र धागो पैठारी गर्दा लागेको महसुल वापतको वैङ्क ग्यारेण्टी तयारी पोशाक उद्योगबाट पेश भएपछि उक्त धागो पैठारी गर्दा राखेको वैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । तयारी पोशाक उद्योगले यसरी खरिद गरेको कपडाबाट ११ महिनाभित्र तयारी पोशाक वनाई निकासी गरि उपदफा (६) बमोजिम वैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन गरेमा तयारी पोशाक उद्योगको वैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । तयारी पोशाक उद्योगले कपडा उद्योगबाट कपडा खरिद गर्दा वैङ्क ग्यारेण्टी नदिएको अवस्थामा कपडा उद्योगले वैङ्क ग्यारेण्टीको म्याद थप गर्न पाउनेछ । तयारी पोशाक उद्योगले उक्त कपडाबाट तयारी पोशाक वनाई तोकिएको प्रक्रिया बमोजिम निकासी गरेपछि कपडा उद्योगले उपदफा (६) बमोजिमका कागजात सहित कपडा विक्रीगरेको ११ महिनाभित्र वैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन दिएमा पनि वैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । उक्त अवधिभित्र निकासी नगरेमा उपदफा (९) बमोजिम महसुल असुल गरिनेछ । कच्चा पदार्थ (धागो) बाट कपडा वनाउंदा र कपडाबाट तयारी पोशाक वनाउंदा न्यूनतम २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(१४) वण्डेड वेयर हाउसको इजाजत प्राप्त उद्योगहरुले आफ्नो उत्पादन खरिद गर्ने विदेशी क्रेतासंग गरेको सम्झौता अनुसार वाणिज्य विभागको सिफारिसमा विना मूल्य, विना प्रतितपत्र, Buy back agreement अन्तर्गत आयात गर्ने कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थबाट तयारी वस्तु वनाई निकासी गर्ने भएमा वाणिज्य विभागले तोकेको प्रकृया अनुसार त्यस्तो कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ पैठारी गर्दा दरवन्दी बमोजिम लाग्ने भन्सार महसुल उपदफा (३) बमोजिम वैङ्क ग्यारेण्टीमा पैठारी गर्न दिन सकिनेछ । यसरी आयातित कच्चा पदार्थबाट तयारी वस्तु वनाई निकासी गर्दा वाणिज्य विभागले निर्धारण गरे

बमोजिम मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ । वैङ्क ग्यारेण्टी फुकुवा गर्दा पैठारी मूल्यमा अभिवृद्धि भएको रकमको भुक्तानीलाई मान्यता दिइनेछ ।

९. <u>निर्यात हुने वस्तुको कच्चा पदार्थ धरौटीमा पैठारी गर्न सकिने:</u> वण्डेड वेयर हाउसको इजाजत नपाएका उद्योगहरुले आफ्नो उत्पादन प्रतितपत्रको माध्यमद्वारा वा प्रचलित वैङ्गिग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल वाहेक) पैठारी गर्दा लाग्ने भन्सार महसूल र स्थानीय विकास शुल्क निम्नलिखित शर्त र कार्यविधिको अधिनमा रही धरौटीमा राखी पैठारी गर्न पाउनेछ ।

(१) यस्ता उद्योगहरुले पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा दरवन्दी अनुसार लाग्ने भन्सार महसूल एवं स्थानीय विकास शुल्क धरौटीमा जांचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढांचामा भन्सार अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उक्त निवेदनको आधारमा, पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लाग्ने भन्सार महसूल र स्थानीय विकास शुल्क वापतको रकम धरौटीमा राखी जांचपास गरिनेछ । साथै कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा वा निकासी प्रक्रिया पुरा गरेपछि सोको विवरण पैठारीकर्तालाई दिइने निर्धारित ढांचाको पासबुकमा स्पष्टसंग उल्लेख गरिनेछ ।

(३) उपरोक्तानुसार पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थबाट उत्पादित तयारी मालवस्तु १२ महिनाभित्र निकासी वा स्वेदशमै परिवर्त्य विदेशी मुद्रामा विक्री गरिसक्नु पर्नेछ ।

(४) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा विक्री गर्दा श्री ५ को सरकारबाट आंशिक वा पूर्णरुपमा महसूल सुविधा पाएको आयोजना वा निकायलाई विक्री गर्ने भएमा मात्र उपर्युक्त बमोजिमको सुविधा प्रदान गरिनेछ ।

(५) यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेश मै विक्री गरेको प्रमाण, वैङ्कद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालसामान निकासी भएको भए सोवापत मालसामान पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढांचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि उपदफा (३) को अवधिभित्रै सम्वन्धित भन्सार कार्यालयमा निवेदन गर्नुपर्नेछ ।

(६) धरौटी फुकुवाको लागि उपदफा (५) बमोजिम को अवधिभित्र निवेदन गरेपछि पेश भएका कागजातको छानविन गरी एक महिनाभित्र धरौटी फुकुवा गरिनेछ । यसरी धरौटी फुकुवा भएको विवरण पासवुकमा जनाईदिनु पर्नेछ ।

(७) फुकुवा भएको धरौटी उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसुल र स्थानीय विकास शुल्कमा मिलान गरी पासवुकमा जनाइनेछ । एक महिनासम्म त्यस्तो फुकुवा भएको धरौटी मिलान हुन नसकेमा त्यस्तो बढी भएको धरौटी रकम फिर्ता दिइनेछ ।

(८) यसरी पैठारी भएको कच्चा पदार्थबाट तयारी वस्तु वनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोवार मूल्यमा कम्तीमा २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ ।

(९) यसरी पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थबाट उत्पादित मालवस्तु शर्त बमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै उपदफा (३) अनुसार परिवर्त्य विदेशी मुद्रामा विक्री नगरेमा स्थानीय विक्री मानी स्थानीय विक्री गरे जतिको हकमा नियमानुसार लाग्ने महसूल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसूलको १० प्रतिशत जरिवाना समेत पैठारीकर्ताबाट असूल गरिनेछ ।

(१०) यसरी धरौटीमा कच्चा पदार्थ पैठारी गर्ने र त्यसबाट निर्मित मालवस्तु निकासी गर्ने प्रयोजनका लागि भन्सार विभागले भन्सार कार्यालयहरु तोक्नेछ ।

तर, एउटा उद्योगले यस्तो सुविधामा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी भन्सार विभागले

तोकेकोमध्ये कुनै एउटा भन्सार कार्यालयबाट मात्र गर्नुपर्नेछ ।

१०. <u>मालवस्तु पुनर्निर्यात वा पुनःआयात सम्वन्धी व्यवस्था</u> : (१) नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा भन्सार ऐनको दफा १० बमोजिम लाग्ने भंसार महसूल भन्सार कार्यालयको प्रमुखले पूर्णरुपमा छुट दिन सक्नेछ । यसरी छुट दिएको महसूल सहितको जानकारी भन्सार कार्यालयको प्रमुखले तुरुन्त महानिर्देशकलाई दिनु पर्नेछ । साथै पुनः पैठारी भएको सामानको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ बैंक ग्यारेण्टीमा पैठारी भएको रहेछ भने उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लाग्ने महसूल असूल गरिनेछ ।

(२) नेपालको अन्य राष्ट्रहरुसंग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धी प्रतिकूल नहुने गरी श्री ५ को सरकारले तोकेको प्रकृया बमोजिम एक मुलुकबाट आयातित मालवस्तुहरु पुनः अर्को मुलुकमा ३ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भंसार महसूल एवं अन्य शुल्कहरु धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको एक महिनाभित्र धरौटी रहेको रकमबाट लाग्ने पैठारी महसूलको १० प्रतिशत रकम असुल गरी बांकी भन्सार महसुल र अन्य शुल्कहरु फिर्ता गरिनेछ ।

(३) नेपाल अधिराज्यभित्र पैठारी भएका मालवस्तुहरु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा नेपालमा खपत नहुने भई फिर्ता पठाउनु परेको वा प्रयोगशाला परीक्षणबाट गुणस्तरहिन ठहरिएमा फिर्ता पठाएको ६० दिनभित्र सो को सट्टा सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने वा सो बरावरको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा भन्सार विभागको स्वीकृति लिई त्यस्तो मालवस्तु फिर्ता लैजान दिइनेछ । तोकिएको अवधिभित्र सो को सट्टा सोही प्रकारको अर्को मालवस्तु पैठारी नगरेमा वा सो बरावरको विदेशी मुद्रा फिर्ता नल्याएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

फिर्ता पठाउनु पर्ने मालसामान फिर्ता पठाउनु परेको कारण सहित पैठारी गरेको वा भन्सार कार्यालयमा आईपुगेको मितिले ३ महिनाभित्र सम्वन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ । यसरी फिर्ता पठाएको मालवस्तुमा भन्सार महसूल लिइने छैन र लिई सकेको भए फिर्ता दिइनेछ । प्रयोगशाला परीक्षणबाट गुणस्तरहिन ठहरिएको मालवस्तु फिर्ता पठाउन नसकेमा सम्वन्धित पैठारीकर्ता कै खर्चमा नष्ट गरिनेछ । यसरी नष्ट गरिएकोमा भन्सार महसूल लाग्नेछैन ।

(४) दुइ पक्षीय सन्धीमा असर नपर्ने गरी प्रयोग भइसकेको औद्योगिक मेशिनरी यन्त्र एवं उपकरणहरु उद्योग विभागको सिफारिसमा निकासी गर्न दिन सकिनेछ ।

११. **वस्तु वर्गीकरण** (१) निकासी वा पैठारी हुने मालवस्तुको भन्सार महसूल निर्धारण गर्दा कुन मालवस्तु भन्सार दरवन्दीको कुन शीर्षक/उपशीर्षकमा पर्दछ भन्ने द्विविधा परी भन्सार ऐन, (संशोधन सहित) २०१९ को दफा ४४क बमोजिम भन्सार महानिर्देशकले शीर्षक तोक्दा, अन्तर्राष्ट्रिय कन्भेन्सनको आधारमा तोक्नेछ । यसको लागि नेपाल समेत सदस्य रहेको विश्व भंसार संगठनको औपचारिक अंग्रेजी प्रतिलाई मुख्य आधार मानिनेछ ।

(२) निकासी/पैठारीकर्ताले मालवस्तु निकासी पैठारी गर्नुपूर्व नै मालवस्तुको शीर्षक तोकिदिन आवेदन गरेमा आवश्यकतानुसार सम्वन्धित कागजात र नमूना समेत जांचवुझ गरी भन्सार विभागले शीर्षक एकिन गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वर्गीकरण गर्दा भन्सार प्रयोगशाला वा अन्य प्रयोगशाला वा सम्वन्धित विषयको विशेषज्ञको राय लिन सकिनेछ ।

(४) माल वा वस्तु जांचपास गर्दा वस्तु वर्गीकरण वा वस्तु पहिचान तथा गुणस्तर परीक्षण गर्न आवश्यक देखिएका वा महानिर्देशकले प्रयोगशाला परीक्षण गराई मात्र जाँचपास गर्ने भनी तोकिदिएका माल वा वस्तुहरुको नमूना संकलन गरी परीक्षणका लागि भन्सार अधिकृतले भन्सार प्रयोगशाला वा प्रचलित कानूनले निर्धारित गरेको प्रयोगशालामा पठाउनु पर्नेछ ।

(५) भन्सार दरवन्दी प्रयोजनको लागि निर्धारित ८ अंकको उपशीर्षकलाई तथ्यांक प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ ।

१२. <u>सवारी साधन पैठारी सम्वन्धी विशेष व्यवस्थाः</u> (१) रिकण्डीसन, प्रयोग भइसकेका तथा नेपाल सवारी प्रदूषण मापदण्ड २०५६ भित्र नपर्ने सवारी वा ढुवानीका साधनहरु (एम्वुलेन्स र दमकल वाहेक) पैठारी गर्न पाइने छैन । उल्लिखित मापदण्डभित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी भएमा सोको जिम्मेवारी पैठारीकर्तामा नै रहनेछ । तर १ वर्ष भन्दा बढी कुटनैतिक नियोग वा सेना वा प्रहरीमा कार्य गरी फर्केका नेपाली नागरिकहरुले आफैले प्रयोग गरेका निजी सवारी साधन पैठारी गर्दा जनसंख्या तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृति लिई पैठारी गर्न सकिनेछ ।

(२) कार्नेट अन्तर्गत पर्यटकहरुले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरु नेपाल अधिराज्यभित्र अस्थायी रुपमा प्रथम पटक प्रवेश गरेको मितिले प्रत्येक १२ महिना ( एकवर्ष) को अवधिमा लगातार वा पटक पटक गरी जम्मा ६ महिनाको अवधिसम्म नेपाल अधिराज्यभित्र विना महसूल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरु ६ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ । तर दुर्घटना भई प्रहरी हिरासतमा रहेको वा मर्मतको लागि वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवधि भने भन्सारले कार्नेटमा तोकिदिएको अवधिमा गणना हुनेछैन । यसरी कार्नेट अर्न्तगत पैठारी भएका सवारी साधनहरु दान दातव्य वा उपहार दिन वा विक्री गर्न पाईनेछैन । कार्नेट अर्न्तगत सवारी साधनसाथ रहेका मालवस्तुहरु सवारी साधन साथ फिर्ता लैजान पर्ने व्यहोरा कार्नेटमा जनाई छाड्न सकिनेछ ।

(३) कार्नेट बाहेक अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लैण्डरोभर, जीप, ट्रक, ट्याक्टर, लहरी, भ्यान र मोटर साइकल आदि साधनहरु र तिनका टेलर समेतमा निम्न लेखिए बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिनेछ ।

(क) अस्थायी पैठारी गरी ल्याएको ट्याक्टरमा दैनिक रु.७५।- का दरले पैठारी महसूल असूल गरिनेछ ।

तर टेलर फिट भएको ट्याक्टर वा टेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा प्रति दिन रु.२५०।- का दरले पैठारी महसूल असूल गरिनेछ । तर मालवस्तु वोकी ल्याएका टेलर सहितको ट्याक्टर ४८ घण्टाभित्र रित्तै फर्किगएमा सो ट्याक्टरको पैठारी महसूल लिइने छैन । यसरी पैठारी गरी ल्याएको ट्याक्टर टेलर वा टेलर सहितको ट्याक्टर तीन महिनाभन्दा बढी नेपाल अधिराज्यमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरु पैठारी हुंदा नजिकको बजारसम्म पुगी सोही दिन प्रवेश गरेकै नाकाबाट फिर्ता भएमा कुनै महसूल लाग्ने छैन । सो बाहेकको कार, जीप र भ्यानको अस्थायी पैठारीमा ३० दिनसम्मको लागि दैनिक रु.२५०।- का दरले र बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक रु.३००।- का दरले पैठारी महसूल लाग्नेछ । तर मोटर साइकल तथा स्कुटरको हकमा दैनिक रु.७५।- र तीन पाङ्ग्रे सवारी साधनमा दैनिक रु.१५०।- महसूल लाग्नेछ । यसरी महसूल तिरी अस्थायी पैठारी भएका सवारी साधनहरु एक वर्षमा ३० दिन भन्दा बढी नेपाल अधिराज्यभित्र राख्न पाइनेछैन ।

(ग) सामानहरुको परिवहनको लागि ट्रेक्टर वाहेकका गाडीहरुलाई अस्थायी रुपमा एकपटकमा ७ दिनसम्म प्रति दिन रु.५००।- का दरले महसूल लिई पैठारी गर्न दिन सकिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरु अनिवार्य रुपमा फिर्ता लैजानु पर्नेछ । उपरोक्त (क), (ख) र (ग) मा उल्लेखित सवारी र ढुवानीका साधनहरु प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपाल अधिराज्यभित्र झुठ्ठा विवरण दिई वसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिब कारण भएमा सवारी साधनको मूल्यमा नवढ्ने गरी मोटरसाइकलमा दैनिक रु.३७५।- का

दरले र अन्य सवारी साधनमा दैनिक रु.६००।- का दरले महसूल असूल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशबाट माल लादी ल्याएको ट्रक र माल भरिएको कन्टेनर लादी आएको टेलरलाई सो माल चाहिने ठाउंमा गिराउन निमित्त र रित्तो कन्टेनर लिई आएको टेलरलाई मालसामान लोड गर्नका निमित्त ७२ घण्टासम्म सो ट्रक वा टेलरको अस्थायी पैठारी महसूल लिइने छैन । तर, यस्तो ट्रकले भन्सारको क्षेत्रभित्र राखेको माल बाहेक अन्यत्र कतैबाट पुनः माल लादी निकासी गरेमा, सो ट्रकको अस्थायी महसूल लिइनेछ । भन्सार एरियाभित्र राखिएको माल विदेशबाट आउने जुनसुकै लहरी ट्रकले पनि नेपालभित्र प्रवेश गरेको ७२ घण्टाभित्र माल लादी लगेमा त्यस्तो ट्रक लहरीलाई पनि अस्थायी महसूल लिइनेछैन ।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसूल वुझाएको छ सोही किसिमको साधन भनी सवारी दर्ता गर्नु पर्नेछ । अर्को किसिमको साधन भनी दर्ता गराउनु परेमा भन्सार कार्यालयले, महसूल नपुग हुने भए सो रकम असूल गरि स्वीकृति दिएको अवस्थामा मात्र यस्तो दर्ता गर्न सकिनेछ र उपरोक्तानुसार नभएको अवस्थामा भंसार ऐन नियम अनुसार कारवाही हुनेछ ।

(५) यस भागको शीर्षक ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट र ड्राइभर सिट गणना गरिने छ । तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीटलाई गणना गरिने छैन ।

(६) विद्युत, वा व्याट्रीबाट मात्र चल्ने सवारी साधन उत्पादन गर्ने उद्योगले तीन पांग्रे सवारी (सफा टेम्पो) को चेसिस, इन्जीन, मोटर, एकुमुलेटर (व्याट्री), व्याट्री चार्जर पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(७) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोलाई व्याट्रीबाट संचालन गरी सफा टेम्पो वनाउने प्रयोजनका लागि यस्ता उद्योग वा

टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरणमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(८) टेम्पो वाहेक विद्युत वा व्याट्रीबाट मात्र चल्ने अन्य सवारी तथा ढुवानी साधनको उत्पादन गर्ने उद्योगले उक्त सवारी साधनको उत्पादनमा प्रयोग हुने चेसिस, इन्जिन, मोटर, एकमुलेटर (व्याट्री), व्याट्री चार्जर पैठारी गरेमा ५ प्रतिशत मात्र भन्सार महसूल  लाग्नेछ ।

(९) विद्युत वा व्याट्रीबाट मात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधनको पैठारीमा दरबन्दी बमोजिमको महसुलमा ३३ प्रतिशत छुट हुनेछ ।

(१०) श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरुले महसूल सुविधामा पैठारी गरिएका ५ वर्ष भन्दा पुराना गाडीहरु र यन्त्रोपकरण समेत लिलाम विक्री गर्दा त्यसमा भंसार तथा अन्य कर महसूलहरु लाग्ने छैन । तर भंसार ऐन, नियम अनुसार जफत भई श्री ५ को सरकारको निर्णयानुसार श्री ५ को सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा उपरोक्त ५ वर्षको बन्देज लागू हुनेछैन ।

(११) भाग ८७ मा व्यवस्था भए अनुसार अस्थायी पैठारी भएका सवारी तथा ढुवानी साधनहरु दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यहोरा सम्वन्धित प्रहरी वा राजस्व अनुसन्धान विभाग वा अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने अस्थायी पैठारी महसूल मूल भन्सार कार्यालयको कार्यालय प्रमुखले मिनाहा दिन सक्नेछ ।

(१२) कृषि कार्यमा प्रयोग हुने ट्याक्टरमा २.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र यसरी पैठारी भएका ट्याक्टर ढुवानीमा प्रयोग गर्ने गरी दर्ता गर्नुपरेमा दरवन्दी अनुसार लाग्ने पुरै महसूल बुझाएर मात्र दर्ता गर्नुपर्नेछ ।

(१३) सवारी प्रदूषण कम गर्ने उद्देश्यले सवारी साधनमा प्रयोग गर्ने गरी पैठारी गर्ने क्याटलिक कन्भर्टर र म्याग्नेटाइजरमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्ने छ ।

१३. <u>भन्सार सुविधा (कुटनैतिक सुविधा), पूर्ण वा आंशिक महसूल सुविधा, लगत वा वैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन,</u>

<u>यन्त्रोपकरण वा मालवस्तुहरु सम्वन्धी व्यवस्था:</u> (१) श्री ५ को सरकारबाट भन्सार सुविधा (कुटनैतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु बिक्री गरेमा वा उपहार दिएमा वा आफैले उपयोग गरेमा माथि अनुसूची-१ बमोजिम लाग्ने कुल भन्सार महसुलको ६० प्रतिशत छुट हुनेछ । आंशिक महसुल छुटमा पैठारी भएका सवारी साधनका हकमा पहिले तिरेको भन्सार महसुल रकम कट्टा गरी बाँकी महसुल असुल गरिनेछ ।

तर, यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु पैठारी गरेको मितिले ५ वर्ष अवधि व्यतित भईसकेको हुनुपर्नेछ । भन्सार सुविधा (कुटनैतिक सुविधा) वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलव्ध गराउंदा निजको नेपाल अधिराज्यमा पदाधिकार रहेको अवधिभर एकपटक मात्र दिइनेछ ।

(२) कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा लगत वा वैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिइ वा विक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसूल वुझाई सकेको अवस्थामा बाहेक ३ महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ । यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नवुझाएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरु श्री ५ को सरकारले म्याद थप दिएको अवस्थामा वाहेक जफत गरिने छ ।

तर यो अध्यादेश प्रारम्भ हुँदा फिर्ता लैजानु पर्ने वा महसूल वुझाइ सक्नु पर्ने अवधि नाघि सकेका र अनुसन्धान सम्वन्धी कुनै कारवाहीमा नपरेका सवारी साधन यन्त्रोपकरण एवँ अन्य मालवस्तुका हकमा २०६१ साल आश्विन मसान्तभित्र फिर्ता लैजान चाहेमा उपदफा (१) बमोजिम लाग्ने भन्सार महसूलको २५% मात्र महसूल लिई फिर्ता लैजान दिइनेछ र महसूल वुझाई नेपाल अधिराज्यभित्र राख्न चाहेमा उपदफा (१) बमोजिम लाग्ने महसूलमा २५% थप गरी असूल गरिनेछ ।

यसरी तोकिएको अवधिभित्र पनि फिर्ता नलग्ने वा महसुल नवुझाउने सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु जफत गरिनेछ ।

(३) उपदफा (२) को अवधिभित्र फिर्ता नलगेका वा महसुल नवुझाई म्याद नघाइ राखिएका सवारी साधन, यन्त्रोपकरण वा अन्य मालवस्तुहरुको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो सामान लिलाम गरी प्राप्त हुने रकमको १५ प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ ।

(४) नेपाल अधिराज्यभित्रका आयोजना संचालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने सवारी र ढुवानीका साधन लगायतका निर्माण उपकरण र यन्त्रहरु समेतको सम्वन्धमा देहाय बमोजिम हुनेछ :

(क) श्री ५ को सरकारसंग भएको सम्झौता वा श्री ५ को सरकारको निर्णयको अधिनमा रही आयोजना वा सम्वन्धित ठेकेदारको नाममा पैठारी भएको सवारी र ढुवानी साधन, निर्माण उपकरण र यन्त्रहरु लगायतका सामान समेत आंशिक भन्सार महसूल लिई वा महसूल वापतको वैंक ग्यारेण्टी लिई वा लगतमा जनाई अस्थाई पैठारी गर्न दिइनेछ ।

(ख) यसरी पैठारी हुने सवारी र ढुवानी साधन लगायतका मालवस्तु पैठारी गर्दा प्रज्ञापन पत्रमै नेपाल अधिराज्यभित्र रहने अवधि उल्लेख गरी जांचपास गर्नुपर्नेछ । निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापन पत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपाल अधिराज्यभित्र राख्नुपर्ने भएमा सम्वन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनुपर्नेछ । सो आधारमा भन्सार विभागले सम्वन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ ।

(ग) उपर्युक्तानुसार पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले

दर्ता गरिने छ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नविकरण गरिनेछैन ।

(घ) यसरी पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तु नेपाल अधिराज्यको एउटा आयोजनाबाट अर्को आयोजना संचालनको लागि भन्सार महसूल नतिरी लगत हस्तान्तरण गरिनेछैन ।

(ङ) श्री ५ को सरकारले म्याद थप दिएकोमा वाहेक आयोजना सम्पन्न भएको मितिले ३ महिनाभित्र उपरोक्तानुसारका सामानहरु फिर्ता लगिसक्नु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम फिर्ता नलगी आफैले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा विक्री गरेमा उल्लेखित अवधिभित्रै यस अनुसूची बमोजिम लाग्ने महसूल वुझाई सक्नु पर्नेछ । यसरी म्यादभित्र फिर्ता नलगेका र महसुल पनि नवुझाएका उक्त सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरुको हकमा माथि उपदफा (२) मा लेखिए बमोजिम हुनेछ ।

(छ) तोकिएको अवधिभित्र फिर्ता नलगी वा महसुल नवुझाई म्याद नघाई राखेका यस्ता सामानहरुको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई माथि उपदफा (३) बमोजिम पुरस्कार दिइने छ ।

(ज) सम्वन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको सामान फिर्ता नलगी वा महसूल नतिरी अर्को परियोजनाका लागि सोही ठेकेदारले सवारी साधन यन्त्रोपकरण एवं मालसामानहरु पैठारी गर्न पाउनेछैन ।

१४ भन्सार महसूलमा आंशिक छुट दिइने :

देहायका वस्तुहरुमा देहाय बमोजिम आंशिक भन्सार महसूल छुट दिइनेछ :-

(१) धागो प्रयोग गरी उत्पादन गर्ने उद्योगहरुले पैठारी गरेको कृत्रिम रेशाको धागोमा ५ प्रतिशत मात्र भन्सार महसूल

लाग्नेछ । मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरुले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाइ) र सबै किसिमका मानव निर्मित स्टेपुल फाइवर्समा लाग्ने भंसार महसूल पूर्ण रुपले छुट हुनेछ । साथै कार्पेट उद्योगहरुले पैठारी गर्ने भाग ५५ मा पर्ने सबै किसिमका मानव निर्मित स्ट्पुल फाइवरमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

(२) उद्योग, होटल लगायत अन्य पर्यटन व्यवसाय, वित्तीय तथा शिक्षण संस्था, स्वीकृति प्राप्त अस्पताल तथा उपचार केन्द्रहरुले १० कि.वा. वा सो भन्दा बढी क्षमताको जेनेरेटर एक थान पैठारी गरेमा २.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(३) हवाइजहाज, हेलिकोप्टर र त्यसको पार्टपूर्जाको पैठारीमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । लिजमा पैठारी भएको अवस्थामा उल्लिखित १ प्रतिशत महसूल धरौटी लिई जहाज वा हेलिकेप्टर फिर्ता गएपछि उल्लिखित धरौटी वापत रहेको महसूल फिर्ता दिइनेछ ।

(४) भन्सार महसुल दरबन्दीको भाग ३० मा पर्ने दरबन्दीमा माफी जनिए बाहेकका औषधिमा माथि जेसुकै लेखिएतापनि ५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(५) भन्सार महसुल दरबन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसुल लाग्ने मिल मेशिनरी एवं यन्त्रोपकरणहरु (मोल्डिङ गर्ने सांचो समेत) मा (पार्टपुर्जा बाहेक) को पैठारीमा २.५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । यस्ता मेशिनहरु सि.के.डी र एस.के. डी. अवस्थामा पैठारी हुंदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा न्यूनतम लाग्ने २.५ प्रतिशत महसुल पैठारीकै अवस्थामा असुल गरी बाँकी दरबन्दी अनुसार लाग्ने महसुलको बैंङ्क ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि सम्वन्धित भन्सार कार्यालयबाट औद्योगिक स्थलको निरीक्षण गरी मेशिन ठहरिने जति सामानको बैंङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

तर पुराना वा प्रयोग भई सकेको मिल मेशिनरी यन्त्रोपकरणमा उपर्युक्त बमोजिमको छुट सुविधा नदिई दरवन्दी बमोजिमकै महसुल लिइनेछ।

(६) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा वाह्य कारणले राम्रोसंग चल्न नसकि ठूलो नोक्सानी व्यहोर्नु परेका उद्योगहरुको प्रवर्द्धन तथा सुधारको लागि श्री ५ को सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रुग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्ता रुग्ण उद्योगहरुको पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जामा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ।

(७) चलचित्र धुलाई गर्ने ध्वनी भर्ने समेत उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरुले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने निम्नवस्तुहरुमा २.५ प्रतिशत महसूल लिई वांकी महसूल छुट हुनेछ।

(क) शीर्षक ९०१० को नेगेटिभ प्रोसेसिङ्ग मेशिन, कम्प्यूटराइज्ड प्रिभ्यूएवल नेगेटिभ कटिङ मेशिन सेट, फाइनल नेगेटिभ अल्ट्राक्लिनिङ मेशिन, भिडियो एशिष्ट सहित कलर एनालाइजिङ्ग (करेक्सन) मेशिन सेट, फाइनल प्रिन्टिङ्ग तथा फाइनल प्रोसेसिङ्ग मेशिन, प्रोसेसर एवं प्रिन्टर, एनालाइजर, प्रोजेक्टर, स्टेनवेक, साउण्ड रिडर, सिक्रोमीटर, स्पालाइजर, रिवाइण्डर ।

(ख) शीर्षक ८५२५ का कलर करेक्सन समेतको टेलिसिने मेशिन, शीर्षक ८५२१ का वेटा-एस. पी. भिडियो रेकर्डर एवं टेलिसिने सम्वन्धी उपकरणहरु, शीर्षक ८५२८ को मनिटर, शीर्षक ८५२० का अडियो मिक्सिङ्ग कन्सोल र बेटा भीडियो एस. पी. एवं टेपरिकर्डरहरु, डवर, मिक्चर, एम्प्लीफायर, स्पीकर र माइक्रोफोन।

(ग) शीर्षक ८४७१ का एमिड फिल्म कम्पोजर अथवा हेभी वेट ट्रेक्सट्रोनिक फिल्म एडिटिङ्ग सेट, एभीड

अडियो भिजन (प्रोटुल्स) अथवा फेयर लाइट फिल्म अडियो पोष्ट प्रोडक्सन सेट ।

(घ) शीर्षक ९००७ का साउण्ड अप्टिकल ट्रान्सफरिङ्ग मेशिन सेट, प्रिन्ट प्रिभ्यू प्रोजेक्टरहरु, १६ एम. एम. एवं ३५ एम. एम. का क्यामराहरु, साउण्ड अप्टीकल क्यामरा, लेन्स, फिल्टरहरु, म्यागेजिन, क्यामेरा स्टैण्ड, बैट्री चार्जरहरु, ट्रली, डली, क्रेन र रिफ्लेक्टरहरु । शीर्षक ९४०५ का वेवी, सपुर मल्टी-१०, मल्टी-२० सोलार, एच. एम. आई, डीमर ।

(८) दाना तथा पशुपंक्षी उद्योगहरुले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने भंसार दरबन्दीको भाग ५ को सिपीको टुक्रा, भाग २३ को फिड सप्लीमेण्ट र भाग २५ को चुन ढुंगाको धूलोमा न्यूनतम १ प्रतिशत भंसार महसूल लाग्ने गरी ८० प्रतिशत छुट हुनेछ । साथै, उल्लिखित उद्योगहरुले पशुसेवा विभागको सिफारिसमा पैठारी गर्ने भन्सार दरवन्दीको भाग २८, २९ र ३० मा पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं प्याकिंग मेटेरियलमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं उद्योगको ट्रेडमार्क अङ्कित प्याकिंग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र तयारी वस्तुको स्वदेशमा उपभोगको आधारमा गर्नुपर्नेछ ।

(९) औषधी व्यवस्था विभागको सिफारिशमा औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ एवं प्याकिङ मेटेरियलमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । यस्तो सिफारिस गर्दा औषधी व्यवस्था विभागले कच्चा पदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा भएको निकासीको आधारमा गर्नुपर्नेछ ।

(१०) उद्योगहरुले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने २ टन भन्दा बढी क्षमताको एयर कण्डीशनर यूनिट पैठारी गरेमा १० प्रतिशत भन्सार महसूल लाग्नेछ ।

(११) खाद्य उद्योगले आफ्नो उत्पादन खुद्रा बिक्रीको लागि प्याक गर्न पैठारी गर्ने भाग ३९ अन्तर्गत पर्ने प्याकिङ्ग मेटेरियल्स

विदेशबाटै सम्बन्धित उद्योगको नाममा छापिएर पैठारी भएमा र फलफूल प्याक गर्ने प्लाष्टिक कोटेड बक्सामा लाग्ने महसुलमा ४० प्रतिशत छुट हुनेछ । साथै डेरी उद्योगहरुले विदेशबाटै आफ्नो नाम छपाई पैठारी गर्ने शीर्षक ८००७ का टीनका वट्टाहरुमा लाग्ने महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

(१२) शीर्षक ५२०५ र ५२०७ को सूती धागोको पैठारीमा ५ प्रतिशत भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

(१३) मसि वनाउने उद्योग र मसलन्द उद्योगले पैठारी गर्ने शीर्षक ७०१० को ०.३३ लिटरसम्मको वोतलमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(१४) दर्ता भएका उद्योगहरुले पैठारी गर्ने तोरी, रायो, सर्स्यूं, रेपसीडको गेडा र नरिवलको कोप्रा (शीर्षक १२०३) मा लाग्ने भन्सार महसूलमा ५ प्रतिशत मात्र लाग्ने गरी ५० प्रतिशत छुट हुनेछ ।

(१५) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरुले शीर्षक ३९१९, ३९२० र ३९२१ को पोलिष्टर फिल्म, वि. ओ. पी. पी. फिल्म, एक्स्ट्रुटेड पोलिफिल्म पैठारी गरेमा १५ प्रतिशत भन्सार महसूल लिई वांकि भन्सार महसूल छुट दिइनेछ ।

(१६) शीर्षक ८४७३ मा पर्ने कम्प्यूटर पार्टसमा २.५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(१७) उपशीर्षक २४०१.१०.००, २४०१.२०.०० र २४०१.३०.०० मा पर्ने सूर्ति र सूर्तिको अवशेषको पैठारीमा १५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ र उपशीर्षक ४८०२.३०.०० वाहेकको शीर्षक ४८०२ का अन्य उपशीर्षकमा पर्ने कागजमा २० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(१८) जुत्ता उत्पादन गर्ने उद्योगले शीर्षक ५९०१ अन्तर्गत पर्ने क्यानभास कपडा पैठारी गरेमा १० प्रतिशत मात्र भन्सार महसुल लाग्ने छ ।

(१९) दाना तथा पशुपंक्षी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४.००.०० अन्तर्गत पर्ने भटमासको पिना पैठारी गरेमा लाग्ने कृषि सुधार शुल्कमा ३३ प्रतिशत छुट हुनेछ ।

१५. **श्री ५ को सरकारको सम्बन्धित निकायबाट प्रमाणित गरी सुविधा दिनु पर्ने सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा १ प्रतिशत भन्सार महसूल लाग्ने गरी बांकी भन्सार महसूल छुट दिइनेछ :**

(१) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य बाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(२) वैकल्पिक उर्जाका श्रोत सम्बन्धी देहाय बमोजिमका सामानहरुः

(क) वैकल्पिक उर्जाको श्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपूर्जा,

(ख) सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण, तिनका पार्टपुर्जा र सोलार फोटोभोल्टिक ट्यूवलर व्याट्री तथा सौर्यशक्तिबाट संचालन हुने अन्य संयन्त्र, उपकरण र पार्टपुर्जा,

(ग) गोवर ग्यास लगायत वायोग्यासका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्यास भल्भ, गोवरग्यास वत्ती, ग्यास टेप (व्रास) गोवरग्यास चुल्हो र तिनका पार्टपूर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

(घ) गोवरबाट विद्युत उत्पादन गर्ने व्याट्री बनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो व्याट्री बनाउन आवश्यक कच्चा पदार्थहरु भनी उद्योग विभाग वा घरेलु उद्योग विभागबाट सिफारिस भई आएका कच्चा पदार्थहरु,

(३) ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपुर्जाहरु,

(४) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु र थर्मोकोल ।

(५) बालीनालीको लागि मात्र प्रयोग हुने भाग ३८ का कीटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानासक औषधी र त्यसको कच्चा पदार्थ ।

(६) स्वास्थ्य मन्त्रालयको सिफारिसमा सरकारी, सरकारी अनुदान प्राप्त र सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० का औषधीय एवं शल्यचिकित्सा सम्वन्धी यन्त्र उपकरण तथा औजारहरु ।

१६. <u>भन्सार महसूल १ प्रतिशत मात्र लाग्ने</u> : देहायका वस्तुहरुमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ :-

(१) भाग ३९ र ४८ मा पर्ने अण्डा राख्ने क्रेट ।

(२) पशुको चारा काट्ने मेशिन धान तथा गहुँ चुट्ने, निफन्ने थ्रेसर, पंखी, उपशीर्षक ८४३२.१०.००, ८४३२.२१.००, ८४३२.२९.००, ८४३२.३०.०० र ८४३२.४०.०० मा पर्ने कृषि तथा वागवानीमा प्रयोग हुने कल्टिभेटर, लेभलर, हलो, ह्यारो, वीउ तथा विरुवा रोप्ने (सिडर्स, प्लाण्टर्स, ट्रान्सप्लाण्टर्स), मल छर्ने (म्यान्योर स्प्रेडर्स र फर्टिलाइजर डिष्ट्रिव्यूटर्स) र उपशीर्षक ८४३३.५१.००, ८४३३.५३.०० र ८४३३.५९.०० मा पर्ने कृषि कार्यमा प्रयोग हुने हार्भेष्टिङ्ग सम्वन्धी यन्त्र तथा यन्त्रावलीहरु ।

(३) सिचाई कार्यमा प्रयोग हुने २ हर्ष पावर देखि ८ हर्ष पावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ सेट र सोको साथमा पैठारी हुने ३० मिटरसम्म होज पाइप ।

(४) तयारी पोशाक निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आयरन ।

(५) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर र शीर्षक ८४३६ को इन्कुवेटर, फिडिङ प्लाण्ट, (सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष किसिमका भाँडा) र कुखुरा पालन व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण यन्त्र । यस्ता यन्त्र उपकरणहरु सि.के.डी. वा एस. के. डी. रुपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा १ प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल वापतको बैंक ग्यारेण्टी लिने र उक्त

यन्त्रोपकरण जडान भईसकेपछि मेशिन ठहरिएमा उक्त बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(६) कफी परफुरेटर (शीर्षक ८५१६), वीऊ विजन स्क्रिनिङ सर्टिङ सम्बन्धी मेशिन (शीर्षकहरु ८४३७ र ८४७४), मौरी पालन व्यवसायको मेशिन (शीर्षक ८४३६), फलफूलको रस निकाल्ने मेशिन (शीर्षक ८४३५), फुल सफा गर्ने मेशिन, मह छान्ने र रस छान्ने मेशिन (शीर्षक ८४३३), सिंचाइमा प्रयोग हुने स्प्रिङ्कल र डिप इरिगेशन सम्बन्धी उपकरणहरु ।

(७) चिया उद्योगले पैठारी गर्ने मेशिनरी (शीर्षक ८४३८), उपकरण र पार्टपुर्जाहरु, स्प्रीङकल, डिप इरिगेशन र सो सम्वन्धी सहायक सामग्रीहरु ।

(८) दर्ता भएका मत्स्य फार्महरुले पैठारी गर्ने विभिन्न किसिमका तयारी जालहरु, जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरु, पम्पसेट, ह्याककिट, एरेटर, हांसको चल्ला कटाउने इन्कुवेटर, मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोन ।

(९) कृषि, वागवानी तथा पुष्प फार्महरुले पैठारी गर्ने ग्रिन हाउस, सिंचाई उपकरण र यस्तै अन्य यन्त्र उपकरण ।

(१०) मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने जेनरेटिङ पार्टस् ।

(११) उद्योगहरुले प्रदूषण नियन्त्रणका लागि पैठारी गर्ने संयन्त्र र उपकरण ।

(१२) भाग ५१ को पश्मीना धागो ।

(१३) कम्प्यूटरका प्रोग्राम सहितका कम्प्याक्ट डिष्कहरु ।

१७. <u>भन्सार महसूल पूर्ण छुट हुने</u> : देहायको शीर्षकका मालवस्तुहरु भारतबाट र जनवादी गणतन्त्र चिनको स्वशासित क्षेत्र तिव्वतबाट पैठारी हुंदा सो मा लाग्ने भन्सार महसूल पूर्ण रुपले छुट हुनेछ :

(१) भाग १ को जीवीतजन्तु सबै,

(२) भाग ३ को शीर्षक ०३०१ देखि ०३०४९० सम्मका मालवस्तुहरु,

(३) भाग ४ को शीर्षक ०४०१ का उत्पादनहरु शीर्षक ०४०७ का उत्पादनहरु शीर्षक ०४०९ को अप्रशोधित प्राकृतिक मह,

(४) शीर्षक ०५०६ का उत्पादनहरु,

(५) भाग ६ का सबै उत्पादनहरु,

(६) भाग ७ को उपशीर्षक ०७०३.२०.०० मा पर्ने सुकाएको लसुन, उपशीर्षकहरु ०७१३.१०, ०७१३.२०, ०७१३.३१, ०७१३.३२, ०७१४.१०.०० र ०७१४.९० वाहेकका सबै उत्पादनहरु,

(७) भाग ८ को उपशीर्षकहरु ०८०१.१९, ०८०३.००, ०८०४.२०, को ताजा अंजिर, उपशीर्षकहरु ०८०४.३०, ०८०४.४०, ०८०४.५०, शीर्षक ०८०५ को सबै उत्पादन, उपशीर्षक ०८०६.१० र शीर्षक ०८०७ देखि उपशीर्षक ०८१०.९० सम्मका उत्पादनहरु,

(८) भाग ९ को शीर्षक ०९१० को कांचो अदुवा, उपशीर्षक ०९१०.३० को कांचो वेसार,

(९) भाग १० का खाद्यान्नहरु सबै,

(१०) भाग ११ को शीर्षक ११०१ देखि उपशीर्षक ११०४.३० सम्मका उत्पादनहरु,

(११) भाग १२ को शीर्षक १२०१ देखि उपशीर्षक १२०२.२० सम्मका उत्पादन, शीर्षक १२०६, उपशीर्षक १२०७२० देखि १२०७४० सम्म, उपशीर्षकहरु १२०७.६० र १२०७.९९ सम्मका उत्पादन । शीर्षकहरु १२०८, १२०९, १२१० र १२११, उपशीर्षकहरु १२१२.१०, १२१२.३०, १२१२.९१ देखि १२१२.९९ सम्मका उत्पादनहरु, शीर्षक १२१३ र शीर्षक १२१४ सम्मका वस्तुहरु,

(१२) भाग १४ को उपशीर्षक १४०४.१० वाहेकका सबै उत्पादनहरु,

(१३) भाग १५ को उपशीर्षक १५२१.९० का उत्पादन,

(१४) भाग १७ को शीर्षक १७०१ को गुंड सख्खर,

(१५) भाग २३ का शीर्षकहरु २३०४, २३०५ र २३०६ का सबै उत्पादनहरु,

१८. <u>भारतबाट पैठारी भएमा भन्सार महसूल पूर्ण छुट हुने</u> :

देहायका वस्तुहरु भारतबाट पैठारी हुंदा भन्सार महसूल पूर्णरुपले छुट हुनेछ :-

(१) भाग २५ र २६ का निम्न उपशीर्षकहरुका अप्रशोधित खनिज उत्पादनहरुः २५०१००९०, २५०२००००, २५०४१०००, २५०४९०००, २५१०१०००, २५१११०००, २५११२०००, २५१३११००, २५१३१९००, २५१३२०००, २५१८१०००, २५१८२०००, २५१८३०००, २५१९९०००, २५२१००००, २५२४००००, २५२५१०००, २५२८१०००, २५२८९०००, २५३०.९.०००, २६०१११००, २६०११२००, २६०१२०००, २६०२००००, २६०३००००, २६०४००००, २६०५००००, २६०६००००, २६०७००००, २६०८००००, २६०९००००, २६१०००००, २६११००००, २६१२१०००, २६१२२०००, २६१३१०००, २६१३९०००, २६१४००००, २६१५१०००, २६१५९०००, २६१६१०००, २६१६९०००, २६१७१००० र २६१७९००० ।

(२) भाग २७ को शीर्षक २७०९ को कच्चा पेट्रोलियम तेल र विटुमिन खनिजबाट प्राप्त कच्चा तेल ।

१९. भाग ३१ को मलखादहरुको पैठारीमा भन्सार महसूल पूर्ण रुपमा छुट हुनेछ

२०. शीर्षक ०१०५ अन्तर्गत पर्ने माउ जाती (भाले पोथी) को चल्ला पैठारीमा भन्सार महसुल तथा कृषि सुधार शुल्क छुट हुनेछ ।

२१. भाग ३२ का सिन्दुर, भाग ३९ र ७० मा पर्ने चूरा, टीका र टिकुलीमा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२२. जूट उद्योगहरुले पैठारी गर्ने भाग ५३ को कच्चा जूटमा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२३. श्री ५ को सरकारले पैठारी गर्ने अप्रकाशित हुलाक टिकट, पोष्टकार्ड, हवाईपत्र, टिकट छापिएको खाम, राहदानी तथा प्रश्नपत्रहरु र अन्तःशुल्क टिकटमा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२४. श्री ५ को सरकारको सम्बन्धित निकायबाट प्रमाणीत गरी सुविधा दिनु पर्ने भनी सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने भंसार महसूलमा निम्नानुसार आंशिक छुट हुनेछ :

(१) स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि दफा १४ को (५) ले दिएको सुविधाको अलावा मेशिनरी पार्टपुर्जा तथा उपकरण छाप्ने टाईप ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट, फिल्म, शीर्षक ९००६ अन्तरगतका भर्टिकल क्यामरा, केमिकलहरु पैठारी गरेमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ । साथै, यस्ता उद्योगले पैठारी गर्ने मसीको पैठारीमा भने ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(२) ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक पहिलो पटक पैठारी गर्दा ५ (पांच) प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(३) ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक र स्लिपिङ्ग व्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । साथै, यस्ता एजेन्सीहरुले संचार मन्त्रालयको सिफारिसमा पैठारी गर्ने संचार उपकरणमा समेत लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

(४) जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग एजेन्सीले आफ्नो व्यवसाय संचालनको लागि टेलेक्स मेशिन १, टेलिफ्याक्स मेशिन १, फोटोकपी मेशिन १, रबर र मोटरको डुङ्गा १०/१० थान, हेलमेट १०० थान, लाइफ भेष्ट १०० थान, प्याडल १०० जोर र बाटर प्रुफ क्यामरा कण्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसूल ५ प्रतिशत मात्र लाग्नेछ ।

(५) नेपाल अधिराज्यमा खिचिंएको सिनेमा सम्बन्धी फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेशमा लगी पुनः पैठारी गर्दा प्रति मिटर रु.३।- मात्र भन्सार महसुल लाग्ने गरी बाँकी महसुल छुट हुनेछ र साउण्ड रेकर्ड गरी पैठारी भएकोमा प्रति मिटर रु.१।- मात्र महसुल लाग्ने गरी बाँकी

महसुल छूट हुनेछ । यसरी फिल्म धुन, प्रिण्ट गर्न, डेभलप गर्न वा साउण्ड रेकर्ड गर्न वा प्रदर्शन गर्न विदेशमा लैजांदा चलचित्र विकास वोर्डको सिफारिसमा लगतमा राखी लैजान दिइने छ । साथै नेपाल अधिराज्यमा चलचित्र खिच्नको लागि विदेशी नागरिकहरुले आफूसंग ल्याउने चलचित्र सम्वन्धी यन्त्र उपकरणहरु र सोसंग सम्वन्धित सामानहरु चलचित्र विकास वोर्डको सिफारिसमा पछि फिर्ता लैजाने शर्तमा लगतमा राखी आयात गर्न दिन सकिनेछ ।

(६) संचार मन्त्रालयको सिफारिसमा नेपाल अधिराज्यभित्रबाट नियमित प्रकाशित हुने पत्र-पत्रिकाको नाममा पैठारी हुने फ्याक्स मेशिन थान-१ मा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । एक पटक यस्तो सुविधा दिएपछि पांच वर्षसम्म उक्त सामानमा अर्को सुविधा दिइने छैन ।

(७) स्वास्थ्य मन्त्रालयको सिफारिसमा एम्बुलेन्स तथा शव-वाहनको पैठारीमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ ।

(८) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, राफ्टिङ्ग एजेन्सी र तारे तथा रिसोर्ट होटलले पर्यटन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोबस र मिनिबसमध्ये जम्मा दुई थानमा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

तर यसरी पैठारी हुने सवारी साधनहरु पैठारी भएको १० वर्षसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टी त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनुपर्नेछ । यस्ता सवारी साधन १० वर्ष नविती नामसारी गरेमा नियमानुसार पुरै भन्सार महसुल लाग्नेछ र १० वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन । एकपटक यस्तो सुविधा उपभोग गरिसकेको दश वर्ष व्यतित गरिसकेपछि मात्र पुनः यस्तो सुविधा प्रदान गरिनेछ ।

२५. बारुण यन्त्र (दमकल) एवं ढलको फोहोर पानी प्रशोधनको लागि पैठारी हुने ट्रिटमेण्ट प्लान्ट, मेशिनरी र संयन्त्रहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ ।

२६ फोहर मैला संकलन गरी पुनः उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने गार्वेज कम्पाक्टर, गार्वेज कन्टेनर तथा फोहर मैला प्रशोधन गरी पुनः उत्पादन गर्ने मेशिनरीहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ ।

२७. डेमरेज सम्वन्धी व्यवस्था :

(१) भन्सार कार्यालयले संचालन गरेको सरकारी गोदाममा राखिएका मालसामानहरुमा मात्र भन्सार नियमावलीमा तोकिएको म्यादभित्र नउठाएमा डेमरेज (विलम्व) शुल्क असुल गरिनेछ ।

(२) भन्सार नियमावली २०२६ को नियम १४ को उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि भन्सार कार्यालयको प्रमुखले भन्सार कार्यालयले संचालन गरेको सरकारी गोदाममा रहेको कुनै मालवस्तुमा लागेको डेमरेज (विलम्व शुल्क) मिन्हा दिनुपर्ने मनासिव माफिकको कारण भएमा अधिकतम १ लाख रुपैयांसम्म मात्र मिन्हा दिन सक्नेछ । सो भन्दा बढी डेमरेज मिन्हा दिनुपर्ने मनासिव माफिकको कारण भएमा भन्सार कार्यालयका प्रमुखले आफ्नो राय सहित भन्सार विभागको पूर्व स्वीकृत लिनु पर्नेछ । यसरी पेश भएकोमा भन्सार विभागले मिनाहा दिनुपर्ने मनासिव माफिक कारण भएमा डेमरेज मिनाहा दिने गरी स्वीकृति दिन सक्नेछ । डेमरेज (विलम्व शुल्क) को अधिकतम हद उक्त वस्तुको मोल भन्दा बढी हुने छैन ।

(३) भन्सार मूल्याङ्कन, मालवस्तुको वर्गीकरण एवं अन्य कुनै कारणले मालवस्तु जांचपास गर्न भन्सार कार्यालयलाई द्विविधा परी समयमा भन्सार जांचपास हुन नसकेको मालवस्तुको हकमा विलम्व शुल्क लाग्ने छैन । यसरी द्विविधा परेको कारण सम्वन्धित कार्यालयले तुरुन्त भन्सार विभागलाई दिनुपर्नेछ ।

२८. विविध :

(१) भन्सार कार्यालयहरुमा पैठारी तथा निकासीकर्ताले आर्थिक ऐन बमोजिम तिर्नु वुझाउनु पर्ने कर महसूलहरु भन्सार वर्गीकरण फरक परी वा गणितिय भूलबस वा अन्य कुनै कारणले छुट भएको पछि देखिन आएमा छुट भएको कर महसूल तुरुन्त असूल उपर गरिनेछ । यसरी छुट भएको

कर महसूल तुरुन्त नबुझाउने निकासी वा पैठारीकर्ताको कारोवार रोक्का गर्न सकिनेछ । निकासी पैठारीकर्ताले तिर्नु वुझाउनु पर्ने रकम भन्दा बढी महसूल असूल भएको प्रमाणीत भएमा त्यस्तो बढी रकम सम्वन्धित निकासी/पैठारीकर्तालाई फिर्ता गरिनेछ ।

(२) उद्योगले पैठारी गर्ने वाहेक अन्य व्यक्ति, संस्था वा व्यापारिक फर्महरुले पैठारी गर्ने धातु तथा प्लाष्टिकबाट बनेका पुराना सामान एवं पुराना यन्त्रोपकरण, पुरानो इन्जीन पैठारी गर्दा जनसंख्या तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृत लिनुपर्नेछ । आयोजनाको कामको लागि पैठारी हुने पुराना निर्माण सम्वन्धी यन्त्रोउपकरणहरु पैठारी गर्दा पनि सो बमोजिम पूर्व स्वीकृती लिनु पर्नेछ । राहत तथा उद्धार कार्यका लागि अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने वाहेक पुराना लत्ता कपडा पैठारी गर्न पाइनेछैन ।

(३) पैठारी भएका माल वा वस्तु भन्सार जाँचपास गरिसकेपछि त्यस्ता माल वा वस्तु लादिएका ट्रक, कन्टेनर (ढुवानी साधन) मा सम्भव भएसम्म सिलछाप लगाई प्रज्ञापनपत्रमा उल्लिखित गन्तव्य स्थलसम्म जान पाउँने गरी प्रमाणित गरिनेछ । सिलछाप लगाउँने प्रयोजनका लागि ढुवानी साधनमा सिलछाप लगाउँन सकिने गरी व्यवस्था गर्न पैठारीकर्तालाई भन्सार अधिकृतले आदेश दिन सक्नेछ । उपरोक्तानुसार सिलछाप गरिएका ढुवानी साधन र त्यसमा रहेका माल वा वस्तु भन्सार विन्दूदेखि गन्तव्य स्थलको बीचमा राजस्व अनुसन्धान विभाग बाहेक अन्य निकायले खोल्न, हेर्न र जाँच्न पाउने छैन ।

(४) नेपाल अधिराज्यभित्र पैठारी हुने माल वा वस्तुको प्रतितपत्र खोल्दाकै अवस्थामा माल वा वस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण, उत्पत्तिको मुलुक एवं यथासंभव सामानको प्रकृति अनुसार मोडेल नम्बर र कम्पनी समेत प्रतितपत्र मै खुलाउनु पर्नेछ । प्रतितपत्र वा पेश भएका विल विजकमा उपरोक्त बमोजिम उल्लेख भई नआएमा भन्सार अधिकृतले आवश्यक विवरण माग गर्न सक्नेछ । यसरी प्राप्त विवरणका आधारमा पनि किटानी (स्पेसिफिक) हुन नसकेमा सो माल वा वस्तुको भौतिक परीक्षण गरी

सोबाट प्राप्त किटानी विवरण भन्सार प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्नुपर्नेछ ।

(५) भन्सार ऐन, २०१९ र निकासी पैठारी (नियन्त्रण) ऐन,२०१३ बमोजिम भन्सार कार्यालयबाट जफत भई लिलाम गर्नुपर्ने मालवस्तुहरु, सवारी साधन यन्त्रोपकरण आदि लिलाम विक्री गर्दा अन्य कानूनहरुमा जुनसुकै कुराहरु उल्लेख भएको भएतापनि भन्सार ऐन नियममा उल्लेखित प्रावधान अनुसारनै लिलाम विक्री गरिनेछ ।

(६) भारतबाट डि. आर. पी. वा इनवण्डको माध्यमबाट पैठारी हुनेमा वाहेक सबै मालवस्तुहरुको पैठारी बैकिङ्ग प्रणाली अनुसार गर्नु पर्नेछ । यस अनुसूचीको दफा ३ र ५ मा जुनसुकै कुरा लेखिए तापनि बैकिङ्ग प्रणाली अनुसार पैठारी गर्नुपर्ने माल वस्तुहरु सो अनुसार पैठारी नगरेमा उक्त छुट प्रदान गरिने छैन ।

तर निकासी र रु.१६,०००।- सम्मको मालसामान पैठारी गर्दा बैकिङ्ग प्रणालीको अनिवार्यता हुनेछैन ।

